# अध्याय : एक

# शोध परिचय

## १.१ विषय परिचय

**रुद्र खरेल** प्रगतिवादी चेतनाबाट अनुप्राणित कुशल निबन्धकार हुन् । खरेलका निबन्धहरू सामाजिक र राजनीतिक परिदृश्यका विभिन्न पाटा र मानवीय कमजोरीतर्फ केन्द्रित छन् । निबन्ध र हास्यव्यङ्ग्यका माध्यमबाट नेतृत्वलाई कडा तीर प्रहार गर्ने खरेल व्यङ्ग्य निबन्धका क्षेत्रमा सशक्त देखिन्छन् ।

नेपालको सुदूर पूर्वी जिल्ला पाँचथरको च्याङ्थापुस्थित फलैंचा भन्ने गाउँमा वि.स. २००४ साल भदौ १८ गते पिता देवीचरण खरेल र माता भक्ति भनिने राममाया कडरियाका तीन छोरी र तीन छोरा गरी जम्मा ६ जना सन्तानमध्ये कान्छा सन्तानका रूपमा जन्मिएका रुद्र खरेलका निबन्धहरूमा समाजमा व्याप्त विकृति एवम् विसङ्गतिविरुद्ध कडा प्रहार गरेको पाइन्छ । उनले आफ्ना निबन्धहरूमा सामाजिक विकृति, विसङ्गति, बेथिति र अन्धविश्वास, राजनीतिक कुकर्म लगायतका विषयमा तीक्ष्ण व्यङ्ग्य गरेका छन् । समाजमा उभिएका भ्रमका पर्खालहरू भत्काउँदै उनी आफ्नै सांस्कृतिक चेतनाले युक्त आदर्श र सुसंस्कृत समाजको स्थापनामा उनका निबन्धमार्फत जोड दिन्छन् । उनले आफ्ना निबन्धमा समसामयिक अवस्थाप्रति तीव्र व्यङ्ग्य गर्दै समाज र मुलुकलाई उचित बाटोमा हिँड्नका लागि निर्देश गरेको देखिन्छ । **तपाईंको नाम के हो ?** (२०४८), **तोरीलाहुरे चोकमा एक छिन** (२०५२), **बिर्सिस्यो कि ?** (२०५७), **आषाढस्य प्रथम दिवसे** (२०५९), **तेस्रो आँखा** (२०६१), र **शब्दको भ्वाङ** (२०६४) जस्ता निबन्ध सङ्ग्रहका माध्यमबाट खरेल चोटिलो व्यङ्ग्य निबन्धकारका रूपमा स्थापित भएका छन् । व्यक्तिभन्दा प्रवृत्तिलाई व्यङ्ग्य गर्ने उनको शिष्ट निबन्ध शैली अनुपम रहेको छ । व्यङ्ग्य र आक्रोश व्यक्त गर्न कडा भाषाको आवश्यकता पर्दैन, शिष्ट र सरल शब्दहरूको प्रयोगबाट नै गर्न सकिन्छ भन्ने उदाहरण रुद्र खरेलले दिएका छन् । समाजमा व्याप्त विकृति, विसङ्गतिहरूलाई निबन्धमार्फत कडा व्यङ्ग्य गर्ने क्षमता रुद्र खरेलमा देखिन्छ । खरेलका निबन्धहरूमा प्रवृत्तिको चिरफार गर्दै जताततै बढिरहेको विकृतिलाई प्रहार गरिएको पाइन्छ ।

खरेलका निबन्धहरू आगोका फिल्काजस्ता खरा र प्रखर छन् । उनका निबन्धमा आत्मपरक, वस्तुपरक, वर्णनात्मक, आख्यानात्मक आदि सबै प्रकारका शैलीको प्रयोग गरिनुका साथै आलङ्कारिक भाषिक चमत्कार समेत रहेको छ । खरेलका निबन्धहरू रोचकका साथै घोचक छन् । आफ्ना निबन्ध सङ्ग्रहमा उनले राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा विद्यमान रहेका विकृति, विसङ्गति, विषमतालाई चोटिलो प्रहार गरेर सुधारका लागि सन्देश दिएका छन् । यसका साथै उनका विभिन्न पत्रपत्रिकामा प्रशस्त लेख रचना र समालोचनाहरू प्रकाशित भएका छन् । उनले विभिन्न पत्रपत्रिका, साहित्यिक कृति र पाठ्यपुस्तकहरूको सम्पादन समेत गरेका छन् । उनले **आन्दोलन कविता** (२०४७) को सम्पादन, **प्रतिनिधि नेपाली कथा** (सहसम्पादन) तथा **पञ्चामृत**, **वेदना**, **उत्साह** आदि पत्रिकाहरूको समेत सम्पादन गरेका छन् । यस्ता साहित्यकार रुद्र खरेलको २०६५ साल भदौ ८ गते बिहान निधन भएको थियो । उनको निधनले नेपाली साहित्यको फाँटमा अपूरणीय क्षति पुऱ्याएको छ । यस्ता साहित्यकारको मूल्याङ्कन गर्नु महत्त्वपूर्ण कार्य भएकाले रुद्र खरेलको साहित्यिक निबन्धात्मक कृति **तेस्रो आँखा**को विश्लेषण र मूल्याङ्कन गर्नु प्रस्तुत शोध प्रस्तावको प्रमुख विषय रहेको छ ।

## १.२ शोध समस्या

रुद्र खरेलको **'तेस्रो आँखा'** निबन्ध सङ्ग्रहलाई अध्ययनको विषय बनाइएको प्रस्तुत शोध पत्रका शोध समस्या निम्न लिखित रहेका छन् :

(क) रुद्र खरेलको साहित्यिक जीवनी र व्यक्तित्वका प्रमुख पाटाहरू के कस्ता छन् ?

(ख) **तेस्रो आँखा** निबन्ध सङ्ग्रह विधागत तत्त्वका दृष्टिले के कस्तो छ ?

(ग) **तेस्रो आँखा** निबन्ध सङ्ग्रहमा केकस्ता प्रवृत्तिहरू पाउन सकिन्छ ?

## १.३ शोधको उद्देश्य

यस अनुसन्धनात्मक कार्यका उद्देश्यहरू निम्न रहेका छन् :

(क) रुद्र खरेलका साहित्यिक जीवनी व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु,

(ख) रुद्र खरेलको **तेस्रो आँखा** निबन्ध सङ्ग्रहको विधातत्त्वका आधारमा अध्ययन गर्नु,

(ग) **तेस्रो आँखा** निबन्ध सङ्ग्रहमा केकस्ता प्रवृत्तिहरू पाउन सकिन्छ ?

## १.४ पूर्व कार्यको समीक्षा

रुद्र खरेल र उनका साहित्यिक कृतिहरू माथि विभिन्न प्रतिष्ठित लेखकहरूले कलम चलाएका छन् । खरेलका **तेस्रो आँखा** निबन्ध सङ्ग्रहका बारेमा यस शोध कार्य अगाडि नै विभिन्न विद्वानहरूले समीक्षा, समालोचना, टीकाटिप्पणी गरेको पाइन्छ तर यस कृतिमा नै केन्द्रित रहेर समष्टिगत अध्ययन भने भएको पाइँदैन । यस प्रस्तुत शोधमा ती पूर्व अध्ययनहरूलाई यथासम्भव खोजी गरी पूर्व कार्य समीक्षाका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) गोविन्द भट्टले **ड्रिमल्यान्ड नेपाल डटकम** अनलाइन पत्रिकामा १२ जुलाई, २०१२ मा 'मैले देखेका रुद्र खरेल' शीर्षकको लेखमा रुद्र खरेल नेपाली साहित्यको प्रगतिवादी क्षेत्रका एक उत्कृष्ट र लोकप्रिय निबन्धकार भएको टिप्पणी गरेका छन् । भिन्न विचारका समीक्षकहरूबाट समेत आधुनिक नेपाली साहित्यका एक सशक्त व्यङ्ग्यचेत भएका प्रमुख निबन्धकारका रूपमा खरेललाई उल्लेख गरेको भट्टको भनाइ रहेको छ । अत्यन्तै आकर्षक शैलीसहित सबै प्रकारका प्रदूषणहरूमाथि मर्मभेदी प्रहार गरेर समाजको आत्मिक रूपान्तरणमा योगदान गर्नु खरेलको उद्देश्य रहेको हुन्छ । भट्टका शब्दमा समसामयिक विसङ्गतिहरू नै खरेलका मुख्य विषय हुन् ।

(ख) निनु चापागाईंले **शब्द संयोजन** रुद्र खरेल विशेषाङ्क (कात्तिक २०६५) मा रुद्र खरेल साहित्यकार मात्र नभएर नेपाली समाजको परिवर्तनमा सक्रिय उपस्थिति जनाउने एक जना सङ्घर्षशील नागरिक पनि भएको उल्लेख गरेका छन् ।

(ग) समालोचक राजेन्द्र सुवेदीले आफ्नो समालोचनाग्रन्थ **स्रष्टा दृष्टि : द्रष्टा दृष्टि** (२०४९) मा समाजवादी चिन्तन पद्धतिमा विश्वास राख्ने र यथार्थवादी अभिव्यक्ति दिने खरेल नेपाली भाषामा पाठ्यपुस्तक तयार गर्ने, कविता र निबन्ध लेखनमा अनि पुस्तक सम्पादनमा समेत क्रियाशील व्यक्तित्व हुन् भनेर खरेलको व्यक्तित्वको बारेमा प्रकाश पार्दै नेपाली समाजमा दिनप्रतिदिन बढ्दै गरेका विकृति, विखण्डित हुँदै गएका मानवीय आदर्शलाई र जीवन र परिवेशका विसङ्गतिलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने र तिनमा रहेका विकृतिलाई चोटिलो पाराले प्रहार गर्ने खरेल नेपाली निबन्धका समसामयिक यथार्थवादी प्रतिभा देखिन पुगेको उल्लेख गरेका छन् ।

(घ) विष्णु प्रभातले **'हास्यहीन व्यङ्ग्यको सुन्दर कृति'** (कान्तिपुर, शनिबार, २६ असोज २०५९) शीर्षकको आफ्नो लेखमा रुद्र खरेल नेपाली व्यङ्ग्य निबन्धका क्षेत्रमा बिर्सनै नसकिने प्रतिभा भनेर उल्लेख गरेका छन् ।

(ङ) जगदीशचन्द्र भण्डारीले **'प्रगतिवादी नेपाली निबन्ध परम्परामा 'तोरीलाहुरे चोकमा एक छिन'** (वेदना, पूर्णाङ्क ५६, २०५३) शीर्षकको समालोचनामा रुद्र खरेलको लेखकीय व्यक्तित्वका साथै उनको राजनीतिक व्यक्तित्वलाई स्पष्ट पार्दै भनेका छन्- "साहित्यकार रुद्र खरेल नेपालको बाम आन्दोलन र जनसङ्घर्षमा प्रत्यक्ष सहभागी हुँदै आएका हुनाले युगीन जीवनको यथार्थलाई आफ्नो सिर्जना कर्मका माध्यमबाट प्रस्तुत गर्न र परिवर्तनकारी जीवनको चेतनास्तर प्रगाढ बनाउन र उकास्नमा उनका रचनाहरू महत्त्वपूर्ण देखिएका छन् ।

(च) रामचन्द्र फुँयालले **रुद्र खरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०६२) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा खरेलका नेपाली विषयक सम्पूर्ण कृतिहरूको सङ्क्षिप्त परिचय दिने क्रममा निबन्धहरुको पनि चर्चा गरेका छन् । उनले खरेलका निबन्धात्मक कृतिहरुको परिचयात्मक टिप्पणी गर्दै उनी एक हास्यव्यङ्ग्य निबन्धकार हुन् भनी उल्लेख गरेका छन् ।

## १.५ शोधको महत्त्व, औचित्य र उपयोगिता

रुद्र खरेलले हास्य व्यङ्ग्य निबन्ध रचना गरी नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । साहित्यकार खरेलको जीवनी, व्यक्तित्व र उनका कृतिहरूका बारेमा जानकारी राख्न चाहने सम्पूर्ण व्यक्तिहरूका लागि प्रस्तुत शोधपत्र निकै उपयोगी र महत्त्वपूर्ण हुनेमा कुनै सन्देह छैन । खरेलबारे जान्न चाहने जिज्ञासु, पाठक, साहित्य अनुरागी तथा अनुसन्धानकर्ताका लागि तथ्यगत जानकारी प्रदान गरेर खरेलप्रति कृतज्ञता प्रकट गर्नु यस शोधकार्यको औचित्य रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

निबन्धकार रुद्र खरेलका थुप्रै निबन्ध सङ्ग्रह, कविता, लेख प्रकाशित छन् । तर प्रस्तुत शोधकार्य रुद्र खरेलको **तेस्रो आँखा** निबन्ध सङ्ग्रहमा सङ्लित चौध वटा निबन्धहरूको कृतिपरक अध्ययनमा सीमित रहेको छ ।

## १.७ शोधविधि

यस शोधकार्यलाई व्यवस्थित र प्रभावकारी बनाई सम्पन्न गर्न निम्न लिखित सैद्धान्तिक ढाँचा र सामाग्री सङ्कलन गर्ने अध्ययन विधि अपनाएको छ ।

### (क) सामग्री सङ्कलन विधि

रुद्र खरेलको **तेस्रो आँखा** निबन्ध सङ्ग्रहको अध्ययन गर्नका लागि मुख्य रूपमा पुस्तकालीय पद्धतिबाट सामग्री सङ्कलन गरिएको छ । यसै गरी प्रस्तुत निबन्ध सङ्ग्रहसँग सम्बन्धी टीकाटिप्पणी, समालोचनात्मक लेख आदिबाट समेत सामग्री सङ्कलन गरिएको छ । त्यसरी नै अनुसन्धेय व्यक्तिको निधन भईसकेका कारण उनका आफन्त, नातेदारहरूसँग सोधपुछ गरी सामाग्री सङ्कलन गरिएको छ ।

### (ख) विश्लेषणात्मक विधि

रुद्र खरेलको **तेस्रो आँखा** निबन्ध सङ्ग्रहभित्र समेटिएका निबन्धहरूको विधागत तत्त्वका साथै प्रवृत्तिगत आधारमा अध्ययन र मूल्याङ्कन गरिएको छ । उनीसँग सम्बन्धित बिषयबारे अन्य स्रोत व्यक्तिहरूसँग आवश्यक सहयोग लिएर शोधकार्य सम्पन्न गरिएको छ ।

## १.८ शोधको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र सुव्यवस्थित रूपमा निम्न छ परिच्छेदहरूमा विभाजित गरि अध्ययन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : रुद्र खरेलको सङ्क्षिप्त परिचय

अध्याय तीन : निबन्धको सैद्धान्तिक परिचय तथा नेपाली निबन्धको विकास

अध्याय चार : **तेस्रो आँखा** निबन्ध सङ्ग्रहको विधातात्त्विक विश्लेषण

अध्याय पाँच : **तेस्रो आँखा** निबन्ध सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

अध्याय छ : उपसंहार

उपर्युक्त छैटौँ परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न उपशीर्षकहरूमा विभाजन गरेर प्रस्तुत शोधपत्र सम्पन्न गरिएको छ । शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थ सूची प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

# रुद्र खरेलको सङ्क्षिप्त परिचय

## २.१ रुद्र खरेलको जीवनी

### २.१.१ जन्म र स्थान

रुद्र खरेलको २००४ साल भदौ १८ गते नेपालको सुदूर पूर्वी जिल्ला पाँचथरको च्याङ्थापुस्थित फलैचामा भएको हो उनका पिताको नाम देवीचरण र माताको नाम भक्तिमाया हो । उनका तीन जना दाजुभाइमध्ये उनी सबैभन्दा कान्छा हुन् । साहित्य लेखनका क्षेत्रमा कतै रुद्रप्रसाद खरेल तथा आर.पी. खरेल लेखेको पाइए पनि उनी विशेषतः रुद्र खरेलका नामबाट परिचित थिए (फुँयाल, २०६२ : ७) ।

### २.१.२ बाल्यकाल

रुद्र खरेलको बाल्यकाल कारुणिक रहेको थियो । निम्नवर्गीय सीमित खेतीपाती भएका रुद्र खरेलका पिता देवीचरणका दाजुभाइ धेरै भएको हुँदा पैत्रृक सम्पत्ति अपर्याप्त भएकाले उनी समग्र परिवार लिएर दार्जिलिङ गए । दार्जिलिङमा उनको ज्योतिष पेसा थियो गुजाराका लागि उनले त्यहाँ ठूलो सङ्घर्ष गर्नुपर्‍यो (फुँयाल, २०६२ : ८) । दार्जिलिङमा समेत जीवन चलाउन निकै कठिन भएकाले त्यहाँको १/२ वर्षको बसाइपछि देवीचरण सपरिवार नेपाल फर्किएर इलामको तीनखोप्रे गाँउमा बसेका थिए । तीनखोप्रेमा केही समय बिताइसकेपछि त्यहाँबाट पनि बसाँइ सरी इलामको फिक्कल नजिक आइतबारे आएर बसे एवं घरबास र खानपुग्ने अलिकति जमिन जोडेका थिए । आइतवारे बसाइकै क्रममा २००८ सालमा रुद्र खरेल ४ वर्षको हुँदा उनका पिता देवीचरणको देहावसान भयो (फुँयाल, २०६२ : ९) । पिताको निधन हुँदा आफू सानो भएको हुनाले आफ्ना पिताको आनीबानी, क्रियाकलाप र शारीरिक बनावटको कुनै सम्झना नभएको उनको कथन छ । पिताको निधन हुँदा परिवार धान्ने दायित्व आमाको काँधमा आयो र पारिवारिक अवस्था समेत कमजोर भएकाले उनलाई परिवार धान्न निकै कठिन भयो । यसरी बाल्यकालमै पिता गुमाएका रुद्र खरेलले निकै दुःख सहनुपर्‍यो (फुँयाल, २०६२ : ९) ।

पिताको देहावसान पश्चात् परिवार धान्न माता भक्तिमायालाई निकै गाह्रो भयो । त्यो जटिल अवस्थालाई टार्न देवीचरणको मृत्यु पश्चात् छोराहरूसाथ असहाय महिला त्यस स्थानमा बस्न त्यति अनुकूल ठानिनन् र २०११ सालतिर जेठा भिनाजुसँगै सपरिवार झापा झरी खुट्टिडाँगी, ऐयाबारी, माहुरमाडी जस्ता ठाँउहरूमा बसोबास गरेका थिए । जेठा भिनाजुको मृत्युपछि कान्छा भिनाजुको संरक्षकत्वमा धुलाबारीबाट शनिश्चरेको कालीथान भन्ने ठाँउमा बसोबास गर्न थालेका थिए । अस्थिर रूपमा यायावर उक्त परिवारले शनिश्चरेको कालीथानमा आइपुगेपछि केही मात्रामा स्थायित्व कायम गऱ्यो । त्यहाँ उनीहरूले अरूको खेती कमाइ गरेर बसोबास गर्न थाले । रुद्रखरेलकी आमा अनेक प्रकारका रोगबाट पीडित थिइन् । रुद्र खरेल ११ वर्षको हुँदा २०१५ सालमा उनकी आमाको समेत देहावसान भयो जुन क्षण उनका लागि सबैभन्दा दुःखद क्षण बन्नपुग्यो (फुँयाल, २०६२ : ११) ।

यसप्रकार रुद्र खरेलको बाल्यकाल अत्यन्त दयनीय हुन पुगेको थियो । आमा-बाबुको सानै उमेरमा भएको देहावसान तथा अस्थिर बसोबासका कारण उनको बाल्यावस्था अत्यन्त जटिल बनेको देखिन्छ ।

### २.१.३ शिक्षादीक्षा

सानै उमेरमा पितृवियोग, निम्नवर्गीय पारिवारिक स्थिति र अस्थिर बसोबासका कारण रुद्र खरेलको समयमै शिक्षाका लागि आवश्यक व्यवस्था मिल्न सकेन । सात-आठ वर्षको हुँदा बर्फल्याङ् गाँउबाट उनको अक्षरारम्भ भएको थियो (फुँयाल, २०६२ : १२) । यहीँबाट खरेलले ठूलो वर्णमालाका नेपाली वर्णमालाका नेपाली वर्णहरू लेख्न पढ्न सिकेका कारण उनले देवीभागवत, रामायण जस्ता पुस्तकहरू पढ्न थालेको जानकारी पाइन्छ । नेपाली ठूलो वर्णमाला सिकेको केही वर्षपछि १२ वर्षको उमेरतिर धुलाबारी बजारको प्राथमिक स्कुलमा एक कक्षामा भर्ना भए तर भर्ना भएको केही समय पश्चात् यहाँ उनले मातृवियोग सहनुपऱ्यो र उनको शिक्षा ग्रहण गर्ने कार्यमा अर्को बाधा आइपऱ्यो । मातृवियोगले गर्दा अध्ययन रोकिएका खरेलले पुनः वि.स. २०१७ सालतिर एकैचोटि ४ कक्षामा भर्ना हुने अवसर प्राप्त गरेका थिए । विद्यालय अवस्थादेखि नै अत्यन्त लगनशील र परिश्रमका कारण विद्यालयमा हुने अनेक प्रकारका साहित्यिक गतिविधिमा समावेश हुँदै गएको कुरा उनको जीवनी पक्षको अध्ययनले देखाएको छ ।

खरेलले विद्यालयीय जीवनदेखि नै पाठ्यक्रम र पाठ्यक्रम बाहिरका प्रशस्त पुस्तकहरू अध्ययन गर्ने गरेका थिए (फुयाँल, २०६२ : १२) । विभिन्न कारुणिक र पीडामय अवस्थाहरूसँग सङ्घर्ष गर्दै भए पनि उनले २०२४ सालमा शनिश्चरे हाइस्कुलबाट एस.एल. सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । विद्यालयीय जीवनपछि विभिन्न प्रभाव र प्रेरणाले विस्तारै साहित्य तथा राजनीतिक क्षेत्रमा लागेका रुद्र खरेलले मेची क्याम्पसबाट २०२६ सालमा आई. ए. पास गरेका थिए । प्रमाणपत्र तह अध्ययन गर्ने समयमा खरेल समाचार सुन्ने र पत्रपत्रिका पढ्ने गर्दथे एवं वामपन्थी विचारको गहिरो अध्ययन समेत उनले यही समयमा गरे । तत्पश्चात् मेची क्याम्पसबाटै उनले बी.ए.उत्तीर्ण गरे । क्याम्पसमा अध्ययनका सिलसिलामा उनले आफूलाई सङ्गठन निर्माणमा समेत सक्रिय तुल्याएका थिए । जुन कार्य तत्कालीन पञ्चायती व्यवस्थाका शासकहरूका निम्ति चित्तबुझ्दो कार्य थिएन । फलस्वरूप उनले जेलजीवन समेत बिताउनु परेको थियो । यस प्रकारको परिस्थितिको सामना गर्न पुगेका खरेलले आफ्नो अध्ययनको पाटोलाई सहजताका साथ अगाडि बढाउन बाधा बेहोर्नु परेको देखिन्छ । २०३४ सालतिर उनले काठमाडौँको नख्खु जेलमा बन्दी हुनुपरेको बेला नेपाली विषयमा एम्. ए. पास गरेका थिए । एम्. ए. सम्मको औपचारिक शिक्षा प्राप्त गरेका रुद्र खरेलले साहित्यका विभिन्न विधाका तथा अन्य साहित्येतर ग्रन्थहरूको गहन अध्ययन निरन्तर रूपमा जीवनपर्यन्त गरेका थिए (फुयाँल, २०६२ : १४) ।

### २.१.४ विवाह र सन्तान

२००५ साल माघ २९ गते गजप्रसाद थपलिया र माता दीपकुमारी थपलियाकी जेठी सुपुत्रीका रूपमा जन्मिएकी नीरा खरेलका साथ रुद्र खरेलको विवाह २०२९ सालमा भएको थियो । बाल्यकालदेखि नै चलाख नीरा थपलियाले शारदा बालिका मा.वि. भद्रपुरबाट २०२५ सालमा एस. एल.सी पास गरेकी थिएन् । २०२६ सालमा मेची क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा भर्ना समेत भइन् (फुँयाल, २०६२ : १५) । राजनीतिक गतिविधिबाट समेत चिनिएकी उनी २०२७ मा सम्पन्न स्व.वि.यु.निर्वाचनमा मेची क्याम्पसबाट विजय हासिल गरेकी थिइन् । एस.एल.सी.पास गर्नुभन्दा अघिदेखि नै शिक्षण कार्यमा समेत संलग्न उनको कर्मठशील र लगनशील व्यवहारदेखि आकर्षित भएका रुद्र खरेलले उनलाई जीवन साथीका रूपमा रोजे र

नीरा थपलियाले पनि रुद्र खरेललाई पतिका रूपमा स्विकार्न पुगिन् । यिनै दुई जोडीबीच २०२९ साल असार ८ गते दुवै परिवारको पहलमा मागी विवाह सम्पन्न भयो (फुँयाल, २०६२ : १५) ।

विवाह भएको एक वर्षको समयावधि पूरा हुन नपाउँदै रुद्र खरेलले जेलजीवन भोग्नुपऱ्यो । जसकारण छोटो समयमा नै केही समय पत्नीसँग विछोडिन पुगे । २०३१ देखि २०४२ सालसम्मको अवधिमा उनका चार छोराहरू जन्मिए पनि तीमध्ये कसैको जन्मँदै र कसैको केही वर्ष बाँचेर नाबालकमै मृत्यु भएकाले उनलाई जीवनमा पुत्रशोकले अत्यन्त शोकाकुल बनायो । उनका दुई छोरी मात्र छन् । तीमध्ये जेठी छोरी नूतन खरेलको २०३६ सालमा जन्म भएको हो भने उनले २०६३ सालमा त्रि.वि. बाट स्नातकोत्तर तह पूरा गरेकी छिन् भने कान्छी छोरीको नाम दीक्षा खरेल हो र उनको जन्म २०३८ सालमा भएको थियो । परिवारसँग बिछोडिएर जेलजीवनभित्रका समस्या र पीडामा पिल्सिएकै बेलादेखि नै पुत्रवियोगले आहत भएका रुद्र खरेलले पछिसम्म मर्माहत भइरहनु परेको थियो ।

## २.१.५ आर्थिक अवस्था

रुद्र खरेलको जन्म निम्नवर्गीय परिवारमा भएको थियो । सानै उमेरमा बाबु आमासँगै मुलुकभित्रै तथा प्रवासमा समेत विविध क्षेत्र चाहर्न पुगेका खरेलले अस्थायी बसोबासका कारण तथा प्रतिकूल आर्थिक अवस्थाका कारण समयमै राम्रो अध्ययनको अवसर पाएका थिएनन् । पिताका मृत्युपछि आमा र अन्य दाजुहरूसँगै जीवन धान्नका लागि पहाडबाट मधेस झरेका थिए । झापाका विभिन्न ठाँउमा बसाइका सन्दर्भमा आफन्तहरूका खेती, ठेक्का तथा विविध सर्तमा कमाइ गरेर जीवन निर्वाह गरेका थिए । आर्थिक अभावका कारण उनले विद्यार्थी जीवन निकै कष्टपूर्णताका साथ धान्नुपरेको देखिन्छ । प्रविणता प्रमाणपत्र तह स्नातक तह अध्ययनको अवधिमा जनता मा. वि. गौरादह झापामा २०२८ सालदेखि २०३० सालसम्म जम्मा दुई वर्ष अध्यापन गरेर पढाइ खर्च चलाएका थिए । २०२५ सालदेखि झापाबाट प्रकाशित भएको **पञ्चामृत** पत्रिकाको सम्पादक भएर त्यस पत्रिकाको वितरणमा समेत आफैं संलग्न भएर केही आर्थिक सङ्कलन गरेका थिए । जेलमुक्त भएपछि २०३४ साल श्रावण १२ गतेदेखि नेपाल ल क्याम्पसमा प्राध्यापन गरे । उनले नेपाल ल क्याम्पसमा २०६२ साल वैशाखसम्म उपप्राध्यापकका रूपमा शिक्षण गरे साथै काठमाडौं स्कुल अफ ल मा आंशिक शिक्षकका रूपमा

समेत शिक्षण गरे । शिक्षण पेसाबाट उनले आफ्नो आर्थिक अवस्थालाई केही बलियो बनाएका थिए । यस अतिरिक्त विभिन्न साहित्यकार, संघसंस्था आदिको सम्पादनबाट पनि उनले आर्थिक सङ्कलन गरेको देखिन्छ साथै उनकी श्रीमती समेत शिक्षण पेसामा संलग्न रहेका कारण पारिवारिक आयस्रोतमा अझ सहयोग पुगेको पाइन्छ भने पैत्रिक सम्पत्तिको सानो हिस्सा समेत नलिएका उनको कोटेश्वरमा दुइतले घर रहेको छ (फुँयाल, २०६२ : १९) ।

## २.१.६ कार्यक्षेत्र

### २.१.६.१ शिक्षण कार्य

रुद्र खरेलको जीवनी पक्षको अध्ययन गर्दा उनको प्रमुख कार्यक्षेत्र शिक्षण पेसा नै देखापर्दछ । शिक्षण कार्य उनले स्नातक तहको अध्ययनको समयदेखि नै गरेको पाइन्छ । खरेलको शिक्षण कार्यको आरम्भ २०२८ सालमा झापाको गौरादहस्थित जनता मा.वि.बाट भएको हो भने २०२९ सालदेखि नयाँ शिक्षा लागू भएपछि २०३० सालमा उनलाई त्यहाँबाट निष्काशन गरियो र तत्पश्चात् पञ्चायती शासकको पञ्जामा परी चार वर्ष जेलजीवन समेत बिताएका थिए । २०३५ साल श्रावण १२ गते देखि २०६२ सालसम्म नेपाल ल क्याम्पस र २०६२ जेठदेखि पाटन बहुमुखी क्याम्पसमा प्राध्यापन गरेका थिए । त्यस्तै काठमाडौँ स्कुल अफ ल क्याम्पसमा पनि यसको स्थापना कालदेखि आंशिक शिक्षकका रूपमा अध्यापन गराएका थिए र आफ्नो अटुट शिक्षण सेवाको प्रतिफलका कारण उनी सुपरिचित भएका थिए ।

### २.१.६.२ सम्पादन र प्रकाशन कार्य

रुद्र खरेलले विद्यार्थी कालदेखि नै साहित्यिक वातावरणमा घुलमिल हुने अवसर प्राप्त गरेका थिए । ती साहित्यिक वातावरणहरू विभिन्न सिर्जना कार्यमा खरेलले आफूलाई संलग्न गराएका थिए । उनले विभिन्न साहित्यकारका कृति, सङ्घसंस्थाका पुस्तक, पत्रपत्रिका आदिको सम्पादन तथा प्रकाशन गरेका थिए । उनले 'मुना साहित्य सेवा समिति' शनिश्चरे , झापाबाट प्रकाशित **समसामयिक सङ्कलन**को सम्पादन गरेका थिए । २०२५ सालदेखि झापाको भद्रपुरबाट प्रकाशित हुन थालेको **प्रगतिशील विचार पक्षीय** साहित्यिक मासिक पत्रिका **पञ्चामृत** प्रत्रिकाको सम्पादक रहेका थिए भने पञ्चामृत पत्रिकाको प्रकाशन र वितरणमा समेत उनको उल्लेखनीय भूमिका रहेको थियो । त्यसैगरी काठमडौँबाट प्रकाशित हुने **उत्साह** ,**वेदना**

पत्रिकाको समेत सम्पादन गरेका थिए भने त्रि.वि. कानुन अध्ययन संस्थानबाट प्रकाशित **कानुन परिचर्चा**का सम्पादक तथा 'नेपाल बार एसोसिएसन' बाट प्रकाशित हुने **न्यायदूत**का उनी प्रबन्ध सम्पादक भएका थिए । त्यसैगरी **प्रतिनिधि नेपाली कथाहरू** (२०४६), **चालिसको दशकका केही कविताहरूको** सह सम्पादन गरेका थिए र प्रकाशन कार्यका क्षेत्रमा खरेलले लेखक पूर्णविरामको **झ्यालसँगको झ्यालिन्चा** कथा सङ्ग्रहको प्रकाशनसमेत गरेका थिए । यसप्रकार रुद्र खरेलले सम्पादन र प्रकाशनका कार्यमा उल्लेखनीय योगदान दिएका थिए ।

### २.१.६.३ सामाजिक कार्य

रुद्र खरेलले **पञ्चामृत** पत्रिकाको २०२५ देखि सम्पादन प्रकाशन गर्ने कार्यको आरम्भ गरी यस पत्रिकामार्फत समाजलाई सचेत बनाउन र प्रगतिशील विचारलाई आत्मसात् गर्न ठूलो योगदान रहेको छ । आफूलाई सामाजिकीकरण गर्ने साधन खरेलले साहित्य साधनालाई बनाएका थिए । साहित्य सेवा समिति साहित्यिक उत्थानका लागि गठित समिति थियो भने रुद्र खरेलले यस समितिको सचिव भई कार्य गरेका थिए । प्रगतिशील स्रष्टाहरूको सङ्गठन तथा प्रगतिशील साहित्य रचनाका क्षेत्रमा ठूलो भूमिका निर्वाह गरेका प्रगतिशील लेखक सङ्गठनको पहिलो अधिवेशन भएपश्चात् २०४४ देखि यस संस्थामा क्रियाशील रहेका रुद्र खरेल प्रलेसका उपाध्यक्ष्यसमेत बन्न पुगेका थिए । 'कृष्णमणि साहित्य पुरस्कार व्यवस्थापन समिति' को सचिव भएर उनले कार्य गरेका थिए । त्यसैगरी साहित्य सेवामा समर्पितहरूको मूल्याङ्कनमा दत्तचित्त रहेका खरेल युद्धप्रसाद मिश्र प्रतिष्ठानका सदस्य समेत रहेका थिए । 'इन्देणी सांस्कृतिक समाज'का उपाध्यक्ष्य भएर कार्य गरेका उनले समाजको उत्थानका लागि शैक्षिक क्षेत्रको विकासमा उल्लेखनीय योगदान दिएको देखिन्छ । कोटेश्वर बहुमुखी क्याम्पसको संस्थापक शिक्षक समेत रहेका उनले प्रगतिशील प्राध्यापक सङ्ठनको सचिवालय सदस्य रहेर कार्य गरेका थिए (चापागाईं, २०६५ : ३५) । सामाजिक उत्थान, उन्नति र विकासमा समर्पित संस्थाहरूमा संलग्न रही खरेलले क्रियाशील भएर सामाजिक कार्यमा आफ्नो सफल भूमिका निर्वाह गर्नुका साथै महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

### २.१.६.४ राजनैतिक क्षेत्रमा संलग्नता र जेलजीवन

रुद्र खरेलको जन्म एक निम्नवर्गीय परिवारमा भएको थियो । सानै उमेरदेखि सङ्घर्ष गरेर जीवन सञ्चालन गर्न पुगेका खरेललाई अर्काको पीडा र दर्दको बोध हुन पुगेको थियो । निम्नवर्गीय गरिब जनसमुदायमाथि सामन्तीहरूले गरेका अन्याय, अत्याचार र भेदभावपूर्ण

व्यावहार देखेर उनी निकै दुःखी भएको पाइन्छ भने त्यस्ता घटनाको विरोध समेत गर्थे । बामपन्थी विचारधाराबाट प्रभावित खरेलले औपचारिक रूपमा २०२५ सालदेखि राजनैतिक क्षेत्रमा प्रवेश गरेको देखिन्छ । द्रोणाचार्य क्षेत्री, राधाकृष्ण मैनाली, विश्वराज रेग्मी, गोपीकृष्ण पर्साईं समेत रहेको ने.क.पा. पूर्वकोशीको स्थानीय एकाइ (झापा)को रुद्र खरेल पनि सदस्य बनेका थिए । २०२५ सालदेखि झापाबाट प्रकाशित हुन थालेको प्रगतिशील विचारपक्षीय साहित्यिक मासिक पत्रिका **पञ्चामृत** का सम्पादक रहेका खरेल निरङ्कुश पञ्चायतको निर्देशनमा झापाको प्रेसले उक्त पत्रिका छाप्न नमानेकाले सो पत्रिका प्रकाशनको प्रयोजनका लागि उनी बनारस गए भने त्यहाँ उनको पुष्पलाल श्रेष्ठसँग भेट भयो र पुष्पलालसँगको भेटघाटमा उनले बामपन्थी वैचारिक चिन्तनको छलफल गर्ने अवसर प्राप्त गरे । जसबाट नेपाली कम्युनिष्टहरूका बारेमा निकै जानकारी प्राप्त भयो एवं उनी नेपाल फर्किएपछि राजनीतिमा अझ बढी सक्रिय रहन थालेका थिए । **पञ्चामृत** पत्रिकाले बामपन्थी विचारधारालाई ग्राह्यता दिन्थ्यो र देशका महत्त्वपूर्ण समस्याहरूको उठान गर्दै तिनको निराकरणको उपाय समेत यस पत्रिकाले दिने भएकाले लोकप्रिय बन्न पुगेको थियो । तत्कालीन समयमा कतिपय युवाहरू सैद्धान्तिक ज्ञान र परिपक्व निर्देशको अभावमा २०२७ सालपछि नक्सालवादी अराजक चिन्तनबाट प्रेरित भई एउटा समूहले विद्रोह गरेपछि मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, सी.पी. मैनाली, खड्ग ओली, रामनाथ दाहाल, नेत्र घिमिरे आदि पार्टीबाट फुटेर गए । तत्पश्चात् रुद्र खरेलले संस्थापन पक्ष ने.क.पा. पूर्व कोशीको क्षेत्रीय समितिको संयोजक बनेर साङ्गठनिक तथा वैचारिक नेतृत्व संहालेको पाइन्छ ।

पञ्चायती निरङ्कुशताको रापले तत्कालीन समयमा निकै पोलेको थियो । त्यसका विरोधमा उनले लड्ने क्रममा जेलजीवन समेत भोग्नुपरेको थियो । २०२७ सालमा विद्यार्थी आन्दोलनमा परी सी.पी.मैनाली लगायतका विद्यार्थीहरूसँग रुद्र खरेलले समेत गिरफ्तार भई झापामा डेढ महिनाजति काराबास सजाय भोग्नुपऱ्यो । डेढ महिनाजति काराबास सजाय भोगेर मुक्त हुँदा उनी अझ क्रान्तिकारी भएर देखापरेका थिए । तत्पश्चात् साङ्गठनिक निर्माणमा संलग्न भएका थिए । उनी सहित युवा कम्युनिष्टहरूको संलग्नतामा झापा आन्दोलन सुरु भयो । झापा जिल्ला विद्रोहको केन्द्र थियो । व्यक्ति हत्या ठीक कि बेठीक भन्ने कुरामा युवा कार्यकर्ताबीच अरु ध्रुवीकरण बढेको थियो । यस्तो अन्तर्विरोधको क्रम झापामा कम्युनिष्ट

कार्यकर्ता भनेर चिनिएका द्रोणचार्य क्षेत्री, लीला उदासी, रुद्र खरेल आदि व्यक्तिहरू व्यक्ति हत्याको पहिचान बोकेको झापा विद्रोहको विपक्षमा देखिएका थिए । फलस्वरूप उनीहरू प्रशासन र पार्टी भित्रैको विद्रोही शक्तिको दोहोरो निसाना बन्न पुगे । यही क्रममा खरेलले आफ्नो बसाइ विराटनगरमा सारे तर विराटनगर बसे पनि उनी प्रशासनको निगरानीमा रहेका कारण उनी झापाको गौरादहमा गएको बेला पक्राउ परी झापा जेलमा राखियो र झापाको विद्रोहको विपक्षमा रहे पनि उनलाई झापा विद्रोहको कट्टर हिमायतीका रूपमा तत्कालीन प्रशासनले हेर्ने गरेको थियो । २०३० साल चैत्रमा उनलाई भद्रपुर विमानस्थलबाट हवाइजहाजमा राखी कठमाडौंको सेन्ट्रल जेलमा लगेर कसैसँग बोल्न नदिई राखियो र एकरात सेन्ट्रल राखी भोलिपल्ट नख्खु जेलमा लगियो । जेलभित्र उनलाई 'क' श्रेणीको सिदा दिई शान्ति सुरक्षा ऐन अन्तर्गत राजनीतिक बन्दीका रूपमा राखियो । जेलभित्र रुद्र खरेलको भेट निर्मल लामा, आनन्ददेव भट्ट, कृष्णप्रसाद भट्टराई, भीमबहादुर लामा, रामजी जोशी, बोध विक्रम, पुरुषोत्तम बस्नेत आदि व्यक्तिहरूसँग भेट भयो एवं उनले जेलभित्र दर्शन, साहित्य तथा चिन्तनको गहन अध्ययन गरेका थिए । यसै सन्दर्भमा उनलाई २०३४ मा नेपालका धेरैजसो राजबन्दीलाई छोड्दा रुद्र खरेललाई पनि जेलमुक्त गरिएको थियो । रुद्र खरेल साहित्यकार मात्र थिएनन् । उनी नेपाली समाजको परिवर्तनमा सक्रिय उपस्थिति जनाउने एकजना सङ्घर्षशील नागरिक पनि थिए । पञ्चायत विरोधी अन्य क्रियाकलापमा जस्तै २०४६ सालको जनआन्दोलनमा पनि उनी सक्रिय थिए । २०४६ को गिरफ्तारीमा पनि उनी नेतृत्वदायी पङ्क्तिसितै थिए । कालो विधेयकको विरोधमा मात्र होइन प्रतिगमन विरोधी आन्दोलनमा पनि उनी सक्रिय थिए । २०४६ पछि उनी तत्कालीन जनमोर्चाको निकट देखिदै अप्रत्यक्ष रूपमा पार्टी नजिक थिए र २०६२/६३ को लोकतान्त्रिक गणतन्त्रात्मक आन्दोलनमा सक्रिय भएर एक महिना जेल परेका खरेल पेसाले प्राध्यापक भए पनि राजनैतिक साङ्गठनिक कार्यमा त्यत्तिकै समर्पित थिए । तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश राजतन्त्रलाई फ्याँकेर देशमा लोकतन्त्रिक गणतन्त्र ल्याउने यस २०६२/६३ को सशक्त आन्दोलनमा रुद्र खरेलको उल्लेखनीय भूमिका रहेको पाइन्छ । यसप्रकार बामपन्थी विचारधाराबाट प्रभावित उनी लोकतान्त्रिक आनदोलनप्रति प्रतिबद्धता राख्ने स्रष्टा हुन् । उनी जीवनको अन्तिम प्रहरमा ने.क.पा.एकीकृत केन्द्र मसाल र ने.क.पा. माले विभाजित भई बनेको ने.क.पा. (एकीकृत) का सदस्य थिए ।

### २.१.६.५ साहित्य लेखन र प्रकाशित साहित्यिक कृति

कविता, नाटक, कथा, उपन्यास , निबन्ध आदि विशिष्ट सिर्जना नै साहित्य हो । साहित्य सिर्जना गने सन्दर्भमा पूर्वीय साहित्यशास्त्रीहरूले प्रतिभा, व्युत्पत्ति र अभ्यासको खाँचो पर्दछ भनेका छन् । रुद्र खरेलको साहित्य विकासका सन्दर्भमा यी तीनै पक्षले प्रेरणा प्रदान गरेको पाइन्छ । अर्थात् रुद्र खरेलको साहित्यिक व्यक्तित्वको निर्माणमा पनि उनको अध्ययन, जीवनका अनुभव, अनैकौं प्रभाव र प्रेरणाहरूले प्रमुख स्थान पाएका छन् । विद्यालय जीवनदेखि नै साहित्यिक वातावरणमा हुर्किएका उनलाई गुरुहरूले दिएको प्रेरणा, विभिन्न साहित्यिक गोष्ठीहरूबाट प्राप्त पुरस्कारहरूले साहित्य लेखन फस्टाउँदै गएको पाइन्छ । विशेषतः क्याम्पसमा अध्ययनका सन्दर्भमा पत्रिका प्रकाशनमा आबद्ध रही कार्य गरेका खरेलको लेखन कार्य फस्टाउँदै गएको पाइन्छ । रुद्र खरेल जब जेलजीवन भोग्न बाध्य भए तब उनको त्यस समयमा नेपालका विभिन्न साहित्यकार, चिन्तकहरूसँग सम्पर्क हुनपुग्यो । उनीहरूसँग निरन्तर छलफल र अन्तक्रियाका कारण उनीभित्र रहेको सिर्जनशील क्षमताले अझ फस्टाउने मौका प्राप्त गर्दै निरन्तर साहित्य साधनामा लागेको देखिन्छ । यस सन्दर्भमा उनले निम्नवर्गका मानिसहरूले आफ्नो अधिकार निर्वाध रूपमा प्रयोग गर्न पाउनुपर्छ र माथिल्ला वर्गका मानिसको व्यवहारमै सुधार आउनुपर्छ भन्नेजस्ता सन्देश आफ्ना कृतिमार्फत प्रतिध्वनित गरेका छन् । उनी कविता रचनामा आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी साहित्यकारका रूपमा परिचित छन् ।

रुद्र खरेलले कक्षा आठमा अध्ययन गर्दा कविता रचना र सुनाउने कार्यमा आफूलाई संलग्न गराएका थिए (फुँयाल, २०६२ : २६) । विद्यालयका कविता गोष्ठीहरूमा उनले निकै पटक प्रथम पुरस्कार पनि जितेका थिए भने उनको प्रथम पटक कक्षा आठमा हुँदा प्रथम पटक **आह्वान** शीर्षकको कविता **उषा** पत्रिकामा प्रकाशित भएको थियो र २०२२/२३ सालतिर सिक्किमको **कञ्चनजङ्घा** पत्रिकामा पनि भानुभक्तका बारेमा उनको एउटा कविता प्रकाशित भएको थियो । यसैगरी अञ्चल स्तरीय कवि गोष्ठी र अन्य थुप्रै कार्यक्रम तथा वामपन्थी विचार धारामा आधारित **पञ्चामृत** पत्रिका प्रकाशन गर्न थालेपछि उनको लेखन कार्यले अझ गति प्राप्त गरेको देखिन्छ । २०२५ मा **नमस्ते** शीर्षकको व्यङ्ग्यात्मक निबन्ध प्रकाशन भएपछि उनले

निबन्धलेखन कार्यलाई समेत अघि बढाए । त्यसैगरी खरेलले **पञ्चामृत**, **झटारो**, **आँधी**, **सङ्गम** आदि पत्रिकाहरूमा आफ्ना कविताहरू प्रकाशन गरेको देखिन्छ ।

यसप्रकार साहित्य लेखनका सन्दर्भमा रुद्र खरेलले कविता लेखनबाट आफूलाई अघि सार्दै आफ्नो सिर्जनात्मक क्षमता परिपक्व बनाएर क्रमशः निबन्धतर्फ समर्पित तुल्याएको पाइन्छ । २०४० को दशकमा कविता सिर्जनामा उनले विशेष सक्रियता देखाए पनि नेपाली निबन्ध परम्पराका आधुनिक कालीन पछिल्लो चरणका उत्कृष्ट स्रष्टाका रूपमा उनी परिचित देखिन्छन् ।

## (क) प्रथम प्रकाशित कृति

साहित्यकार रुद्र खरेलको कृतिका रूपमा प्रथम प्रकाशित कृति **छोरीलाई** कविता सङ्ग्रह हो । प्रस्तुत कविता सङ्ग्रह २०४७ सालमा प्रकाशित भएको हो । यो नै एकमात्र उनको कविता सङ्ग्रह हो र यसपछि लेखनका दृष्टिले निबन्ध साधनामा उनको निरन्तरता र सफलता देखिन्छ । कविता सङ्ग्रह प्रकाशित गरेर उनले २०४६ सालको जन-आन्दोलनताका द्वन्द्वशील यथार्थलाई प्रस्तुत गरेका छन् । निबन्धकारका रूपमा चिनाउने उनको प्रथम निबन्धसङ्ग्रह २०४९ सालमा प्रकाशित **तपाईंको नाम के हो** ? हो । यस निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्धहरूले विशेषतः नेपाली समाजका क्षेत्रमा व्याप्त विसङ्गतिहरूप्रति तिखो व्यङ्ग्य कसेका छन् ।

## (ख) पुस्ताकाकारका रूपमा प्रकाशित कृतिहरू

कविता विधाबाट आफ्नो लेखनयात्रा आरम्भ गरेका भए पनि विशेष रूपले निबन्ध विधामा सफलता हासिल प्राप्त गरेका साहित्यकार रुद्र खरेलका पुस्ताकाकारका रूपमा निम्नलिखित कृतिहरू प्रकाशित भएका देखिन्छन् :

१. **छोरीलाई** (२०४७, कविताङ्ग्रह)

२. **तपाईंको नाम के हो** (२०४९),

३. **तोरी लाहुरे चोकमा एकछिन** (२०५२),

४. **बिर्सिस्यो कि** ?(२०५७),

५. **आषाढस्य प्रथमादिवसे** (२०५९),

६. **तेस्रो आँखा** (२०६१),

७. **शब्दको भ्वाङ्** (२०६४) ।

८. **विशेष नेपाली** (कानुन सङ्काय स्नातक तह दोस्रो वर्षको विशेष नेपाली विषयको पाठ्यक्रममा आधारित पाठ्यपुस्तक)

### २.१.७ सम्मान तथा पुरस्कार

२०४० को दशकदेखि विशेषतः निबन्ध लेखन कार्यमा सक्रिय भई जीवनपर्यन्त यस विधामा सशक्त उपस्थिति जनाएका कारण उनलाई विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । रुद्र खरेलको दास्रो निबन्ध सङ्ग्रह **तोरीलाहुरे चोकमा एकछिन** लाई स्रष्टा प्रकाशनले २०५२ साल भरिमा नेपाली साहित्यमा प्रकाशित सामाजिक यथार्थवादी कृतिहरूमा सर्वोत्कृष्ट ठहऱ्याई २०५३ सालको कृष्णमणि साहित्य पुरस्कार प्रदान गरी सम्मान गरिएको थियो । त्यसैगरी 'हृदयचन्द्र सिंह प्रधान साहित्य सम्मान' एवं 'साहित्य सन्ध्या स्रष्टा सम्मान' द्वारा खरेल सम्मानित भएका थिए ।

## २.२ रुद्र खरेलको व्यक्तित्वको परिचय

### २.२.१ साहित्यिक व्यक्तित्व

रुद्र खरेल नेपाली साहित्यका विशिष्ट साहित्यकार हुन् । उनको साहित्यिक व्यक्तित्वका स्रष्टा र द्रष्टा दुई वटा पाटा छन् । यी दुई पाटाको चर्चा तल गरिन्छ :

#### २.२.१.१ स्रष्टा व्यक्तित्व

रुद्र खरेल नेपाली साहित्यका प्रंगतिवादी एक सशक्त एवं शीर्षस्थ प्रतिभाका रूपमा परिचित स्रष्टा हुन् । उनले २०२२ सालमा **उषा** पत्रिकामा **आह्वान** कविता प्रकाशन गरेर औपचारिक रूपमा स्रष्टा व्यक्तित्वलाई अघि सारेका हुन् । यस कविताबाट आरम्भिक स्रष्टा व्यक्तित्वले जीवन पर्यन्त फस्टाउने कार्य गरेका थिए । रुद्र खरेल नेपाली साहित्यमा कविता, निबन्ध विधामा उत्कृष्ट स्रष्टा हुन पुगेका छन् । आलोचनात्मक यथार्थवादी धारालाई अँगाल्दै

प्रगतिशील तथा प्रगतिवादी साहित्यको सिर्जना उनले गरेका छन् । रुद्र खरेलको स्रष्टा व्यक्तित्वअन्तर्गत पर्ने व्यक्तित्वहरूको चर्चा तल गरिएको छ :

## १. कवि व्यक्तित्व

साहित्यिक यात्राका दृष्टिले कविता विधानै उनको प्रथम पाइलो हो । **उषा** पत्रिकामा २०२२ सालमा प्रकाशित **आह्वान** कविता उनको प्रथम प्रकाशित कविता हो । त्यसैगरी २०२२/२३ सालतिर सिक्किमको **कञ्चनजङ्घा** पत्रिकामा पनि भानुभक्तका बारेमा उनको एउटा कविता प्रकाशित भएको थियो । त्यसैगरी विभिन्न ठाँउमा भएका कवि गोष्ठीहरूमा प्रथम हुंदै उनले पुरस्कार प्राप्त गरेका थिए । उनले जीवनको पछिल्लो अवधिमा कविता साधनामा निष्क्रियता देखाए पनि पहिलो अवधिमै यस क्षेत्रमा उनले केही योगदान भने गरिसकेका छन् । उनले २०४६ सालमा **छोरीलाई** शीर्षकको कविता सङ्ग्रह प्रकाशित गरेका छन् । उनले यसमा भएका कविताहरूमा २०४६ सालको जनआन्दोलनले प्राप्त गरेको उत्कर्षता प्रस्तुत गर्नका साथै जनताको विरोधका कारण मरणासन्न अवस्थामा पुगेको तत्कालीन पञ्चायत निरङ्कुशता र त्यसले उत्पन्न गरेका सामाजिक, राजनीतिक विकृति एवं त्यसको मरणशील पक्ष र जनआन्दोलनका विषयलाई कथ्य सामग्री बनाएका छन् । पञ्चायती क्रूरतापूर्ण व्यवहारको प्रतीकात्मक प्रस्तुति र शोषण, दमन, र अत्याचारको बुलन्द आवाजलाई कविताको सामल बनाएको देखिन्छ । त्यसैगरी २०४७ सालमा **आन्दोलन कविताहरू** समेत सम्पादन गरेका छन् । **जनएकता** साप्ताहिकमा रुद्र खरेल को **मेडमलाई** शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । उनको कवि व्यक्तित्वको अध्ययन गर्दा यस अतिरिक्त अन्य कविताहरू प्रकाशित भएको देखिँदैन ।

## २. निबन्धकार व्यक्तित्व

स्रष्टा रुद्र खरेलले कविताबाट लेखन प्रारम्भ गरे तापनि उनले आफूलाई निबन्धकारका रूपमा सशक्तताका साथ उभ्याउन सफल भएका छन् । निबन्ध विधामा पनि उनी खासगरी हास्यव्यङ्ग्य क्षेत्रमा देखा परेका छन् । २०२५ सालदेखि झापाबाट प्रकाशित हुन थालेको प्रगतिशील विचारपक्षीय साहित्यिक मासिक पत्रिका **पञ्चामृत** का सम्पादक रहेका खरेलले सोही पत्रिकामा २०२५ सालमा **नमस्ते** शीर्षको निबन्ध प्रकाशन गरेर आफ्नो औपचारिक निबन्ध यात्राको थालनी गरेका हुन् । यसपछि उनले जीवन जेलजीवन भोग्न बाध्य हुनु पऱ्यो ।

यसैकारण केही समय लेखन कार्यमा शैथिल्य आए पनि २०४० को दशकदेखि निबन्ध साधनामा आफूलाई जीवन पर्यन्त अग्रसर तुल्याएको देखिन्छ । विभिन्न पत्र पत्रिकाहरूमा उनका निबन्ध प्रकाशन भएको पाइन्छ । उनको प्रथम प्रकाशित निबन्धात्मक कृति **तपाईंको नाम के हो** ? हो भने यसको प्रकाशन २०४९ सालमा भएको हो । शाश्वत निबन्धमा रमेर कलम चलाउने खरेलका जम्मा ६ वटा निबन्ध सङ्ग्रह प्रकाशित छन् । खरेलका प्रकाशित निबन्धात्मक कृतिहरू निम्नानुसार छन् :

१. **तपाईंको नाम के हो** (२०४९),

२. **तोरी लाहुरे चोकमा एकछिन** (२०५२),

३. **बिर्सिस्यो कि** ?(२०५७),

४. **आषाढस्य प्रथमादिवसे** (२०५९),

५. **तेस्रो आँखा** (२०६१),

६. **शब्दको भ्वाङ्** (२०६४) ।

निबन्धकार रुद्र खरेल आफ्ना निबन्धहरूमा राजनीतिक पार्टीभित्रका आन्तरिक खिचातानीप्रति व्यङ्ग्य गर्दछन् । सामाजिक तथा सांस्कृतिक विकृति विसङ्गतिको भण्डाफोर गर्ने यिनका निबन्धहरू काव्यात्मक देखिन्छन् । कानुनीतन्त्रको मनपरीतन्त्र, साहित्यिक आन्दोलनमा देखिने कुत्सित सत्कार, युद्धकालीन समयमा नेपालीको स्थिति तथा सामाजिक, आर्थिक, प्रशासनिक, धार्मिक, शैक्षिक, राजनीतिक आदि क्षेत्रका गलत आचरणलाई कटाक्ष प्रहार गर्न उनका निबन्धहरू सफल रहेका छन् । उनी राष्ट्रियताका सवालमा समेत उत्तिकै सचेत छन् । उनले भाषा, वंश, संस्कार, आचरण अनि माटाप्रतिको माया बोलीबाट नभएर व्यवहारबाट देखाउनुपर्ने मत राखेका छन् । निबन्धहरू प्रतीकात्मक आयोजनाले कसिलो बनेका छन् ।

### २.२.१.२ द्रष्टा व्यक्तित्व

हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेल द्रष्टा व्यक्तित्वका रूपमा समेत चिनिन्छन् । उनको द्रष्टा व्यक्तित्वअन्तर्गत पर्ने व्यक्तित्वहरूको चर्चा तल गरिएको छ :

## १.भूमिका लेखक

रुद्र खरेलको व्यक्तित्व भूमिका लेखक व्यक्तित्वमा समेत फैलिएको देखिन्छ । भूमिका लेख्ने क्रममा सर्वप्रथम उनले २०३७/३८ सालतिर मोतीलाल नेपालीको **नेल्सन मण्डेला** शीर्षक जीवनीको भूमिका लेखेका थिए । त्यस्तै उनले २०४१ सालतिर शारदा भट्टराईको **जम्काभेट** शीर्षकको कथा सङ्ग्रहका साथै सीता शर्माको २०४७ सालमा **नालिस** शीर्षकको कविता सङ्ग्रहको भूमिका लेखेका थिए । २०५९ साल वैशाखमा प्रकाशित राममणि पोखेलको **सम्झनाको पोखरी र छचल्किएका छालहरू** शीर्षकको संस्मरणात्मक निबन्धसङ्ग्रहको, रुद्र चाम्लिङ्को २०५९ साल माघमा प्रकाशित कवितासङ्ग्रह **मेरो कथाभित्रको देशमा**को भूमिका समेत लेख्ने कार्य गरेका थिए । सहस्राब्दी प्रकाशन प्रा.लि.ले २०५९ फागुनमा प्रकाशित गरेको उदय जी. एम.को **पुच्छर नभएको हनुमान** शीर्षकको हास्यव्यङ्ग्य सङ्ग्रहको पनि भूमिका लेखेका थिए । पृथ्वीबहादुरसिंहको २०६१ साल वैशाखमा प्रकाशित **दोसाँध** उपन्यासको समेत भूमिका लेखी उक्त कृतिभित्र निहित विषयवस्तु र भाषाशैलीका विषयमा सम्यक् चर्चा गरेका थिए । त्यसैगरी उनले भूमिका लेख्ने सन्दर्भमा कृतिभित्र रहेका विषयवस्तु, तिनमा प्रयुक्त भाषा शैली, शिल्प, सौन्दर्य आदिको चर्चा गरेका थिए । भूमिका लेख्ने सन्दर्भमा उनले कृतिभित्र अन्तर्निहित शक्ति र सीमा औंल्याई उपयुक्त मार्गनिर्दन समेत गर्ने कार्य गरेका थिए ।

## २. समालोचक व्यक्तित्व

रुद्र खरेलको व्यक्तित्व समालोचक व्यक्तित्वमा समेत परिचित रहेको छ । कविवर 'युद्धप्रसाद मिश्र विशेषाङ्क' का रूपमा प्रकाशित **वेदना** (साहित्यिक त्रैमासिक, माघ असार , २०५३-२०५४३, पूर्णाङ्क ५८, वर्ष २४, अङ्क १) मा प्रकाशित 'कवि युद्धप्रसाद मिश्रको सङ्क्षिप्त जीवनवृत्त' शीर्षकको जीवनी लेखेका छन् । यसमा उनले समालोचनात्मक टिप्पणी गरेका छन् भने सूर्य कन्दङ्वा स्मृति ग्रन्थ प्रकाशन समितिद्वारा २०५९ सालमा प्रकाशित 'स्मृतिका पानामा सूर्य कन्दङ्वा' नामक स्मृति ग्रन्थमा 'सूर्य कन्दङ्वा र झापामा सम्पन्न प्रगतिशील साहित्य सम्मेलन' शीर्षकको समालोचनात्मक लेखमा रुद्र खरेलले सूर्य कन्दङ्वाको राजनीतिको जीवनवृत्त र उनको वैचारिक चिन्तनको समालोचनात्मक विश्लेषण गरेका छन् । २०६१ सालमा **सहिद रामनाथ दाहाल विशेषाङ्क**मा प्रकाशित 'स्मृतिमा कहिल्यै नधमिलिने बिम्ब' शीर्षकको समालोचनात्मक लेखमा खरेलले आफ्नो स्मृतिभित्रका सहिद रामनाथ दाहालको सम्झना प्रस्तुत

गरेका छन् । उक्त लेखमा साहित्यिक प्रस्तुतिका साथ रामनाथ दाहालको जीवनवृत्त र नेपालको राजनैतिक इतिहासभित्र उनको योगदानको समालोचकीय विश्लेषणसमेत गरेका छन् । यस प्रकार उनले विभिन्न व्यक्तिहरूको चर्चा गर्ने सन्दर्भमा सामालोचनात्मक विश्लेषण गरेका छन् । 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य' समालोचनात्मक लेख प्रकाशन गरी आफ्नो समालोचकीय क्षमताको प्रदर्शनसमेत गरेका छन् ।

### ३. प्रकाशक व्यक्तित्व

रुद्र खरेलले कृति प्रकाशन गरेर आफूलाई प्रकाशक व्यक्तित्वका रूपमा समेत चिनाउने कार्य गरेका छन् । २०३६ सालमा साहित्यकार पूर्णविरामको **भ्यालसँगको भ्यालिन्चा** कथासङ्ग्रहको प्रकाशन गर्ने कार्य गरेका छन् ।

## २.२.२ साहित्येतर व्यक्तित्व

रुद्र खरेलको व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये साहित्येतर व्यक्तित्व पनि उल्लेखनीय रहेको छ । उनको साहित्येतर व्यक्तित्वअन्तर्गत पर्ने व्यक्तिहरूको चर्चा तल गरिएको छ :

## २.२.२.१ शिक्षक/प्राध्यापक व्यक्तित्व

रुद्र खरेलले आफ्नो जीवनको लामो समय शिक्षण पेसामा बिताएका थिए । उनले २०२८ सालमा जनता मा.वि. गौरादहमा शिक्षण कार्य गरेका थिए भने नयाँ शिक्षा लागू भएपछि उनलाई त्यहाँबाट निष्काशन गरिएको थियो । त्यसैगरी उनले २०३५ सालदेखि २०६२ सालसम्म 'नेपाल ल क्याम्पस' मा र २०६२ देखि उनले 'पाटन बहुमुखी क्याम्पस'मा अध्यापन गराएका थिए एवं 'काठमाडौं स्कुल अफ ल'मा पनि स्थापनाकालदेखि अध्यापन गराएको थियो । यसरी उनको व्यक्तित्व विशेषतः शिक्षकमार्फत परिचित बनेको पाइन्छ ।

## २.२.२.२ राजनीतिक व्यक्तित्व

रुद्र खरेलको व्यक्तित्व शिक्षण पेसादेखि अतिरिक्त राजनीतिक पेसामा विशेषतः परिचित रहेको पाइन्छ । सुरुमा ने.क.पा. पूर्वकोशीको स्थानीय एकाइका सदस्यको रूपमा रही कार्य गरेका खरेलले २०२७ साल र २०३० सालमा पञ्चायती विरुद्ध आन्दोलन गरेको आरोपमा केही समय जेल जीवनसमेत भोगेका थिए । त्यसैगरी उनले २०३० सालदेखि २०३४ सालसम्म राजनैतिक मुद्दाकै आरोपमा उनले साढे चार वर्ष काठमाडौँको नख्खु जेलमा जीवन बिताएका

थिए । उक्त जेल बसाइका सन्दर्भमा उनको सम्पर्क निर्मल लामा, पारिजात, आनन्ददेव भट्ट, कृष्णप्रसाद भट्टराई आदि व्यक्तित्वहरूसँग सम्पर्क भएको थियो । त्यसैगरी उनले २०४६ सालको जन आन्दोलन, २०६२/०६३ को जनआन्दोलनमा समेत उल्लेखनीय भूमिका निभाएका थिए । आफ्नो राजनीतिक दल खुलेर बताउन नचाहने उनी जीवनको अन्तिम समयमा ने.क.पा. एकीकृत एकता केन्द्र मसाल र नेकपा माले विभाजित भई बनेको ने.क.पा. (एकीकृत) का केन्द्रीय सदस्य रहेका थिए ।

## २.३.मृत्यु

रुद्र खरेल नेपाली प्रगतिवादी साहित्यका एक जना सशक्त एवं शीर्षस्थ प्रतिभा हुन् । लेखनका क्षेत्रमा भने २०२५ सालदेखि नै कलम चलाउन थालेका खरेलले २०४० सालपछि मात्र आफ्नो लेखनलाई गति दिएका थिए । ६ वटा निबन्ध सङ्ग्रह, एउटा कवितासङ्ग्रह र पाँच दर्जनभन्दा बढी वैचारिक चिन्तनयुक्त लेखरचना प्रकाशन खरेलले गरेको पाइन्छ । पाटन संयुक्त क्याम्पस र काठमाडौं स्कुल अफ ल दधिकोट भक्तपुरमा प्राध्यापन गरिरहेका तथा ने. क. पा. एकीकृतका केन्द्रीय सदस्य रहेका रुद्र खरेल ढाढ दुख्ने रोगले च्यापेर २०६५ साल जेठ ३० गते जोरपाटीस्थित नेपाल मेडिकल कलेज अस्पतालमा भर्ना भएका थिए । उनको व्यथा बढेपछि त्यहाँबाट जेठ ३२ गते राति उनलाई त्रि.वि. शिक्षण अस्पताल महाराजगन्ज लगियो र आई. सी.यु. मा भेन्टिलेटरको प्रयोग गरी २ महिनाभन्दा बढी राखियो । उक्त समयमा अस्पतालमा उनलाई भेटी उनको स्वास्थ्यलाभको कामना गर्न उनका थुप्रै सहपाठी प्राध्यापक, राजनीतिज्ञ तथा उनलाई माया गर्ने व्यक्तित्वहरूको उपस्थिति रहे तापनि पुरै समय बेहोस रहेका खरेलले कसैलाई चिन्न र दोहोरो कुरा गर्न सकेनन् । असह्य व्यथाले गर्दा उनको अवस्था कारुणिक थियो । अन्तमा २०६५ साल भदौ ८ गते विहान २:३५ बजे दुई छोरी र एक श्रीमतीको परिवार र समग्र सहकर्मी साहित्यकार, राजनीतिज्ञ तथा पाठकहरूलाई छोडी उनी भौतिक जगत्बाट बिदा भए । उनको देहावसानले प्रगतिशील नेपाली साहित्यको फाँटमा तथा नेपाली बाम राजनीतिका क्षेत्रमा गम्भीर र अपूरणीय क्षति पुऱ्याएको पाइन्छ ।

# अध्याय : तीन

# निबन्धको सैद्धान्तिक परिचय तथा नेपाली निबन्धको विकास

## ३.१ पृष्ठभूमि

साहित्यका श्रव्य र दृश्य गरी दुई भेदमध्ये श्रव्यअन्तर्गतका पनि पद्य र गद्य गरी दुई हाँगा छन् । पद्यमा कविता विधा पर्दछ भने गद्यमा कथा, उपन्यास र निबन्ध पर्दछन् । निबन्ध ललित र सौन्दर्यपरक हुन्छ । निबन्ध रागात्मक एवम् अनुभूतिजन्य, कल्पनाप्रधान, निजात्मक र विशिष्ट भाषिक कलामा आधारित हुन्छ ।

### ३.१.१ पूर्वीय दृष्टिकोण

'निबन्ध' संस्कृतबाट तत्सम शब्दका रूपमा नेपालीमा आएको शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'अच्' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ (सुवेदी; २०४३ : ६) । यसको व्युत्पत्तिगत अर्थ 'निबन्धनानीति' निबन्ध भन्ने हुन्छ । यसरी हेर्दा निबन्ध शब्दको अर्थ कुनै वस्तुलाई राम्ररी बाँध्नु भन्ने हुन्छ ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग निकै पुरानो देखिन्छ । कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा आत्मालाई सांसारिक मायाजालबाट बाँधेर राख्ने आसुरी सम्पत्तिका रूपमा निबन्ध शब्दको प्रयोग गरेका छन् (सुवेदी; २०४३ : ६) । यसको अर्थ बाँध्नु भन्ने बुझिन्छ । त्यसपछि आठौँ शताब्दीमा निबन्ध शब्दको प्रयोग अर्थटीका, व्याख्या, भाष्य आदि अर्थमा गरेको पाइन्छ (सुवेदी; २०४३ : ६) । संस्कृतिका कोशकार आप्टेयले बाँध्नु, कस्नु, नियन्त्रण गर्नु आदि निबन्धका एघार अर्थ लगाएका छन् (आप्टे; सन् १९६९ : ५२७) ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग निकै अगाडिदेखि भएको पाइन्छ, तर यी सबै अर्थले निबन्धलाई पूर्ण रूपमा समेट्न सकेका छैनन् । निबन्ध शब्दको यी विविध प्रयोगलाई हेर्दा शब्दको अर्थमा केही परिवर्तन हुँदै आएको देखिन्छ । निबन्ध शब्दको सम्पूर्ण प्रयोगलाई हेरी

व्यापक अर्थमा अर्थ्याउन खोज्दा पूर्वीय सन्दर्भमा निबन्ध शब्दको अर्थ कुनै विषय विशेषलाई कुनै सीमामा बाँध्नु भन्ने हुन्छ । आजको निबन्धको प्रयोग संस्कृत साहित्यकलामा भएको पाइँदैन (सुवेदी; २०४३ : ७) । विश्वसाहित्यमा आधुनिक कालको सुरूवात भएपछि मात्र निबन्ध साहित्यिक विधाका रूपमा स्थापित भएको हो । तसर्थ निबन्धको स्वरूपलाई बुझ्न निबन्धसम्बन्धी पाश्चात्य चिन्तन प्रक्रियालाई हेर्नु उपयुक्त हुन्छ ।

### ३.१.२ पाश्चात्य दृष्टिकोण

अङ्ग्रेजीमा निबन्धलाई एस्से भनिन्छ । यो फ्रान्सेली शब्दको एसाइबाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ (लुइटेल र गौतम, २०५५ : १) । पाश्चात्य साहित्यमा निबन्ध शब्दको प्रयोग गर्ने प्रथम फ्रान्सेली साहित्यकार मोन्तेन हुन् । सोह्रौं शताब्दीको अन्त्यतिर उनले आफ्ना रचनाहरूलाई इसाइ भन्ने नाम दिएका थिए, जसको अर्थ प्रयास हुन्छ (सुवेदी; २०४३ : ७) । उनले निबन्धका नाममा छुट्टै टिप्पणी त गरेका छैनन् तापनि निबन्धलाई आत्म प्रतिपादन र अहम्ताको अभिव्यक्ति भनेका छन् । मोन्तेँनले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । म नै मेरो निबन्धको विषयवस्तु हुँ (थापा; २०४२ : १८०) । त्यसैलाई निबन्धमा प्रकट गरिन्छ भन्ने धारणा प्रकट गरेका छन् ।

फ्रान्सिस बेकन निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो (सुवेदी; २०४३ : १७) भन्दछन् । यसरी पहिलो पटक तयार भएको परिभाषाबाट के कुरा स्पष्ट हुन्छ भने निबन्ध स्रष्टाको आत्मा प्रष्फुटन र त्यसको सिर्जनात्मक प्राप्तिको क्रिया र प्रत्यक्ष हृदयको उद्‌गार हो (सुवेदी; २०४३ : ८) । पश्चिमी साहित्यमा यसका नामहरू विभिन्न रूपमा प्रचलित छन् । तर परिभाषित अर्थ भने एकै किसिमका छन् । ग्रिसेली भाषामा निबन्धलाई एसेज भनिन्थ्यो । यसको अर्थ हुन्छ प्रयास गर्ने यसलाई फ्रान्समा मोन्तेंनले एस्से नाम दिएर आफ्ना रचनाहरूको सङ्कलन गरे । यसको अर्थ भावनालाई स्वतन्त्र र निर्वाध रूपमा प्रकट गर्ने प्रयास गर्नु हुन्छ । यसरी हेर्दा आजको निबन्ध पाश्चात्य साहित्यको देन हो भन्न सकिन्छ ।

यसरी यिनीहरूले स्पष्ट रूपमा निबन्धको भेद देखाए । मोन्तेँन आत्मपरक निबन्धकारका रूपमा देखापरे भने बेकन वस्तुपरक निबन्धकारका रूपमा देखापरे । पाश्चात्य साहित्यमा यिनै दुई मान्यतालाई स्वीकार गरी निबन्ध सिर्जना अघि बढेको पाइन्छ ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यका विशिष्ट गद्य विधालाई बुझाउन सकेको देखिँदैन तर पाश्चात्य एस्से शब्दले आरम्भकालदेखि साहित्यिक रचनाकै अर्थ बहन गरेर व्यापक अर्थमा गद्य विधा विशेषलाई समेट्दै आएको छ । यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वी व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य एस्सेसँग निकै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दका रूपमा नेपालीमा निबन्ध शब्द प्रचलित भएको छ ।

यसरी फ्रान्सबाट सुरू भएको निबन्धले विस्तारै विश्वमा आफ्नो प्रभाव कायम गरेको छ । यसको विकास तथा विस्तारका क्रममा विभिन्न क्षेत्रमा देखापरेका निबन्धकारहरूका निबन्धात्मक मान्यता र प्रयोगका आधारमा निबन्धको आधुनिक र वास्ताविक स्वरूप ठम्याउन सकिन्छ ।

## ३.२ निबन्धका प्रकार

निबन्धहरू विषय, ग्रहण र प्रस्तुतिका आधारमा तीन प्रकारका हुन्छन् :

### ३.२.१ आत्मपरक निबन्ध

आत्म प्रकाशित गरिएका निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । यस किसिमका निबन्धमा व्यक्तिको मुख्य स्थान रहने गर्दछ । यसरी हेर्दा निजात्मक अभिव्यक्ति दिने क्रममा लेखकले कहिले विषयलाई टिपेर आफ्नो विचार र दृष्टिकोण प्रकट गर्दछ । यसरी निबन्धकारका भावना तथा विचार तथा दृष्टिकोण निजात्मक निबन्धमा प्रकट गरिने हुँदा आत्मपरक निबन्धलाई विचारात्मक भावनात्मक र वैयक्तिक गरी तीन भागमा विभाजन गरेको पाइन्छ (सुवेदी, २०५७/५८ : ११) ।

#### ३.२.१.१ विचारात्मक

विचारको प्राधान्यता र बुद्धि पक्षको सम्बर्द्धन भएका यस खालका निबन्धमा चिन्तनको निजात्मकता हुन्छ र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ (सुवेदी; २०५७ :

६३) । गृहीत विषयलाई सिङ्ग पुच्छर जाँच्दै त्यसका पक्ष-विपक्ष वा सिद्धान्तको आग्रह जस्तो देखिने यस प्रकारका निबन्धमा भाषा साङ्केतिक श्लेषात्मक र सङ्क्षिप्त हुनका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ (थापा; २०४२ : १९०) । कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा समाजशास्त्र मनोविज्ञानजस्ता विषयहरूका विचारात्मका निबन्धमा उपस्थापन हुन्छ । थोरैमा धेरै भन्नुपर्ने भएकाले प्रत्येक शब्द र वाक्यले एक न एक विचार दिइरहेको हुन्छ ।

## ३.२.१.२ भावनात्मक

विचार र वैयक्तिक अभिव्यक्तिभन्दा भाव पक्ष प्रबल भएको निबन्ध स्रष्टाको भावात्मक निबन्ध हो । यसमा विशेष गरी हृदयको आग्रह हुन्छ । भावनात्मक निबन्धमा जीवन भोगाइका आशा-निराशा, प्रेम, करूणा परोपकार देशभक्तिजस्ता विषयवस्तुलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ (उपाध्याय, २०४९ : २०६) । यसमा तर्क र वितर्कको कुनै स्थान हुँदैन, हृदयको उदात्त अनुभूतिहरू तीव्र भावना र चरम भावुकता भावात्मक निबन्धमा पाइन्छ यस खालका निबन्धमा स्रष्टाका भावना प्रबल रहेको हुन्छ । भावनात्मक संम्वेगको गतिमा विषयवस्तु तरङ्गित हुन्छ लेखकको निजात्मक भावनामा प्रवाहित हुन्छ । वस्तुगत यथार्थ विचारात्मक निबन्धमा जस्तो विषयको तहमा नरही भावनाको तहमा पुगेर तरल र संसिक्त बनेको हुन्छ (सुवेदी; २०५७ : ६४) । स्रष्टाका भावुक र स्वतन्त्र हृदयको आत्म निवेदन प्रकट हुनु यस प्रकारका निबन्धको निजी धर्म हो । यस्ता निबन्धको सौन्दर्य उसको काव्यात्मक प्रवाहमा रहेको हुन्छ। यही काव्यात्मकताले गर्दा भावनात्मक निबन्ध गद्यात्मक पद्य झैँ लाग्दछ । कल्पना र भावनाका सन्तुलनले यस्ता निबन्धहरू काव्यको नजिक देखिन्छन् । भावनात्मक निबन्धको आन्तरिक सङ्गठन स्वतः स्फूर्त रूपमा सङ्गीतको निर्वाह गर्ने भएको हुन्छ (सुवेदी, २०५७ : ६४) । यस्ता निबन्धको भाषा शैली सरल, सरस र आलाङ्कारिक हुनका साथै अभिव्यक्तिमा चमत्कार पाइन्छ । यसमा निबन्धकार कल्पनामा डुबेर निजी अनुभूति र कल्पना प्रकट गरिएको हुन्छ ।

## ३.२.१.३ वैयक्तिक

वैयक्तिक निबन्ध निजात्मक निबन्धको महत्त्वपूर्ण भेद हो । यसलाई आत्मपरक निबन्ध पनि भनिन्छ । निबन्धकारले आफ्ना भावनाहरूलाई निजी स्वरूप दिएर रचना गर्दा वैयक्तिक

निबन्धको सिर्जना हुन्छ । यस खालका निबन्धमा स्रष्टाका व्यक्तिगत चिन्तन र दृष्टि प्रबल रहेको हुन्छ । व्यक्तिगत निर्णयका आधारमा यथार्थलाई आफैं निष्कर्षमा उभ्याएर आफ्नै अभिमत सिद्ध गर्ने प्रयत्न गरेको हुन्छ (सुवेदी, २०५७ : ६५) । यस्ता निबन्धमा निबन्धकार एउटै कथा वाचक झैं देखिन्छ । वस्तुलाई ग्रहण गर्दै त्यसलाई आफ्ना आत्मरागमा मुछेर जीवनका सुख, दुःख हाँसो आँसु, हर्ष-विस्मात र भाव व्यक्त गर्नु वैयक्तिक निबन्धको मूल पहिचान हो । यस्ता निबन्धमा कथात्मक शैली अँगालिएको हुन्छ ।

## ३.२.२ वस्तुपरक निबन्ध

निजात्मक निबन्धको सम्बन्ध हृदय, बुद्धि र भावपक्षसँग बढी रहेको हुन्छ भने वस्तुपरक निबन्धको सम्बन्ध विषयवस्तुसँग बढी हुन्छ । त्यसैले वस्तुपरक निबन्धलाई परात्मक निबन्ध वस्तुपरक वा विषयपरक निबन्ध भनिन्छ । परात्मक निबन्ध विषयप्रधान निबन्ध हो । कुनै खास विषयमा केन्द्रित भई त्यसका सम्बन्धमा वस्तुगत तथ्याङ्क, प्रमाण तर्क आदि अघि सारेर ठोस किसिमको बौद्धिक भाषाशैलीको प्रयोग गरेर लेखिएका निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ (सुवेदी, २०५७ : ६५) । यसलाई परात्मक पनि भनिन्छ । लेख, प्रलेख, जीवनी, शोधलेख, शोधप्रबन्ध, भूमिका, सन्धिपत्र, सम्पादकीय, प्रतिवेदन, टिप्पणी, अन्तर्वार्ता र आलेख गरी विभिन्न उपविधामा विभक्त हुन सक्ने यस खालका निबन्ध वस्तु र तथ्यमा आधारित हुन्छन् । वस्तुपरक निबन्धमा आत्मपरकता गौण र वस्तुपरकता प्रधान हुन्छ (सुवेदी, २०५७/५८ : १३) । वस्तु विश्लेषणका क्रममा कतैकतै भाव र कल्पना तत्त्व समेत प्रयोग हुन सक्ने यस खालका निबन्धहरूमा विषय वा वस्तुका बारेमा प्राप्त ज्ञानलाई सरल सुबोध शैलीमा आदिदेखि अन्त्यसम्म क्रमबद्ध व्यवस्थित सङक्षिप्त एवम् मौलिक पाराले प्रस्तुत गरिएको हुन्छ ।

## ३.२.३ मिश्रित निबन्ध

विभिन्न साहित्यका विधाहरूको परस्पर मिश्रण भएर निबन्धात्मक अभिव्यक्तिका रूपमा प्रकट भएका रचनालाई मिश्रित निबन्धका रूपमा लिइन्छ (सुवेदी, २०५७ : ६७) । यसप्रकारका निबन्धमा दैनिकी, पत्र, संस्मरण, आत्मजीवनी र यात्रावर्णन आदि पर्दछन् । यस खालका निबन्धहरूमा वस्तुपरकता र आत्मपरकता मिश्रित हुन्छ । मिश्रित निबन्धमा निजात्मकता, परात्मकता, भावनात्मकता र वस्तुगतता, विचारात्मकता, तथ्यात्मकता तथा वैयक्तिकता र

व्यक्ति निरपेक्षता मिश्रित हुन्छ (सुवेदी, २०५७/०५८ : १३) । विभिन्न विधाका मिश्रित स्वरूप निबन्धात्मक रूपमा प्रकट हुने भएकाले यस प्रकारका निबन्ध सरल, सुबोध र व्यञ्जनापूर्ण शैलीका माध्यमबाट घटना वा वृतान्तको कार्यकरण शृङ्लताको प्रस्तुति हुन्छ ।

## ३.३ निबन्धका तत्त्वहरू

साहित्यका प्रमुख विधामध्येको एक सृजनात्मक विधा निबन्ध हो । यस विधाका प्रमुख तत्त्वहरूका बारेमा विभिन्न समीक्षकहरूले चर्चा गरे पनि अझसम्म यति नै छन् भनी किटानीसाथ प्रस्तुत गरेको पाइँदैन । ब्रिटानिकाका अनुसार यथार्थ र कल्पना, शैली र लेखकको निजात्मक अनुभूतिको प्रस्तुति गरी जम्मा तीन तत्त्व उल्लेख हुन्छन् । यस सिलसिलामा **द एस्से अ क्रिटिकल एन्थोलोजी** (सन् १९६३) मा उद्देश्य, विचार, अभिवृत्ति (टोन) तथा दृष्टिबिन्दु गरी चार ओटा निबन्धका तत्त्व उल्लेख गरेको पाइन्छ ।

पूर्वीय तथा पाश्चात्य निबन्ध साहित्यका अनुसन्धाताहरूले निबन्धका तत्त्व सम्बन्धी विभिन्न विचार प्रस्तुत गरेका भए तापनि विषयवस्तु, भाषाशैली तथा उद्देश्यलाई नै निबन्धका मुख्य तत्त्व मान्न सकिन्छ ।

(क) विषयवस्तु

(ख) भाषाशैली

(ग) उद्देश्य

### ३.३.१ विषयवस्तु

विषयवस्तु निबन्धमा प्रयोग हुने एउटा तत्त्व हो । यसलाई कतिपय सन्दर्भमा कथ्य पनि भन्ने गरिन्छ । लेखकले जेका बारेमा आफ्नो अभिमत प्रकट गर्दछ त्यही नै विषयवस्तु हो । निबन्ध लेखनका निम्ति विषय प्रथम आवश्यक तत्त्व हो । यसको अभावमा निबन्ध रचनाको कल्पनासम्म गर्न सकिन्न । वस्तु शब्दले यहाँ मानव मस्तिष्क र हृदयसँग सम्बन्धित कुरालाई सङ्केत गर्दछ तसर्थ यो निबन्ध लेखनको अनिवार्य तत्त्व हुन्छ । निबन्ध रचना जीवन र जगत्का जुनसुकै विषयमा पनि गर्न सकिन्छ । यसको विषयक्षेत्र व्यापक र विस्तृत छ । मानव मस्तिष्क र हृदयले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्धका विषयवस्तु बन्न सक्छन् ।

विषयवस्तुलाई निबन्धकारले बेरोकटोक स्वतन्त्र रूपले प्रस्तुत गर्दछ । विषयमा विविधता र व्यापकताका कारण निबन्धका अनेकौं प्रकारहरू निर्धारण भएका छन् । निबन्धका विषय औपचारिक र अनौपचारिक हुन्छन् । विना विषय निबन्ध लेखन गर्न नसकिने हुनाले विषयवस्तु निबन्ध रचनाको प्रमुख तत्त्व हो जुन निबन्धको बाह्य पक्षसँग सम्बद्ध हुन्छ । जेका बारेमा निबन्ध लेखिएको हुन्छ सोही निबन्धको विषय बन्छ । निबन्धकारले आफ्नै भोगाइलाई निबन्धको विषयवस्तु बनाएको हुन्छ । यसरी विषयको चयन गर्दा उसले संस्कार, संस्कृति, राजनीति, समाजका समस्याहरू, भ्रमण गर्दाका अनुभवहरू, सभ्यता, विभिन्न प्रकारका सामाजिक तथा राजनीतिक व्यक्तित्वका योगदान, राष्ट्रियता, नारी अस्मिता, शैक्षिक स्थिति, स्वैरकल्पनात्मक सोच, मानवतावादी चेतना, व्यङ्ग्यात्मकता, ऐतिहासिक तथा संस्मरणात्मक आदि कुराहरूलाई विषयवस्तुका रूपमा प्रयोग गर्दछ । यसरी निबन्धको प्रमुख तत्त्व विषयवस्तुलाई मान्नुपर्ने देखिन्छ । विचार भनेको चिन्तन, भाव, कल्पना, तर्कना समेत हो । विचारभित्र मानिसमा निहित विश्वास, मूल्य, सोचाइ आदि भावका पक्षहरू पर्दछन् । वैचारिक सबलता, विचार र क्रमबीच निकटतम सम्बन्ध, वैचारिक वैपरीत्य, व्यङ्ग्यात्मकता, अर्थसम्प्रेषण जस्ता माध्यमबाट विचार प्रस्तुत गरिन्छ । त्यसैले निबन्धमा विचार पक्ष महत्त्वपूर्ण मानिन्छ ।

## ३.३.२ भाषाशैली

शैली भनेको भाषिक कार्य हो । भाषाका रूपतत्त्वदेखि लिएर सङ्कथनसम्मका यात्रामा शृङ्खलित भएर रहने तत्त्वको नाम शैली हो । निबन्धकारले आफ्नो विचार वा कुनै विषयलाई पाठक समक्ष राख्न तयार पारेका शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ । भावलाई परिमार्जन गर्न परिमार्जित शैलीको आवश्यकता पर्दछ । यो प्रस्तुतिको ढाँचा पनि हो । शैली सहज र सरल, कठोर बौद्धिक एवम् तार्किक र जटिल प्रकारको पनि हुन्छ । यसले निबन्धको संरचक, सङ्गठन र सङ्कथनसम्म भूमिका खेलेको हुन्छ । निबन्धको शैली व्यक्तिपरक, एककालिक तथा कालक्रमिक पनि हुन्छ । यसलाई बनोट र बुनोटका आधारमा सरल, जटिलका आधारमा सङ्क्षिप्तता, विस्तृतताका आधारमा सहज र तार्किक रूपमा, आगमनात्मक, समासात्मक, व्यास र सरलताका आधारमा पनि व्याख्या गर्न सकिन्छ । यस क्रममा निबन्धको वैचारिक विषय प्रतिपादनको शैली स्थापना गर्ने क्रममा सिसेरोको प्रवचन कला, बाइबलको व्याख्या कलालाई युगौँयुगसम्म प्रभाव पार्ने शैलीका रूपमा व्याख्या गरिएको

छ । यसको कारण के हो भने पाठकले सहज रूपमा ग्रहण गर्न सक्ने र एक पटक ग्रहण गरेपछि सधैँ स्मृतिमा रहने सहज र प्रभावकारी शैली हुनु नै हो । निबन्धका सन्दर्भमा विषयवस्तुका दृष्टिले गहन र चिन्तनका दृष्टिले गम्भीर स्थितिको उद्‌घाटन गर्दा हल्का व्यङ्ग्यात्मकता, पदपदांशको प्रयोगमा आनुप्रासिकता, कथनपद्धतिमा वाग्वैदग्ध्य जस्ता सरल र रुचिकर शैलीगत विशेषताहरू अनुकूल मानिन्छन् । शैलीका पनि समास शैली, व्यास शैली तथा चेतन प्रवाह शैली भेद रहेको पाइन्छ ।

## ३.३.३ उद्देश्य

साहित्य सृजना निरुद्देश्य हुँदैन । निबन्ध विधा साहित्यका प्रमुख विधामध्येको एउटा विधा भएकाले यसको सृजना निश्चित उद्देश्यद्वारा अभिप्रेरित भएर गरिन्छ । बिना उद्देश्य सिर्जित निबन्ध निरर्थक हुन्छ यसर्थ निबन्धकारको प्रमुख उद्देश्य सङ्क्षिप्त आयाममा जीवनमा भोगिएका अनुभूति, भावना र विचारको प्रस्तुति गर्नु रहेको हुन्छ । निबन्धको उद्देश्य पाठकलाई गम्भीर चिन्तनमा संलग्न गराई वास्तविक संसारबाट काल्पनिक संसारतर्फ डोहोऱ्याउनु हो । निबन्धकारले उपयुक्त शब्दहरूको प्रयोग गरी पाठकलाई मोहनी लगाउने र आनन्द दिने कार्य गर्दछ । यसका प्राथमिक उद्देश्य लेखकले अवलम्बन गरेको मूल विषयका सम्बन्धमा पाठकसँग सोझै कुरा गर्नु, सम्बन्धित विषयमार्फत शिक्षा दिनु, तर्क गर्नु, विश्वास बढाउनु, संवेग वृद्धि गर्नु र प्रभावित पार्नु आदि जस्ता हुन सक्छन् ।

माथि उल्लेख भएका उद्देश्यहरूमध्ये सबै या केही उद्देश्यहरू नै निबन्धकारले निबन्धमा प्रस्तुत गर्ने हुँदा यिनीहरू निबन्धमा हुन्छन् भन्न सकिन्छ । उद्देश्य निबन्धरचनाको एउटा प्रमुख तत्त्व हो । निबन्धको उद्देश्य निश्चित गर्न सोको आद्योपान्त अध्ययन र बुझाइ हुन आवश्यक छ । यस भनाइलाई अध्ययन गर्दा निबन्धरचनाका लागि उद्देश्य अनिवार्य तत्त्व हुने र यसको सुरुदेखि अन्त्यसम्मको अध्ययनबाट मात्र उद्देश्य निर्धारण गर्न सकिने कुरा स्पष्ट हुन्छ ।

यसरी निबन्ध रचनाका मोटामोटी उद्देश्यहरू निम्न अनुसार रहेको पाइन्छ -

(क) सूचना वा ज्ञान प्रदान गर्नु,

(ख) आफ्नो मतद्वारा पाठकलाई सहमतिमा ल्याउनु,

(ग) अनुभवहरूको प्रकटीकरण गर्नु ,

(घ) घटनाको अथार्थ वर्णन गर्नु आदि ।

## ३.४ नेपाली निबन्धको विकासप्रक्रिया

नेपाली भाषाको उद्भव ११ औं शताब्दीमा भयो । त्यसपछिका विभिन्न समयमा लेखिएका अभिलेख, तमसुक, ताम्रपत्र, स्वर्णपत्र, औषधीमूलोका पुस्तकहरू, राजकाज, नियात्रा, प्रशासन र लेनदेन व्यवहारका सामग्रीहरू पनि निबन्धका पृष्ठभूमिका रूपमा देखिन्छन् । **राजा गगनीराजको यात्रा** (१५५०), **खण्डखाद्य** (१६४८), **ज्वरोत्पति चिकित्सा** (१७७५) **औषधी रसायन** (१८००) आदिलाई नेपाली निबन्धको पृष्ठभूमि मान्न सकिन्छ । आधुनिक प्रचलित निबन्धको सुरूवात पाश्चात्य साहित्यमा फ्रान्सेली साहित्यकार मोन्तैँनले सोह्रौं शताब्दीमा गरे । नेपाली निबन्धमा भने यसको सुरुवात पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाट भएको पाइन्छ ।

नेपाली साहित्यको इतिहासमा आजसम्म प्राप्त हुन सकेका नेपाली गद्यका रचनाहरूमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) नै निबन्धात्मक गुणले युक्त कृति मान्न सकिन्छ । यस कृतिले नेपाली साहित्यको इतिहासमा समेत नयाँ आयाम थप्ने काम गरेको छ, तसर्थ **दिव्योपदेश** नेपाली गद्य साहित्यको इतिहासमा अमूल्य उपलब्धि हो । यही कृतिलाई आधार मानेर नेपाली निबन्धको विकासक्रमलाई निम्नलिखित तीन चरणमा विभाजन गरिएको पाइन्छ ।

### ३.४.१ प्राथमिक काल (१८३१-१९५७)

नेपाल राष्ट्रको एकीकरणसँगै नेपाली भाषाले स्थिरता प्राप्त गर्न थाल्यो र क्रमशः विकसित र विस्तारित हुन थाल्यो । यही समयमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) देखापर्‍यो (श्रेष्ठ र शर्मा, २०४९ : १२८) । यसमा निजात्मक र वैचारिक ज्ञान र अनुभवको मिलन तथा आाख्यानेतर गद्यमा सङ्गठित जस्ता निबन्धात्मक अभिलक्षण भएकाले यस कृतिबाट प्राथमिक निबन्धको अभ्युदय भएको मानिन्छ (सुवेदी, २०५७/०५८ : १) । यसपछि भानुदत्तको **हितोपदेश** (१८३३), शक्तिबल्लभ अर्यालको **हास्यकदम्ब** (१८५५), सुन्दरनान्द वाँडाको **त्रिरत्न सौन्दर्य गाथा** (१९९०), भवानीदत्त पाण्डेको **तत्त्वबोध** (१९९२) आदि खण्डित आख्यान ज्ञान मुक्त र वैचारिकजस्ता निबन्धात्मक गुणले युक्त उल्लेख्य कृतिहरू प्राप्त भए । यस बीचमा सुन्दरानन्द बाँडाको **आध्यात्म रामायण** (१९९०) भवानीदत्त पाण्डेको **आत्मबोध** (१८९३) जस्ता

कृतिहरू आए पनि ज्ञान र अनुभवयुक्त यात्रा र अनुभूतिमा समाहित गरिएको आख्यानेत्तर वा निजात्मक युक्त स्वतन्त्र गद्यात्मक कृति **जङ्गबहादुरको बेलायत यात्रा** (१९०९) निस्कनु भन्दा अगाडिसम्म पनि निबन्धमा उल्लेखनीय कृतिहरू प्रकाशित हुनसकेका देखिँदैनन् ।

पृथ्वीनारायण शाहको **दिव्योपदेश** देखि आरम्भ भएर **जङ्गबहादुरको बेलायत यात्रा**सम्म आउँदा नेपाली साहित्यका अन्य विधाबाट छुट्टिँदै निबन्धका लक्षणका विधाहरू देखापरेका छन् । यो समयमा नेपाली गद्य साहित्यको उठान हुने आधारहरू पाइए पनि अपरिष्कृत भाषा, संरचनाको शिथिलता र आख्यान तत्त्वको अनियन्त्रित प्रयोगले दुर्बल सावित हुन पुगेकाले नेपाली निबन्धको बीजकालका रूपमा नेपाली साहित्यको प्राथमिक काल रहेको छ (सुवेदी; २०५७/०५८ : १८) । पृष्ठभूमिकालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति रहेको पाइन्छ, त्यससँग नेपाली निबन्धलाई शृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ । यिनले माध्यमिक कालीन निबन्धको थालनीलाई पूर्वाधार तयार गरेका छन् । यसकासाथै यिनले गद्यको शृङ्खलालाई क्रमिकता दिने काम पनि गरेको छ ।

## ३.२.२ माध्यमिक काल (१९५८-१९९०)

निबन्धको माध्यमिक कालको अभ्युदयका बारेमा विद्वान्हरूमा विविध मतहरू देखिन्छन् । तापनि मोतीराम भट्टको **भानुभक्तको जीवन चरित्र** (१९४८) बाट टिप्पणी र प्रतिक्रिया तथा अभिमत र वैचारिक निष्कर्ष दिने गद्यात्मक रचनाहरू आरम्भ भएका कारण यसै समयलाई माध्यमिक काल मानिएको छ । काठमाडौँबाट प्रकाशित भएको **गोरखापत्र** (१९५८) यसले साहित्य विकासका लागि ठूलो भूमिका खेलेको छ । यस्तै देशबाहिर पनि विभिन्न पत्रपत्रिकाहरूले साहित्य विकासका लागि **सुन्दरी** (१९६३) **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९६३), **गोरखासंसार** (१९८३), **नेपाली साहित्य सम्मेलन पत्रिका** (१९८९) आदि नेपाली निबन्धको विकासमा योगदान पुऱ्याउने पत्रिकाहरू हुन् । माध्यमिक कालमा भाषा, संस्कृति, जातिगत अस्तित्वलाई आधार बनाएर निबन्धको रचना गरिएको पाइन्छ । यस अवधिका निबन्धलेखनमा सक्रिय देखिने स्रष्टाहरू र तिनका रचनाहरू हुन् - हरिहर आ. दी को 'गोर्खाभाषा दुर्दशा' वीरेन्द्र केशरी अर्यालको 'बेसरी,' राममणि आ.दी को 'कवितारीति' आदि । आ.दी. को 'कवितारीति' निबन्धले मोतीराम भट्टले आरम्भ गरेको समालोचनात्मक निबन्ध

लेखनलाई निरन्तरता प्रदान गरेको छ । राममणि आ.दी को 'मातृभाषाकी आवश्यकता' निबन्धले वस्तुपरकशिल्पमा समस्या राख्ने परम्परा आरम्भ गरेको छ ।

यसै क्रममा 'अघि मूर्ख पछि बुद्धिमान्' (१९५९), 'निद्रा' (१९६६), 'दूधको गुण अवगुण' ( १९६७) 'सुखदुःख' (१९६७), 'शिशु र शिक्षा' (१९६०) जस्ता लेखहरूले माध्यमिक कालीन समयको निबन्धको रेखाकोर्न पुगेको देखिन्छ । यसपछि **चन्द्र** (१९७१) **गोर्खाली** (१९७२) जस्ता पत्रिकाको प्रकाशनले निबन्ध विकासमा महत्त्वपूर्ण आयाम थपेको देखिन्छ । **चन्द्र** पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिका निबन्धहरू प्रकाशित भएका छन् भने गोर्खालीमा सूर्यविक्रम ज्ञवालीको 'सोक्रेटसको बहस' छापिएको छ । पद्मनाभ सापकोटाका निबन्धात्मक कृतिहरूमा गद्यात्मक, निजात्मक एवम् वैचारिक आग्रहको प्रस्फुटन माध्यमिक कालका निबन्धमा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ (सुवेदी; २०५७/०५८ : १८) ।

यस कालका निबन्धमा साहित्यसेवा, चरित्रसुधार, नैतिकता आदिलाई विषयवस्तु बनाएको भेटिन्छ । त्यस्ता निबन्धका संरचनाहरूमा शिथिलता, भाषिक स्थिरताको अभाव र प्रायः वर्णन र विवरणप्रधान रहेको देखिन्छ । यस कालका निबन्धहरूमा वर्णनात्मकताको प्रधानता रहेको पाइन्छ भने शैलीगत परिमार्जन तथा अनुभूतिको अभाव पनि रहेको देखिन्छ । यिनमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना र दार्शनिक उच्चता पनि न्यून रहेको पाइन्छ । यति हुँदाहुँदै पनि नेपालीपनको उत्थानका लागि जागृतिको सन्देश दिने प्रयत्न ती निबन्धकारले गरेका छन् । तिनीहरू १९९० पछि थालनी भएको आधुनिक निबन्धको आधारशीलाका रूपमा देखिन्छन् ।

### ३.२.३ आधुनिक काल (१९९१)

नेपालको मध्यमवर्गीय चेतना बौद्धिकतातिर अग्रसर भई राजनीतिक वातावरण जटिल हुँदै गइरहेको अवस्थामा वि.सं. १९९१ मा **शारदा** पत्रिका प्रकाशित भयो । यसको प्रकाशनलाई नेपाली साहित्यको इतिहासमा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । **शारदा** पत्रिकाको प्रकाशनपछि नेपाली साहित्यका प्रायः सबै विधाहरूसँगै निबन्ध विधा पनि आधुनिक कालमा प्रवेश गर्नपुग्छ । यसरी नेपाली निबन्धले आधुनिक युगको सूत्रपात गर्नमा **शारदा** पत्रिकाको उल्लेखनीय भूमिका रहेको स्पष्ट हुन आउँछ । निबन्धका वैशिष्ट्यका आधारमा आधुनिक नेपाली निबन्धको विकासक्रमलाई चार चरणमा विभाजन गरी हेर्न सकिन्छ ।

### ३.२.३.१ पहिलो चरण (१९९१-२००३)

वि.सं. १९९१ मा **शारदा** पत्रिकाको प्रकाशनले नेपाली साहित्यका क्षेत्रमा नयाँ मोड ल्याउन सफल भयो तसर्थः भन्न सकिन्छ नेपाली निबन्धमा आधुनिक युगको सुरूवात गर्ने श्रेय **शारदा** पत्रिकालाई जान्छ । बालकृष्ण समको 'वर्दाहमा शिकार' लाई आधार मानेर उनलाई प्रथम निबन्धकार मानेका छन्, तर त्यो रचना निबन्ध मानिए पनि पूर्णतः निबन्ध होइन कथा हो (सुवेदी; २०५७/०५८ : १८) । समकै 'वर्दाहामा शिकार' पछि 'आत्माविश्वास', 'पानी' जस्ता निबन्धहरू आए पनि दार्शनिक दृष्टि र बौद्धिकताका कारण आजको निबन्धले प्रतिस्थापन गरेको मूल्यलाई नेतृत्वदिन नसकेका हुनाले नै लक्ष्मीप्रसाद देवकोटाको **शारदा** पत्रिकामा प्रकाशित 'आषाढको पन्ध्र' निबन्धले उनमा रहेको सौन्दर्यचेतलाई पहिलो पल्ट समुद्घाटन गर्‍यो । यस निबन्धले कला र सौन्दर्यको नयाँ मूल्यलाई प्रतिस्थापित गर्न गहन भूमिका खेलेको कुरा प्रष्ट हुन्छ । आधुनिक निबन्धको प्रथम चरणको नेतृत्व देवकोटाले गरेका हुन् । यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ । यस चरणका निबन्धहरूमा विचार भन्दा बढी भाव र अन्तर्मुखी चिन्तन प्रस्तुत भएका छन् । **पहाडी जीवन**, **भलादमी, निद्रा, हाइहाइ अङ्ग्रेजी** एवम् अन्य प्रसिद्ध प्रबन्धसङ्ग्रह अनुदित हुँदै देवकोटाको निबन्धकार व्यक्तित्व वि.सं. २००२ मा **लक्ष्मी निबन्ध सङ्ग्रह** जस्ता महत्त्वपूर्ण सङ्ग्रह निर्माण गर्न पुग्दछन् । यस्तै बोधविक्रम अधिकारीको 'कविता मातासँग 'मेरो गन्थन', प्रेमराज शर्माको पत्रात्मक शैलीको हास्यव्यङ्ग्यात्मक 'पण्डितजिको चिठी' आदि पनि देवाकोटाको भावनात्मक निबन्धको गोरेटो पछ्याएर प्रकाशित भए । यस चरणमा सूर्यविक्रम ज्ञवालीले ऐतिहासिक अनुसन्धानमूलक निबन्ध लेखेका छन् भने रूपनारायण सिंहले तार्किक शैली एवम् अनुप्रासमय सुललित भाषा प्रयोगका निबन्ध लेखेका छन् । पारसमणि प्रधानले संस्मरणमा आधारित आत्मपरक निबन्ध लेखेका छन् साथै बदरीनाथ भट्टराई र भीमनिधि तिवारीले वस्तुपरक निबन्ध लेखेका छन् भने यदुनाथ खनाल र रामकृष्ण शर्माले आलोचनात्मक एवम् विचारात्मक निबन्धहरू लेखेका छन् । यी विभिन्न निबन्धकारहरूका विभिन्न किसिमका निबन्धहरू रचना गर्नुका साथै यस अविधिको निबन्ध विधाको विकासमा **शारदा,** त्यसपछि, **उदय, नेबुला', परिवर्तन, खोजी** पत्रिकाहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०४९ : १४१-१४२) । नेपाली निबन्धको विकासक्रम अध्ययन गर्दा उपर्युक्त निबन्धकारहरूमध्ये देवकोटा यस प्रहरका र नेपाली निबन्धका केन्द्रीय

प्रतिभा हुन भन्न सकिन्छ । जसमा बाबुराम आचार्य, महेशचन्द्र रेग्मी, रूद्रराज पाण्डे, अच्छा राई 'रसिक' आदि निबन्धकारहरूले यस चरणलाई संवृद्ध पार्न ठूलो भूमिका खेलेका छन् । यस चरणमा देवकोटाले स्वच्छन्दतावादी प्रवृत्ति, बालकृष्ण समको शास्त्रीयतावादी प्रवृत्ति र हृदयचन्द्र सिंहले आलोचनात्मक यथार्थवादी प्रवृत्तिको पनि वीजारोपण गर्ने काम गरेको पाइन्छ ।

## ३.३.२ दोस्रो चरण (२००४-२०१६)

आधुनिक नेपाली निबन्धको दोस्रो चरणको प्रारम्भ देवकोटाको सम्पादकत्वमा बनारसबाट प्रकाशित **युगवाणी** (२००४) साहित्यिक पत्रिकासँगै भएको हो । यस पत्रिकाको साथसाथै **साहित्यस्रोत** (२००४) **जनसाहित्य** (२०११), **दियालो**'(२०१३), **नौलो पाइला** (२०१३) आदि पत्रिकाहरूले निबन्धको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । **युगवाणी** (२००४) पत्रिकामा देवकोटाको 'समाजवादको धुनमा' नारायणप्रसाद भट्टराईको 'हावावाजी' अच्छा राई 'रसिक' को 'नारी समस्याको हल' रूद्रराज पाण्डेको 'गुन्द्रुकको पुकार' आदि जस्ता निबन्धहरू यस पत्रिकामा प्रकाशित भएका छन् । यी निबन्धहरूले तत्कालीन राजनीतिक अवस्थाले जन्माएका विसङ्गति र विकृतिहरूको अन्त्य गरी स्वस्थ र सुन्दर समतामूलक समाजको स्थापना गर्ने लक्ष्यमा जोड दिएका छन् । देवकोटाले प्रकृतवादी स्वच्छन्दतवादतर्फ उत्साहित हुँदै सौन्दर्य चेतनाबाट आफ्नो लेखनलाई अगाडि बढाउनु यस चरणका प्रमुख प्रवृत्ति मान्न सकिन्छ । यसैगरी (२००४) सालमा नै हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा **साहित्यस्रोत** पत्रिकामा निजात्मक निबन्धहरू प्रकाशित भएका छन् । यस चरणमा पहिलो निबन्धकारका अतिरिक्त रामकृष्ण शर्मा कमलमणि दीक्षित, तारानाथ शर्मा, ईश्वर बल्लभ श्यामप्रसाद शर्मा, बासुदेव शर्मा, केशवराज पिंडाली आदि निबन्धकारहरू देखा पर्दछन् ।

दोस्रो चरणमा पत्र-पत्रिकाको प्रभाव देखापर्नुका साथै निबन्ध सङ्ग्रहहरू पनि प्रशस्त पाउन सकिन्छ । सङ्ग्रहका रूपमा हृदयचन्द्रसिंहको **तीस रूपियाँको नोट** (२००४), **जुँघा** ( २००९) **कुरा साँचो हो** (२०११), बदरीनाथ भट्टराईको **पच्चिस प्रबन्ध**' भीमनिधि तिवारीको **प्रन्ध प्रबन्ध** (२००८) अच्छा राई 'रसिक' **सप्तकोशी** (२०११), श्यामप्रसाद शर्मा, (२०१४), केशवराज पिंडाली **खै खै** (२०१६) यी निबन्धकार र निबन्धसङ्ग्रहहरूले यस चरणलाई उर्वर पारेका छन् । यस चरणमा आत्मपरक र वस्तुपरक हास्यव्यङ्ग्यात्मक निजात्मक, आलोचनात्मक, यथार्थवादी,

क्रान्तिकारी स्वच्छन्दतावाद आदिमा केन्द्रित रहेर समाजका ठूला बडाहरूका षड्यन्त्रबाट सर्वसाधारण मानिसहरूले कसरी जेलिएका हुन्छन् भन्ने तथ्य स्पष्ट पार्दै अन्याय र अत्यचार शोषणको विरोध गरी क्रान्ति भावनाको वीजारोपण गरेको पाइन्छ ।

### ३.३.३ तेस्रो चरण (२०१७-२०३५)

वि.सं. २०१७ मा प्रकाशित **रूपरेखा** पत्रिकाबाट आधुनिक नेपाली निबन्धको तेस्रो चरण प्रारम्भ हुन्छ । **रूपरेखा** पत्रिकाको प्रकाशनसँगै देशभित्र र देशबाहिरबाट अनेकौँ समाचारमूलक र साहित्यिक पत्रिकाको बाढी आएको पाइन्छ । विभिन्न संङ्घसंस्थाको मुखपत्रबाट निबन्ध प्रकाशनमा तीब्रता र पञ्चायती शासनको आर्विभावबाट समाजमा वाक् तथा प्रकाशनको स्वतन्त्रता सुरू भएको र विश्वजगत्मा खुलेको चिन्तन र ज्ञानको प्रकाशनको निरन्तरता दिने क्रममा दुरूहता र तीव्र व्यङ्ग्यात्मकता दिशाको चयन गर्ने अवस्थाको जन्म हुँदै गएको देखिन्छ । यस्ता दुरूहता र बौद्धिकताको अगुवाई गर्ने निबन्धकारहरूमध्ये शङ्कर लामिछानेलाई प्रयोगशील निबन्धका श्रेष्ठ प्रतिभा मान्न सकिन्छ । उनका **एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४), **गोधुली संसार** (२०२६), **बिम्ब प्रतिबिम्ब** (२०२८), **शङ्कर लामिछाने** जस्ता लयात्मक, चित्रात्मक र काव्यात्मक भाषामा बौद्धिकता र चिन्तनशीलता तथा प्रयोगधर्मिताको सफल प्रयोग भएका निबन्धहरू पृथक् किसिमको मोड भित्र्याउन सफल भएका छन् ।

त्यस्तै प्रयोगघर्मी निबन्धकार शङ्कर लामिछानेका उत्तरवर्ती भएर प्रस्तुत भएका कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा शैलीगत नवीनता, प्रयोगधर्मिता, वैचारिक स्पर्श, प्रगतिवादी स्वर आदि प्रवृत्तिहरू पाइन्छन् । यसैगरी तेस्रो चरणमा हास्यव्यङ्यात्मक चेतको अगुवाई गर्ने निबन्धकारहरू भैरव अर्याल, श्रीधर खनाल, रुद्र खरेल, बालमुकुन्ददेव पाण्डे, रामकुमार पाण्डे आदि पर्दछन् (सुवेदी; २०५७/०५८ : १८) । नियात्रात्मक निबन्ध लेखनमा लैनसिंह वाङ्देल, तारानाथ शर्मा, जनकलाल शर्मा आदि उल्लेखनीय छन् भने संस्मरणात्मक निबन्ध लेखनमा विश्वेश्वरप्रसाद, पारिजात, श्यामप्रसाद शर्मा आदि पर्दछन् ।

यस अवधिमा अन्य व्यापक चर्चित निबन्धकारहरू रमेश विकल, गोविन्द भट्ट, चूडामणि रेग्मी, मदनमणि दीक्षित, बालकृष्ण पोखरले, बल्लभमणि दाहाल, धनुषचन्द्र गौतम, कमल दीक्षित, कृष्णप्रसाद पराजुली, बासुदेव त्रिपाठी, मोहनराज शर्मा, रामलाल अधिकारी,

कृष्णचन्द्रसिंह प्रधान आदिले निबन्धलाई एकातिर जटिल र बौद्धिक दुरूहताको धरातलमा पुऱ्याएका छन् भने अर्कातिर हार्दिक तहसम्म पुऱ्याएका छन् ।

### ३.३.४ चौथो चरण (२०३६-हालसम्म)

यस चरणलाई समसामयिक चरणसमेत भन्ने गरिएको छ । यस समसामयिक चरणमा पनि विभिन्न पत्र-पत्रिकाहरू **मधुपर्क**, **नेपाली रचना, प्रज्ञा, गरिमा** आदि थुप्रै पत्रिकाहरूले निबन्ध लेखनमा उल्लेखनीय भूमिका पुऱ्याएका छन् । यस कालमा लेखिएका निबन्धहरू क्षणिकमात्र नभए चीर कालसम्म प्रभाव राख्ने किसिमका छन् । २०३६ सालको राजनीतिक परिवर्तनले केही हदसम्म प्राप्त लेखन स्वतन्त्रता सार्वजनिक स्थलमा गोष्ठी, सम्मेलन आदिको आरम्भ भएपछि पञ्चायतको निर्विकल्पमा बहुदलको रेखाङ्कनसम्मको प्रयास हुन थालेको देखिन्छ । यसैक्रममा चिन्तनमा बहुआयामिकताको प्रस्तुति नव चिन्तन र बहुल संस्कृतिको ग्रहण गर्ने परम्पराको अभ्यास भएको पाइन्छ । विभिन्न राजनीतिक उत्तारचढाव समसामयिक मूल्य र मान्यतामा देखापरेका अनेक अन्तर्राष्ट्रिय परिवर्तन आदिले निबन्धका विषय वा स्वरमा परिवर्तन आउने क्रममा निबन्धमा तत्कालीन व्यवस्थाप्रतिको बिद्रोह, तत्कालीन राजनीतिक पक्षको यथार्थ वातावरण र विसङ्गतिलाई केही परोक्ष रूपमा त त्यसपछि खुल्ला रूपमा व्यङ्ग्य प्रहार गर्न थालेको निबन्धात्मक प्रवृत्तिहरू देखापर्दछन् (सुवेदी, २०५७/०५८ : १८) ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि अराजकतामूलक स्वच्छन्दतावादको विकास हुँदै गएको छ । यसरी समाजमा देखिएका विकृति, विसङ्गति, भौतिक स्रोत र साधनको विनासहरू, देशमा बढ्दो बेरोजगारी समस्या, युवा युवतीहरूमा बढ्दैगएको अनुशासनहीनता, राजनीतिक, आर्थिक थिचोमिचो, बलात्कार हत्या, आतङ्क गुण्डागर्दीका साथसाथै राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा फैलिएको रक्तपात आदि समाजका विद्यमान विसङ्गतिले जन्माएको विकृतिमाथि तीब्र प्रहार गर्ने निबन्धकारहरू हुन्: रमेश विकल, गोविन्द भट्ट, चूडामणि रेग्मी, मदनमणि दीक्षित, माधवप्रसाद पोखरेल, निर्मोही व्यास, यादव खरेल, गोपीकृष्ण शर्मा, राममणि रिसाल, मोहनराज शर्मा, घनश्याम कँडेल, रुद्र खरेल, राजेन्द्र सुवेदी, मनोजबाबु मिश्र, मेघराज मञ्जुल, भीष्म उप्रेती, सुधा त्रिपाठी, नरेन्द्रराज प्रसाई, युवराज नयाँघरे, कृष्ण धरावासी, मुकुन्द आचार्य, जगदीशचन्द्र भण्डारीलगायतका निबन्धकारहरूबाट देश र जनतालाई बाधा पुऱ्याई नैसर्गिक अधिकारमाथि भइरहेको अतिक्रमणलाई हटाउनका लागि निबन्धात्मक सृजना

मार्फत गरिएका प्रयासहरू साथै जीवनजगत्मा देखिने विकृति र विसङ्गतिलाई परम्परागत ढाँचाका अतिरिक्त नवीन शिल्प र शैलीको प्रयोग गरेर निराकरणका लागि गरिने प्रयत्नहरू यस अवधिका उपलब्धि मान्नु बाञ्छनीय ठहर्छ ।

## ३.४ निष्कर्ष

साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध पनि एक साहित्यिक विधा हो । निबन्ध साहित्यको गद्य विधा हो । नेपाली निबन्धको सुरूवात् पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाट भएको मानिन्छ । नेपाली निबन्धको विकासलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन चरणमा विभाजन गरिएको छ । यीमध्ये प्राथमिककाल (१८३१-१८५७), माध्यमिक काल (१८५८-१९९०) र आधुनिककाल (१९९१-देखि हालसम्म रहेको छ । नेपाली निबन्धको आधुनिक काललाई चार उपचरणमा विभाजन गरिएको छ । तीमध्ये पहिलो उपचरण (१९९१-२००३) दोस्रो उपचरण (२००४-२०१६), तेस्रो उपचरण (२०१७-२०३५) र चौथो उपचरण (२०३६ देखि हालसम्म रहेको छ ।

रुद्र खरेलको २०२५ साल देखिको औपचारिक साहित्यिक यात्रा २०४८ सालसम्म आभ्यासिक तथा सुस्त देखिन्छ । २०४९ सालमा उनको निबन्धात्मक प्रथम कृति प्रकाशित भएपछि उनी निबन्धका क्षेत्रमा तीव्र कलम चलाउने निबन्धकारका रूपमा चिनिएका छन् । उनले आफ्ना निबन्धहरूमा निबन्धहरूमा राजनीतिक पार्टीभित्रका आन्तरिक खिचातानीप्रति व्यङ्ग्य गरेका छन् । सामाजिक तथा सांस्कृतिक विकृति विसङ्गतिको भण्डाफोर, कानुनीतन्त्रको मनपरीतन्त्र, साहित्यिक आन्दोलनमा देखिने कुत्सित सत्कार, युद्धकालीन समयमा नेपालीको स्थिति तथा सामाजिक, आर्थिक, प्रशासनिक, धार्मिक, शैक्षिक, राजनीतिक आदि क्षेत्रका गलत आचरणलाई कटाक्ष प्रहार गर्न उनका निबन्धहरू सफल रहेका छन् । उनी राष्ट्रियताका सवालमा समेत उत्तिकै सचेत छन् । उनले भाषा, वंश, संस्कार, आचरण अनि माटाप्रतिको माया बोलीबाट नभएर व्यवहारबाट देखाउनुपर्ने मत राखेका छन् । निबन्धहरू प्रतीकात्मक आयोजनाले कसिलो बनेका छन् । यसरी नेपाली निबन्ध यात्राको तेस्रो चरणदेखि निबन्ध लेखनमा सक्रिय बनेका उनी निबन्धका क्षेत्रमा हास्यव्यङ्ग्य निबन्धकारका रूपमा स्थापित भएका छन् ।

# अध्याय : चार

# ‘तेस्रो आँखा’ निबन्ध सङ्ग्रहको विधातात्त्विक विश्लेषण

## ४.१ परिचय

‘तेस्रो आँखा’ निबन्ध सङ्ग्रह सहस्राब्दी प्रकाशन प्रा.लि.ले प्रकाशन गरेको रुद्र खरेलको उत्कृष्ट कृति हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा खरेलका २०६० देखि २०६१ साल असोजसम्म लेखिएका जम्मा १४ वटा निबन्धहरू समाविष्ट छन् । खैरो रङ्गको पृष्ठभूमिमा कालो, सेतो, पहेंलो कागज टाँसिएको जस्तो दखिने आवरण पृष्ठको बाँया भागमा छरिएका मान्छेहरूको समूह देखिन्छ भने बाँया भागमा निबन्धसङ्ग्रहको नाम (तेस्रो आँखा) राता अक्षरमा लेखिएको छ । यी दुईबीचको भागमा तेस्रो आँखाको सङ्केत गर्ने आँखाको चित्र छ । सङ्ग्रहको पुच्छारमा लेखकको नाम (रुद्र खरेल) उल्लेखित छ । तल्लोपट्टिको बायाँ भागमा साना अक्षरमा आवरण कलाको निर्माण कर्ता के.के.कर्माचार्यको हस्ताक्षर देखिन्छ । सङ्ग्रहको पछिल्लो पट्टिको बाहिरी भागमा सर्जकको फोटोसहित उनका प्रकाशित निबन्धात्मक कृतिहरूको विवरण उल्लेखित छ । त्यसभन्दा तल खरेलका निबन्धकारिताका विषयमा विभिन्न विद्वान्हरूले भनेका विभिन्न पुस्तक तथा पत्रिकाहरूमा प्रकाशित लेखहरूबाट केही भनाइहरू उद्धृत गरिएको छ । निबन्ध सङ्ग्रहको दोस्रो पाताको सिरानमा सङ्ग्रहको नाम लेखिएको छ भने ठीक त्यसमुनि कोष्ठक चिन्हभित्र निबन्ध सङ्ग्रहलाई व्यङ्ग्यात्मक निबन्धसङ्ग्रहका रूपमा परिचय दिने कार्य गरिएको छ । बीच भागमा निबन्धकारको नाम उल्लेख गर्नुका साथै पुच्छारमा प्रकाशक (सहस्राब्दी प्रकाशन प्रा.लि.को नाम लेखिएको छ । पछिल्लो भागमा निबन्ध सङ्ग्रहको नाम, सर्जकको नाम, प्रकाशन मिति, प्रति, आवरणकला, कम्प्युटर, मुद्रण, प्रकाशक, फोन र मूल्यका विषयमा जानकारी दिइएको छ । जम्मा चौधवटा निबन्धहरू ६८ पृष्ठको लमाइमा फैलिएको प्रस्तुत सङ्ग्रहले मध्यम आकृति प्राप्त गरेको देखिन्छ ।

खरेलको निकै उत्कृष्ट निबन्ध सङ्ग्रहका रूपमा परिचित प्रस्तुत सङ्ग्रहमा लेखकीय मन्तव्यलाई ‘आमुख’ स्तम्भ अन्तर्गत ‘जीवन तलबाट माथि हामफालाइ, फेरि पनि हाम फालाइ फेरि पनि’ शीर्षक दिएर निबन्धात्मक समस्तरकै रचनाका रूपमा राखिएको छ । यसमा आर्थिक कारोबारमा संलग्न एकजना व्यापारीलाई काखीका रौं काटिरहेको बेलामा टेलिभिजनले देखाएर उनको सफल जीवनको वर्णन गरेको प्रसङ्ग उल्लेख गर्दै सफलता-असफलतालाई लेखकीय

दृष्टिमा परिभाषित गरिएको छ । प्रस्तुत निबन्ध सङ्ग्रह मार्फत समकालीन राजनैतिक तथा प्रशासनिक क्षेत्रमा देखिएका असङ्गत पक्षको भण्डाफोर गर्ने कार्य गरिएको छ । राजाको सक्रियतामा सरकार चलेको र मानव अधिकार विखण्डित भएको विषयवस्तुको अभिव्यञ्जना सशक्तताका साथ गरिएको छ ।

## ४.२ विषयवस्तु

**तेस्रो आँखा** निबन्ध सङ्ग्रहका निबन्धहरू प्रायः राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई आधार बनाएर लेखिएका छन् । यस सङ्ग्रहमा जम्मा १४ वटा निबन्धहरू सङ्कलित छन् । ती निबन्धहरूको विश्लेषण विषयवस्तुको प्रकृतिका आधारमा छुट्याएर निम्नानुसार गरिएको छ :

### ४.२.१ सामाजिक विषयवस्तु

समाजका देखिएका विषयवस्तुलाई समेटिएको निबन्ध सामाजिक निबन्ध हो । समाजमा भएका विकृति विसङ्गतिप्रति हास्यव्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको निबन्ध पनि सामाजिक निबन्ध हो भने समाजका अन्याय, अत्याचार, शोषण आदिलाई प्रस्तुत गरेर स्वस्थ समाजको निर्माण गर्नका लागि लेखिएका निबन्धहरू पनि सामाजिक निबन्धहरू हुन् । रुद्र खरेलले पनि **तेस्रो आँखा** निबन्धहरूमध्ये केही निबन्धहरूमा समाजका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । यस निबन्ध सङ्ग्रहमा समाजमा भएका अन्याय, अत्याचार, शोषण आदिलाई समेटेर ‘थुक्क असत्ति सहर’, ‘सगरमाथाको फेदीबाट रुस्लानलाई यो सम्बोधन’, ‘ओथेलो र कम्व्याट ड्रेस’, ‘एउटा दन्त्य कथा’, ‘छाउपडी र मुक्ति’ जस्ता निबन्धहरू लेखेका छन् । यी निबन्धहरूमा प्रयुक्त सामाजिक विकृतिको चित्रण, सांस्कृतिक पक्ष, मानवीय कमजोरी, त्रासयुक्त समाजको चित्रण, सामाजिक समस्या, लैङ्गिक विभेद जस्ता विषयवस्तुलाई निम्नलिखित विभिन्न उपशीर्षकमा छुट्याएर विश्लेषण गरिएको छ :

#### (क) सामाजिक विकृतिको चित्रण

सामाजिक विषयवस्तुअन्तर्गका केही निबन्धहरूमा निबन्धकारले सहरभित्रका मान्छेहरूको सोचाइ, चिन्तन र इच्छामा आउँदै गरेको गलत प्रवृत्तिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । निबन्धहरूमा गाँउमा रोग, भोकले गर्दा जनता सङ्कटग्रस्त अवस्थामा जीवन धान्न बाध्य भए पनि सरहमा दालभात र रोटी खाँदा राती निन्द्रा नलाग्ने कुरा बताइएको

छ । सहरका मान्छेहरूलाई पिजा, मसरुम, सुप, तन्दुरी मम र एक गिलास रक्सी खाएपछि मात्र निद्रा लाग्ने कुरा, सहरिया परिवेशमा हुर्केका मानिसहरूमा गरिब र निमुखाहरूको दयनीय अवस्थाप्रति कुनै संवेदना नभएको कुरालाई प्रस्तुत गर्दै मानिस रातरात क्रूर र हिंस्रक बन्दै गएको छ । सहरका मान्छेहरूमा आफ्ना दाजुभाइहरूले भोग्नु परेको दुःखप्रति कुनै वास्ता छैन, बरु ती मान्छेहरू त विश्वका हिरो, हिरोइन, अन्तर्राष्ट्रिय पोसाक, फिल्म, नायक नायिकाहरूले गरेका अभिनय आदि कुरामा अल्झिएको वास्तकवितालाई समेत बनाएका छन् ।

यसरी नै सहरका मान्छेहरूले आफ्नो संस्कृतिलाई बिर्सेर सहरका मान्छेहरू क्रिसमससमा मस्त भएको अवस्था, विभिन्न आन्दोलनमा पुलिसले कुटेर घाइते भएका मानिसहरूको मर्मप्रति कुनै पनि मान्छेलाई संवदना नभएको अवस्था, बाटामा लडिरहेका लासलाई देखेको नदेखेझैँ गरेर हिँडेको अवस्थालाई समेत सामाजिक विषयवस्तु भएका निबन्धहरूमा चित्रण गरिएको छ ।

यसै गरी गाउँमा फोहोर पानी खाएर हैजा फैलिएर मर्नेहरूको सङ्ख्या बढेको कुरामा सहरका मान्छेलाई कुनै चिन्ता नभएको, सहरका मान्छेहरू भ्रष्टाचार गरेर चिल्ला गाडीमा कुँदेका छन् सरकार ऋण तिर्न विभिन्न वस्तुको मूल्य बढाउँदा गाउँलेहरू मारमा परेको कुरालाई समेत निबन्धहरूमा उल्लेख गरिएको छ । अखाद्य वस्तु खाएर विभिन्न रोगका सिकार भए पनि सरहका मान्छेहरू खोक्रा आदर्शका सपना बाँड्दै गाउँलेहरूलाई भुल्याइरहेको, गाउँमा जानका लागि हेलिकप्टरको प्रयोग गर्दा लागेको खर्च भने गाउँले बेहोर्नपर्ने अवस्था, जनतालाई झुक्याएर भए पनि राम्रो लुगा लाएको र मिठो खाना खाने सहर निवासी उच्च पदस्थ कर्मचारीहरूको प्रवृत्तिलाई प्रस्तत गर्दै निबन्धकारले योजना, बजेट सहरमुखी बन्दै गएको कुरालाई समेत निबन्धहरूमा प्रस्तुत गरेका छन् । जनताको पसिना लुटेर सहरका मान्छेहरू भौतिक सम्पन्न बन्दै गए तापनि ग्रामीण क्षेत्रमा जनताहरू भने रोग, भोक र शोकले पिल्सिरहनु पर्ने वास्तविकतालाई पनि निबन्धहरूमा समेटिएको छ ।

अनिकाल र शीतलहरमा अभागी जननताहरूले कष्ट काटिरहेको अवस्थामा नेताहरू भने ऐस आराम जनताको दुःखलाई बेबस्ता गरेर अन्तर्राष्ट्रिय परिवेशमा रमाइरहेको वास्तविकतालाई समेत निबन्धकारले विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

रुसमा सेनाले चेचेन्यामाथि आक्रमण गरेर कैयौँ निर्दोष जनताहरू मारेको र त्यहाँ व्यापक रूपमा धनजनको क्षति भएको कुरा बताउँदै निबन्धकारले नेपालमा पनि १२ बर्से जनयुद्धका बेला कैयौँ नेपाली जनताहरूले अकालमा मृत्यु वरण गर्नुपरेको यथार्थलाई निबन्धकारले 'सगरमाथाको फेदीबाट रुस्लानलाई यो सम्बोधन' निबन्धमा प्रस्तुत गरेका छन् । १२ बर्से जनयुद्धका बेला कैयौँ बाबुआमाका छोराछोरीले अकालमा ज्यान गुमाउनु परेको, कैयौँ महिलाहरू विधवा हुनु परेको, कैयौँ जनताहरू विस्थापित हुनुपरेको, दोहोरो भिडन्तमा सरकार पक्षले पनि कैयौँ नेपालीहरूलाई पनि वीभत्स हत्या गरेको, द्वन्द्वको मार जनताले नै भोग्नु परेको, सरकारका उच्च पदका कर्मचारीहरू धुस, भ्रष्टाचारमा पल्केकाले निर्दोष कैदीहरू जेलबाट छुट्न नसकेको र नेपाल ठूलाबडाका लागि मोजमस्ती र सुखसुविधाका साधन र गरिबहरूको दुःखपीडा भोग्ने बनेको कुरा आदिलाई निबन्धमा चित्रण गरिएको छ । उदाहरणका लागि एक अनुच्छेद हेरौँ :

"रुस्लान, तिमी मात्रै होइन, हामी पनि रोएका छौँ । दीप श्रेष्ठको गीतसँगै- भिरमा उनिनु त्यो एउटा कुरा, पिरमा उनिनु त्यो अर्को कुरा, नभिज्ने आँखा कसको छ र ? तर झर्नु नझर्नु अर्को कुरा ........। तर, बाजुराकी युवती अमृताको मुटुमा गाँठो पर्‍यो । उनका भिजेका आँखाबाट तप्ल्याक तप्ल्याक आँसुका थोपा झरे" (खरेल, २०६१ : ४७) ।

विश्वका अरु देशजस्तै नेपाल पनि चपेटामा परेको छ । बममा अरु देश मात्र होइन नेपाल पनि डुबेको छ । यस्ता बम खरिद गर्ने पैसाले कति गरिबहरूको भोक मर्ने थियो । सकेट बम फालेर निर्दोषको ज्यान लिएर आतङ्ककारीको ज्यान गयो भनी झुटो ढ्वाङ्ग फुकिन्छ । भित्र सकेट बम बोकेर बाहिर शान्तिको सन्देश फैलाउने प्रवृत्ति पनि नेपालमा बढेको छ । मानिसहरू राक्षसी स्वभावका बन्दै छन् । यसरी नेपालीका जनताहरूमा बाहिरी देखावटी व्यवहार बढेको कुरालाई विषयवस्तुका रूपमा निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

निबन्धमा निबन्धकारले रुसी सेनाले चेचेन्यामाथि आक्रमण गरेर जनधनको व्यापक क्षति भए जस्तै नेपालमा पनि सरकार र माओवादीबीच भएको युद्धबाट धेरै निर्दोष नेपाली नागरिकले ज्यान गुमाएको, कति परिवारको अवस्था विचलित भएको र जनधनको अत्यधिक क्षति भएको विषयवस्तुलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । सरकारले युद्धका लागि अनेकौं हतियारका लागि पैसा खर्च गरेको तर रुकुम, रोल्पाजस्ता नेपालका धेरै जिल्लामा

भोकभोकै मर्न लागेका गरिब र निमुखामाथि वेवास्ता गरेको प्रतिगमनकालीन दुष्कृत अवस्थामाथि व्यङ्ग्य प्रहार गरेका छन् । साथै निबन्धमा युद्ध सन्त्रासजस्तै तथाकथित विकसित समाजमा छाएको यौन सन्त्रासप्रति प्रहार गरिएको छ ।

## (ख) मानवीय कमजोरी

सामाजिक विषयवस्तुअन्तर्गत 'पासपोर्ट साइज' निबन्धमा निबन्धकारले वर्तमान समयका मानवहरूको व्यवहारको चित्रण समेत गरेका छन् । नाकलाई बढी महत्त्व दिने हाम्रो समाजमा पाटपोर्ट समाइजको फोटोमा नाक देखिने भएकाले हाम्रो प्रेम, रोमान्स, विश्वास पनि पाटपोर्ट साइजको हुँदै गएको अवस्थालाइ निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

समाजमा नमस्कार पनि पीडित भएको छ । लोकतन्त्र पनि पासपोर्टमा सीमित भएको छ । सरकारी कार्यालयमा काम गर्ने मानिसहरू पनि पासपोर्ट साइजको काम गर्छन् । पालेहरूले मात्र फुल साइजको नमस्ते गर्ने गरेको, नैतिकता पनि पासपोर्टमा सीमित भएको, साँच्चि नै जीवन नै पासपोर्टमा सीमित हुँदै गएको अवस्थामा निबन्धकार यस्तो परम्पराप्रति तिखो व्यङ्ग्य गर्दै यस्तो परम्परालाई हाम्रो देशबाट हटाउनुपर्ने कुरा व्यक्त गर्दछन् । विद्यार्थीहरू पनि पासपोर्ट साइजको गाइडमा निर्भर हुनु, विद्वत्ता पनि पासपोर्ट साइज बन्दै गएको, सरकार पनि पासपोर्ट साइजको कार्यमा लागेको, अरु त होइन लेखकहरू पनि पासपोर्ट साइजतिर आकर्षित भएको कुरालाई औंल्याएका छन् ।  यो विषयलाई निबन्धकारले यसरी प्रस्तुत गरेका छन् :

"टुक्रे सभ्यता र औपचारिकताले कहाँ पो आफ्नो छाप छाडेन र ? यसबाट हाम्रो परम्परागत नमस्कार गराइ पनि पीडित भएको छ । फुल साइजको नमस्ते पासपोर्ट समाजमा टाक्सिएको देख्दा कसको चित्त नकाटिएला ? फुल साइजको नमस्ते खान त भाग्यमै लेखिएको हुनुपर्छ" (खरेल, २०६१ : २५) ।

यसरी आजको मान्छे सीमित रुपमा आकर्षित बन्दै गएको छ । सबैलाई हतार चाहिएको छ । छोटो समयमा धेरै उपलब्धि हासिल गर्न लागि परेको कुरालाई निबन्धकारले यस निबन्धमार्फत औँल्याएका छन् ।

## (ग) त्रासयुक्त समाजको चित्रण

वर्तमान समयमा विश्वमा आतङ्कवादी गतिविधि बढ्दै गएको अवस्थालाई चित्रण गर्दै निबन्धकारले विश्व गृहयुद्धको चपेटामा परेजस्तै नेपालमा पनि आतङ्कवादी गतिविधि तीव्र भएको कुरालाई 'ओथेलो र कम्व्याट ड्रेस' निबन्धमा निबन्धकारले चित्रण गरेका छन् । ग्वाटेमालकी आदिवासी बुढी आमैले चार दशक लामो गृहयुद्धमा आफूले गुमाएका छोरी, ज्वाइँ, लोग्ने र छोराहरूको शैन्य शिविर नजिक रहेको सामूहिक चिहान हेर्न नसकेर रोइरहेको अवस्था देख्दा निबन्धकार नेपालका ग्रामीण क्षेत्रमा कैयौँ आमाहरूले पनि आफ्ना परिवार गुमाएर रोइरहेको अवस्थालाई स्मरण गर्दछन् ।

सेक्सपियरको **ओथेलो** नाटकको नायक ओथेलोले कम्व्याट ड्रेस लुकाउन गरेको प्रयासको चर्चा गर्दै सो नाटकको अभिनय गरेको नोर्बु लामाको चर्चाबाट हिमालको फेँदमा रहेको नेपाल र नेपाली जनताले बिनाकारण पीडा खप्नु परेको अवस्थालाई प्रतीकात्मक रुपमा यस निबन्धमा प्रस्तुत गरिएको छ । भूगोलको विभिन्न क्षेत्रका नामहरू बेग्लाबेग्लै भए पनि पीडा भने एकै प्रकारको भोग्नु परेको कुरालाई प्रस्तुत गर्दै निबन्धकारले कंगो राष्ट्रसँग नेपाल राष्ट्रको तुलनासमेत गरेका छन् । कंगो राष्ट्र प्राकृतिक सम्पदा सुन, हिरा, तामा, कोइला आदिले भरिपूर्ण भए पनि त्यहाँ तीन दशकसम्म चलेको गृहयुद्ध, लुट र दङ्गाले सबै युवा मानसिकता निराशा र अर्थहीनतामा परिणत भएजस्तै नेपाल पनि प्राकृतिक सम्पदा जल, वन, पहाड आदिले भरिपूर्ण भए पनि गृहयुद्धमा फसेकाले सबै चकनाचुर भएको अवस्थाको चित्रण गरिएको छ । यसरी नै विश्वमा पेट पाल्नका लागि मानवको हत्या भए जस्तै नेपालका सहरमा पनि यस्तो खेती मौलाउँदै गएको, बजारहरू खाद्यान्न तथा उपयोगी समानका सट्टामा बम, बारुद, मेसिन गन आदिको तस्करीमा लागेका, रातदिन सहरका गल्लीगल्लीहरूमा वेश्या प्रवृत्ति फस्टाउँदै गएको, कयौँ जनताहरू बेपत्ता भएका, अविवाहित सुन्दरीहरूले बाध्यतामा सन्तान जन्माउनु परेको अवस्था, सम्पत्तिको प्रभोलनमा फसेर कैयौँ युवतीहरूले शरीर सुम्पन्न लागेका, निरङ्कुश राजाले सुन्दरीहरूको बैंसमा अधिकार जमाएको अवस्था जस्ता विषयवस्तुलाई प्रस्तुत गर्दै जनताहरू अधिकार प्राप्तिका लागि सडक उत्रे पनि त्यसको बेवास्ता गर्दै सरकारको तीव्र दमनको सिकार हुनुपरेको अवस्थालाई पनि निबन्धकारले निबन्धमा अटाएका छन् ।

## (घ) सामाजिक समस्या

सुदूर पश्चिमको समाजमा जरो गाडेर बसेको छाउपडी प्रथा र यसको मुक्तिलाई विषयवस्तु बनाएर निबन्धकारले 'छाउपडी र मुक्ति' निबन्ध रचना गरेका छन् । सुदूर पश्चिममा महिनाबारी हुँदा राख्नका लागि बनाइएको गोठलाई छाउपडी भनिन्छ । यो छाउपडीमा नारीहरू नचोखिउन्जेल बस्नुपर्ने चलन रहेको छ । त्यहाँका मानिसहरू शिक्षित हुँदाहुँदै पनि एक्काइसौँ शताब्दीमा आएर विकसित सभ्यतामा रहँदारहँदै पनि यो प्रथालाई संस्कृतिको संज्ञा दिएर वर्तमानसम्म पनि जीवित राखेको कुरा बताएका छन् । यस विषयलाई निबन्धकारले यसरी प्रस्तुत गरेका छन् :

"तपाईंहरूले भनेजस्तो गर्दा हाम्रो मौलिक संस्कृतिको बिजोग हुन्छ, परम्पराको ढन्डेसो भाँचिन्छ । साथै, महिलाहरूले महिनामा एकपटक पाउँदै आएको चार दिने क्या बि. खोसिने हुन्छ । यो महिलाहरूकै हितबिरुद्ध छ । मानवहरूको सिर्जनशील प्रयोक्ताको कुरा टुङ्गिन नपाउँदै अर्कोले कुरा काट्यो ? के खाएर छाउपडीले महिलाको हित गर्छ । छाउपडीमा बलात्कृत महिलाहरूले लोग्नेले जिम्मा नलिँदा समाजलाई गुहारिरहेका घटना छ्यासछ्यासती छन्" (खरेल, २०६१ : ६३) ।

यस्तो प्रथालाई एकाथरी मानवतावादी भनाउँदा व्यक्तिहरूले महिनाबारी अशुभ हो भन्दै प्रकृति र सृष्टिसँगै घिनाएर नारीहरूलाई गोठमा राख्नुपर्ने मान्यता अगाडि सारेका छन् भने केही प्राध्यापक तथा छाउपडी प्रथाका विरोधी र केही सङ्घसंस्थाहरूले भने नारीहरूलाई प्रकृतिले नै बेग्लै बनाएको छ । महिलाहरूलाई महिनाबारी हुनु भनेको नाकमा सिँगान लागेजस्तै हो । महिनाबारीलाई सामान्य रूपमा लिएर उनीहरूले व्यक्तिगत सरसफाइ र संयमता अपनाएपछि पतिपत्नीले अँगालो मार्दा पनि हुने तर्क राख्दै यसको विरोध पनि गर्न थालेका छन् । समाजमा मनोविज्ञानमा परिवर्तन ल्याउँदै यस्ता विकृतिको अन्त्य गर्नुपर्ने कुरालाई विरोधीका पक्षमार्फत निबन्धकारले व्यक्त गरेका छन् । छाउपडी प्रथालाई संस्कृति भनेर जगेर्ना दिइरहँदा आज पनि कैयौँ महिलाहरूले गोठमा बलात्कृत हुनुपरेको, हिंस्रक जनावरको सिकार हुनुपरेको अवस्था छ भन्दै निबन्धकारले यस्तो प्रथालाई समाजबाट हटाउनुपर्ने विचारलाई नै यस निबन्धको विषयवस्तु बनाएका छन् । संस्कृति र पुर्खाको चलनका नाममा यस्तो विकृतिलाई समाजबाट नहटाउने हो सामाजिक विकास हुन सक्दैन । सामाजिक परिवर्तन ल्याउन सिद्धान्तमा मानव अधिकारको विचार बोकेर हिँड्ने मानवतावादी, नारी

अधिकार वादी व्यक्तिहरूले व्यवहारमा परिवर्तन ल्याउनु पर्ने विचार राख्दै यस्ता द्वैध चरित्र भएका व्यक्तिहरूप्रति व्यङ्ग्य समेत गरेका छन् ।

यसै गरी निबन्धकारले 'छाउपडी र मुक्ति' निबन्धमा लैङ्गिक विभेदको कुरालाई पनि उठाएका छन् । लैङ्गिक समानताको कुरा गर्ने सुदूर पश्चिमी क्षेत्रमा छाउपडी जस्तो प्रथालाई संस्कार मान्दै नारीहरूप्रति विभेदपूर्ण अवस्थाको चित्रण गरेर निबन्धकारले यस्तो प्रथाको अन्त्य गर्नुपर्ने विचार व्यक्त गरेका छन् । आजको एक्काइसौँ शताब्दीमा आएर नारीहरूमा हुने प्राकृतिक रजोधर्मलाई दोष मान्दै उनीहरूलाई गोठमा राख्दा विभिन्न समस्याहरू उत्पन्न हुने गर्दछन् । कयौँ नारीहरू बलात्कृतको सिकार हुनु परेको छ भने हिंस्रक वन्यजन्तुको सिकार पनि हुनु परेको अवस्था विद्यमान छ । बाहिरी रुपमा नारीहरूको उत्थान गर्नुपर्छ भन्ने मान्यता बोकेका व्यक्तिहरूले भित्रीहरूमा नारीहरूलाई यस्तो विभेदपूर्ण व्यवहार गर्ने गरेको कुराको विरोध गर्दै निबन्धकारले नारीहरूको प्राकृतिक धर्मलाई सहज रुपमा स्वीकार गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । रजोधर्म भएका भएका बेला व्यक्तिगत सफाइ र संयमशीलता अपनाउने हो भने पतिपत्नीले अँगालो मारे पनि हुन्छ । नारीहरूलाई पीडा परेको बेला उल्टै थप पीडा दिने यो कस्तो संस्कार हो भन्दै निबन्धकारले छाउपडी प्रथाको खुलेर विरोध गर्दै सामाजिक चेतनाबाट यो प्रथाको अन्त्य गर्नुपर्ने विचार 'छाउपडी र मुक्ति' निबन्धमा प्रस्तुत गरेका छन् ।

## ४.२.२ राजनीतिक विषयवस्तु

राजनीतिसम्बन्धी विषयवस्तुलाई समेटिएर लेखिएको निबन्ध राजनीतिक निबन्ध हो । राजनीतिभित्रका विकृति, विसङ्गतिलाई यस्ताखाले निबन्धमा प्रस्तुत गरिएको हुन्छ । नेताहरूको स्वभाव, नेपाली राजनीतिको चित्रण र राजनीतिमा देखिएका अराजता, अन्याय, अत्याचार आदिलाई यस्ता निबन्धहरूमा प्रस्तुत गरिएको छ । रुद्र खरेलले पनि **तेस्रो आँखा** निबन्ध सङ्ग्रहका केही निबन्धहरूमा राजनीतिका विकृति र विसङ्गतिलाई खोतलेर नेपाली राजनीति, नेताहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । यस सङ्ग्रहका राजनीतिक सम्बन्धी विषयवस्तु भएका निबन्धहरुलाई राजनीतिक विसङ्गतिको चित्रण, नेताहरूको बोली

र स्वभावको चित्रण, नेताहरूको चरित्र चित्रण, नेपाली राजनीतिप्रति व्यङ्ग्य र संसद्का विकृतिको चित्रणजस्ता उपशीर्षकहरुमा निम्नानुसार विश्लेषण गरिएको छ :

## (क) राजनीतिक विसङ्गतिको चत्रिण

नेताहरूलाई प्रतीकात्मक रूपमा डुहुरे मुसाका रूपमा चित्रण गर्दै निबन्धकारले नेताहरूको चरित्रलाई यस 'डुहुरे मुसाको कुर्सी मोह' प्रस्तुत गरेका छन् । मुसाले जतिसुकै दुष्टतापूर्ण काम गरे पनि गणेशको बाहन भएकाले मुसालाई केही नगरझैँ हाम्रा समाजका भुँडीवाल, लम्बोदर मल, चाकिरियाले जस्तोसुकै काम गरे पनि जनताले उनीहरूलाई केही नगर्नै कुरा निबन्धकारले बनाएका छन् । गणेशबाजेको बाहनको मूल्य सस्तो भए पनि नेताहरूले चढ्ने बुलेटफ्रुप कारको मूल्य भने लाखौं जनतालाई एक वर्ष शिक्षा दिन पुग्ने रुपियाँ पर्ने कुरा बताइएको छ । मुसोले सानो प्वाल पायो भने छिरिहाल्छ, एक रातमै धेरै नोक्सान पुऱ्याउने मुसाहरूको स्वभाव र हाम्रा नेताहरूको स्वभाव समान भएको कुरा पनि निबन्धमा उल्लेख गरेका छन् ।

ललितपुरको क्वाबहालमा हिरण्यमय मुसाहरूलाई चामल दिने परम्परालाई जीवित राख्दा गौरवान्वित हुन्छौं भने मुखमा एक गेडो अन्न खान नपाएर तीन वर्षकी छोरीलाई समेत मर्ने बिष ख्वाएर आत्महत्या गर्ने महोत्तरीकी गर्भवती महिलाप्रति कसैलाई चासो नभएको, मुसाले दस वटी स्वास्नी भित्र्याएर बथानका बथान बच्चा पाएजस्तै हाम्रा समाजका पुरुष र स्त्रीहरूले मुसालाई नै आराध्यदेव बनाउँदै मुसाबाट त्यहीँ शिक्षा ग्रहण गरेको, मुसालाई हाडनाता नलागेजस्तै हाम्रा राजामहाराजाहरूले हाडनाता नकेलाएको अवस्था, सयौँ निर्दोष जनतालाई एकै चिहान बनाउने व्यक्ति राष्ट्रिय विभूति मानिने परम्परा रहेको कुरा निबन्धमा उल्लेख रहेको छ । यसै गरी मुसाहरूले कुर्सीमाथि जस्तो सुकै काम गरे जस्तै हाम्रा नेताहरूले पनि कुर्सीको दुरूपयोग गरेको कुरालाई दर्साउँदै माथिल्लो स्तरका नेताहरूले तल्लो स्तरका कर्मचारीहरूको कुर्सी पनि आफ्नो बनाउनाल् भन्ने डर पनि उत्तिकै रहेको छ जस्ता विषयवस्तुलाई निबन्धकारले प्रस्तुत गरेका छन् ।

## (ख) नेताहरूको बोली र स्वभावको चित्रण

नेपालीहरूले अरुको कुरा काट्ने परम्परा नै बनिसकेको छ । कुरा काट्न छाडेमा हाम्रो संस्कृतिको नाकै काटिने हुनाले कुरा काटेर मात्र नेपालीहरूले खाएको पच्ने कुरा ‘कुरा काट्नेहरुको समर्थनमा’ निबन्धमा निबन्धकारले उल्लेख गरेका छन् । कुराको स्तर कटाइको शैली फरक भए पनि सबैले कुरा काटेका हुन्छन् । त्यसै गरी नेपालीहरूको भुँडी पनि फोल्डिङ्ग खालको छ, मौका हेरी पेट तन्काउने व्यायाम चल्छ । समाजमा जसको भुँडी ठूलो छ, त्यही महान् हुन्छ । अन्य कुरालाई छाडेर हामी खानातिर जोड दिन्छौं । अरुको संस्कृतिको अनुकरण गर्दै हामी ठूला हुन खोज्छौं जस्ता विषयवस्तुहरूलाई निबन्धकारले यसरी प्रस्तुत गरेका छन् :

“कुराको स्तर र कटाइको शैलीमा फरक पर्न सक्छ, तर आफ्नो राष्ट्रिय संस्कृतिको परिचय हामीमाझ होप्पापाप्पी चलेकै छ । एक अर्काको उँभौलीमा ठु हालाहाल गर्ने र आहारिसले भित्रभित्रै पुत्पुताउनेहरू हाम्रो समाजमा टीका थाप्छन्, साँखुल्ले आफन्छ बन्छन्, भोज हसुर्छन् । बुजो मुखमा क्याच्चक्याच चपाउँदै लेउ लागेका दाँत देखाएर भन्छन्- ‘फल्नाकाँ त खुट्टै हाल्न मन लाग्दैन । नाता लागेपछि जानुपर्ने बाध्यता मात्र हो । मलाई त त्याँ खान पनि दिगमिग लाग्छ । फिटिक्कै सिप छैन स्वास्नी चाहिंको फेरि....। हजुरकाँ आएर नखाइकन मनै मान्दैन ।’ म फुरुङ्ग भएर भन्छु, पक्कु थपौं कि, अलिकति खोयाबिर्के राखौं कि...। पेट उरुमुट्ट भएको सूचना दिँदै मुखले ड्याओ-ड्याओ हर्न दिएपछि मेरो आतिथ्यले धरहराको टुप्पो नाघ्यो भन्ने मलाई लाग्नु स्वाभाविक हो । तौलियाले मुख पुछ्दै अगस्ति फरमान जारी हुन्छ, याँ आइसकेपछि पनि यस्सो निस्केन भन्ने ठाउँ किन राख्नु ? पल्ला घरतिर यस्सो मुख देखाउँछु । ...मति सम्झिँदा त खुट्टै हाल्न जाँगर मरेर आउँछ, बसोमती मेराको । हेर्दा सोझो लाग्छ, तर हजुर, महाको मुसुमुन्द्रे मेरो । त्यसले त आम्मै सहराँ डेरा लिएर अर्की राखेको छ रे Û ” ( खरेल, २०६१ : १७) ।

तिललाई पहाड बनाउने स्वभाव नेपालीहरूको छ । त्यसैले कुरा काट्नु र भुँडी तत्काउनु हाम्रा चाडपर्वको विशेषता हो । हाम्रो पेट कहिल्यै नभरिने र कुराहरू पनि कहिल्यै नसकिने भएकाले यी नेपालीका संस्कृति बन्दै गएका छन् । फुट र जुटको अवस्था पनि कुरा कटाइमा निर्भर भएको छ । नेपाली राजनीतिमा पनि कुरा कटाइको मुख्य भूमिका रहेको छ ।

मान्छेहरू अरु कुरामा सिद्ध नभए पनि कुरा कटाइमा सिद्ध प्राप्त गरेका छन् । कुरा काट्नेहरूको लामो इतिहास बन्दै गएको छ भन्दै कुरा काट्ने कार्य हाम्रो संस्कृति बन्दै गएको र नेपालीहरूमा भुँडी बढाउने होड चल्दै गएको जस्ता विषयवस्तुलाई राजनीतिक विषयवस्तु भएका निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छन् ।

## (ग) नेताहरूको चरित्र चित्रण

देश भताभुङ्ग हुँदै गएको र नेताहरूको धोती खुस्किँदासम्म पनि उनीहरूले आफ्नो धोती खुस्केको थाहा नपाएको अवस्थालाई चित्रण गर्दै निबन्धकारले देश भत्किँदासम्म पनि नेताहरू आफ्नै मस्तीमा घुमिरहेका, सेकुवा र बहुलाहा पानीमै रमाइरहेका छन् । त्यस्ता नेताहरूलाई निबन्धकारले म्याडभोकेटहरूको संज्ञा दिँदै यस्ता म्याडभोकेडहरूको चर्तिकला बाह्र वर्षसम्ममा पनि बखान गरि नसकिने कुरा 'बिग्रेको मति : खुस्केको धोती' निबन्धमा यसरी बताइएको छ :

"अर्को दिन औधि प्रसन्न मुद्रामा रिखिमुनिहरूसँग प्रस्तुत हुँदै कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्ते मुने, मैले म्याडभोकेड भनिने विचित्रको जनावरबारे मनग्गे बताइसक्याँ, तिनको पारलौकिक आचारसंहिताबारे पनि सविस्तार वर्णन गरिसक्याँ अब के सुन्नाको मनसुवा छ ? भन म भन्दछु । यो सुनी अगस्त्य मुनि बिन्ती गर्दछन् हे कुमार, भक्त्या देशको समाज रूपान्तरणसम्बन्धी प्रयासहरूबारे आज्ञा गर्नुहवस् भन्दा कुमारजी आज्ञा गर्नुहुन्छ- 'हे मुनिवर भक्त्या देशमा पनि गान्धी, नेहरू, अम्बेदकर, बी.एन.राय र नेल्सन मन्डेलाहरूको आदर्श बोकेर एकथरी वलिक र न्यायकर्मीहरू अघि बढिरहेका छन्" (खरेल, २०६१ : ४५) ।

जनताहरूलाई चुसेर आफ्नो भुँडी भर्न पल्केका नेताहरूलाई कानुनले पनि छुन नसकेको, कानुनी व्यवस्था पनि कमजोर हुँदै गएको अवस्थाको पनि चित्रण गरिएको छ । प्रशासक, न्यायका ठेकेदार, पुलिसहरू नै गाँजा, भाँङ, धतुरो, चरेस, अफिम आदिले लठ्ठ भएका छन् । देशमा कैयौँ युवतीहरू बलात्कारको पीडा भोग्न बाध्य भएको अवस्थामा पनि कानुन हराएको अवस्था छ । हाकिमहरूले तल्लो स्तरका कर्मचारीहरूलाई मानसिक र शारीरिक शोषण गरेको अवस्था, देशमा महिला सशक्तीकरण र लैङ्गिक समानताको ढ्वाङ्ग फुक्ने मानिसहरूले नै महिलामाथि शोषण गर्ने गरेको, नेताहरू, कानुन व्यवसायीहरू छद्म भेष धारण गरेर समाजमा

देखावटी व्यवहार गर्ने गरेको, मानवताको संरचनालाई धुजाधुजा बनाउँदै देशलाई अधोगतितिर धेकेल्दै गरेको अवस्थाको चित्रण निबन्धकारले गरेका छन् ।

### (घ) नेपाली राजनीतिप्रति व्यङ्ग्य

प्रधानमन्त्री खरिदको सिलबन्दी बोलपत्र आह्वान गरेर लेखिएको 'बोलपत्र' निबन्धमा केही थान प्रधानमन्त्री, मन्त्री र सहायक मन्त्रीहरू खरिद गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त ठेकेदार, निर्माता, सप्लायर्स, कम्पनी, पार्टी वा निजका अधिकृत प्रतिनिधिहरूबाट निम्न सर्तमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । सर्तहरूमा असी वर्षभन्दा तलको, अर्काको पिठ्युँमा चढेर नहिँड्ने प्रधानमन्त्री र अरु मन्त्रीहरूको उमेर हकबन्दी नभएको, स्वच्छ छवि, चालीस वर्ष कटेको, सेतो कपाल भएको, भ्रष्टाचारी, घुसखोरी, घोटाला गरेको अनुभव भएको, घमन्डी खालको हुनुपर्ने, मन्त्रीहरूको दर रेट, भारु. स्टर्लिङ्ग वा डरलमा स्पष्ट अङ्कमा लेखिनु पर्ने, बोलपत्रे मन्त्रीहरूको डिउटी २०६१ सालभित्र प्रारम्भ हुने जस्ता विषयवस्तुमा केन्द्रित केन्द्रिछ ।

### (ङ) संसद्का विकृतिको चित्रण

'एउटा दन्त्यकथा' निबन्धमा निबन्धकारले २०५९ सालपछिको नेपाली राजनीतिक परिस्थितिको प्रतीकात्मक प्रस्तुति दिने कार्य गरेका छन् । २०५९ सालमा भएको संसद् विघटनको घटना र त्यसलाई पुनःस्थापना गर्नका लागि राजनीतिक दलहरूबाट आरम्भित आन्दोलनलाई निबन्धमा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । द्वन्द्वकालमा बिना कारण कैयौं नेपालीहरूको ज्यान गएको अवस्थालाई यथार्थ रूपमा निबन्धमा प्रस्तुत गरिएको छ । क्षणक्षणमा मानिसहरू बिनाकारण मर्ने गरेकाले दाजुको पनि मृत्यु भएको हुन सक्ने शङ्का गरेर उसकी श्रीमतीलाई राँडी बनाएको घटनालाई प्रस्तुत गर्दै निबन्धकारले नेपाली समाजमा व्याप्त लोग्ने मरेपछि स्वास्नीले सिन्दुर र चुरा फुटाउनु पर्छ भन्ने गलत संस्कारको विरोध पनि गरेका छन् ।

## ४.२. ३ प्रशासनिक विषयवस्तु

प्रशासनमा देखिएका कमी, कमजोरी, विकृति र विसङ्गतिको हास्यव्यङ्ग्यात्मक शैलीमा चित्रण गरिएका निबन्धहरू प्रशासनिक विषयवस्तु भएका निबन्धहरू हुन् । माथिल्लो कर्मचारीले तल्लो कर्मचारीप्रति गरेका शोषण, भ्रष्टाचारी, प्रशासनिक माथिल्लो तहमा कार्य गर्ने

कार्यकर्ताहरूको जीवनशैलीलाई यस्ता खाले निबन्धहरूमा प्रस्तुत गरिएको हुन्छ । यस निबन्ध सङ्ग्रहमा 'मानव अधिकार' निबन्धमार्फत प्रशासनिक विकृतिलाई निबन्धकारले प्रस्तुत गरेका छन् । निबन्धको विषयवस्तु यस प्रकार रहेको छ :

### (क) प्रशासनिक विकृतिको चित्रण

माथिल्लो स्तरका सैनिकले तल्लो स्तरको सैनिकलाई आदेश दिँदै अब मर्न जाने हो भनेर सोधेपछि तल्लोस्तरको सैनिकले हो भन्छ । त्यसरी नै तल्लो स्तरको सैनिकलाई सम्झाउँदै हाकिमले राजाको सिन्दुर लगाएपछि जहिलेसुकै मार्न र मर्न तयार हुनुपर्छ भन्छ भन्ने कुरालाई निबन्धकारले यसरी प्रस्तुत गरेका छन् : "हस् साप ।

ट्यान छ्यान

किन कुरा बुझिनस्, भन त ?

त्यही कुरा - त्यही कुरा भन्छ । भन् न कुन कुरा बुझिनस्?

सापले भर्खरै अहिले बोलेको कुरा ?

थुक्क उल्लु....हरू (फेरि अर्को ठिकठिकैको फोहोरी शब्द)

मानवअधिकार भनेको सुनेका छौ तिमार्ले ।

सबै तनक्क, सबै चुप, सबै वाल्ल ।

तपस्से गर्न पाउनु ऋषिको मानव अधिकार हो कि होइन ? " (खरेल, २०६१ : ५३) ।

मानव अधिकारको शब्द तिमीहरूले सुनेका छौ भनेर सोध्दै अर्डर आएपछि मार्न पाउनु तिमीहरूको मानव अधिकार हो । त्यसैले परेको बोलामा बाबुलाई पनि गोली ठोक्न सक्नुपर्छ । राजाको सिन्दुर पहिरेपछि यसै गर्नुपर्छ भन्दै मानव अधिकारको गलत व्याख्या गरेर सैनिक हाकिमले तल्ला सैनिकहरूलाई आदेश भएको विषयवस्तुलाई प्रस्तुत गर्द सैनिकहरूले मानव अधिकारलाई उल्लङ्घन गर्ने गरेका कुरालाई निबन्धकारले निबन्धमा प्रस्तुत गरेका छन् ।

## ४.२.४ व्यक्तिसम्बन्धी विषयवस्तु

कुनै पनि साहित्यकार, अग्रज, प्रतिष्ठित बुद्धिजीवी, वैज्ञानिक आदि क्षेत्रका व्यक्तिहरूको चित्रण गरेर लेखिएको निबन्ध नै व्यक्तिवादी निबन्ध हो । उसले कुनै विशिष्ट कार्य गरेको छ

भने त्यसकै आधारमा उसका कार्यहरूको वर्णन यस्ता खाले निबन्धहरूमा गरिन्छ । रुद्र खरेलले पनि **तेस्रो आँखा** निबन्ध सङ्ग्रहमा 'कुलमान दाइको तेस्रो आँखा' निबन्धमार्फत एक साहित्यकारका कृतिहरूबारे उल्लेख गरेका छन् । यस निबन्धमा प्रस्तुत विषयवस्तुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

कुलमान सिंहका पुत्रका रूपमा जन्मिएका रामकृष्ण भण्डारी प्रतिभा सम्पन्न मूर्तिकार हुन् । यथार्थवादी कलाको इतिहासमा जीवन्त व्यक्ति भण्डारी जीवन, जगत् र प्राकृतिक सम्पदालाई कलावस्तुका रूपमा प्रस्तुत गरेर आफ्नो परिचय बलियो बनाएका छन् । रामकृष्णको कलात्मक प्रतिभा तीक्ष्ण भएका व्यक्ति हुन् । उनीसँग तेस्रो आँखा छ । आफू रुद्र भए पनि नाम मात्रको भएको र रामकृष्णसँग मात्र त्यो तेस्रो नेत्र भएको कुरा निबन्धकारले प्रस्तुत गरेका छन् । भण्डारीले बनाएका चित्रहरू, उनले प्रयोग गरेका विम्बहरू जीवनबोध गराउन सक्ने खालका छन् । सङ्घर्ष र जटिलताभित्रको ज्योतिर्मय शिखा, मुटुबाट निस्किएको ज्वालाको सौन्दर्यात्मक प्रस्तुति जस्ता कुराहरूलाई उनका चित्रहरूमा उतारिएको, आफ्नो समस्या आफैँ समाधान गर्नुपर्ने सन्देश, लैङ्गिक शोषणको विरोध, वर्गीय शोषणको अन्त्य गर्नुपर्ने विचार पोख्दै भण्डारीले आफ्ना चित्रहरूमा धूर्त, आक्रामक, हिंसा, काँतरहरू पृथ्वीका घिनलाग्दा तत्त्वका रूपमा चित्रण गरेको कुरा निबन्धकारले यसरी बताएका छन् :

"अर्को चित्र 'शान्तिको प्रतीक्षा' मा दुई युवतीहरू राच्छेसको दाह्रो समातेर मुक्ति पर्खिरहेका छन् । शान्तिकामी मान्छेलाई मर्‍याङ मर्‍याङ चपाइरहेछ त्यस अलच्छिनाले । गजब छ बा ! चारमुखे सैतानको आँखाचाहिँ एउटै । एउटा मुख छल्यो, अर्कोले चपाउँछ ;अर्कोलाई छल्यो अर्काले अजिङ्गरलेझैँ आँ मुख गरिरहेको छ । चा-चारवटा मुख छल्नु कहाँ सजिलो छ र ? बिचरी युवतीहरू एकमुखबाट उम्कन्छन्, अर्कोद्वारा चपाइन्छन् । पीडक र चुसाहाका अनेक मुखहरू हुन्छन् ।" (खरेल, २०६१ : ३६) ।

वर्ग सामाजिक विसङ्गति, गणतन्त्रवादी चेतना, राणाकालीन वर्णव्यवस्थावादी स्थिति आदि सन्देश बोकेका चित्रहरू खोरेर भण्डारीले अग्रगामी चेतना फैलाउने पर्ने सन्देश फिँजाएको, दलित र उत्पीडित महिलाहरूको पीडा, जनताहरू शोषण, उत्पीडनबाट मुक्ति पाउन खोजिरहेको अवस्था, आन्दोलनको यथार्थ स्थितिजस्ता विषयवस्तु भएका चित्रहरू पनि भण्डारीले कोरेको कुरा निबन्धमा उल्लेख छ । यसै गरी नेताहरूको असली रूप, देशका गरिबहरूको

यथार्थ स्थिति, शान्तिको कामना आदि विविध विषयवस्तु भएका चित्रहरू भण्डारीले कोरेको कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । नेपालका विभिन्न ठाउँमा आफूले बनाएका चित्रहरूमार्फत् जनचेतना फैलाउँदै हिँडेका कुलमान भण्डारीले २०५७ साल साउन २ गते यस संसारलाई छोडेर गए पनि उनी हामीमाझ कलाका माध्यमबाट जीवित रहेको कुरा पनि निबन्धकारले बताएका छन् ।

## ४.२.५ ऐतिहासिक निबन्ध

इतिहासलाई विषयवस्तु बनाएर लेखिएको निबन्धलाई ऐतिहासिक निबन्ध भनिन्छ । इतिहासका घटना, पात्र, परिस्थितिको चित्रण गरेर लेखिएका निबन्धहरूलाई ऐतिहासिक निबन्ध भनिन्छ । **तेस्रो आँखा** निबन्ध सङ्ग्रहको 'अझ पनि मोझा सुँघ्ने' निबन्धमा खरेलले इतिहासलाई दर्साएका छन् ।

२०६१ वैशाख १ गते कान्तिपुरमा प्रकाशित डा.अरूणा उप्रेतीको लेखलाई सन्दर्भ बनाएर लेखिएको प्रस्तुत निबन्ध निबन्धमा मोजा सुघाँइने प्रसङ्गमार्फत प्रतीकात्मक रूपमा नेपालको इतिहासलाई प्रस्तुत गरिएको छ । नानाथरी चिजका गन्धहरूमध्ये पनि सहिनसक्नु गन्ध चाहिँ मोजाको गन्ध हो । मोजाको गन्ध बाध्यताले सुँघ्नुपर्छ । यस्ता दुर्गन्ध फैलाउनेहरूलाई गइहाल् भन्न शिष्टाचार, लोकाचारले दिएको छैन । देवकोटाले सबैभन्दा महत्त्वपूर्ण दुईटा कुरामध्ये एउटा कुरा पसिना भनेका छन् । पसिनालाई श्रमको बिम्बका रूपमा प्रस्तुत गरेका छन् । यस अर्थमा पसिनासँग घिनाउनु भनेको नै श्रमसँग घिनाउनु हो भन्ने अर्थ देवकोटाका विचार प्रस्तुत भएको छ । यसै गरी भूपी शेरचनले काखीको पसिनामार्फत तीता सत्यहरूलाई प्रस्तुत गरेका छन् । युवा पुस्ताका कवि रमेश शर्माले चाहिँ मोजाको नाक भाँच्ने गन्धलाई मृत्युको बिम्ब बनाएका छन् । काखीको पसिनालाई पटाका, पेट्रोल बमसँग तुलनागर्दै निबन्धकारले मोजाको गन्ध क्षेप्यास्त्र नै भएको कुरा बताएका छन् । डा. अरुणा उप्रेतीलाई प्रेम गर्ने बाटामा गन्धे मोजा नै कृष्णभीरको पहाड बनेर आएको कुरालाई पनि निबन्धकारले यसरी उल्लेख गरेका छन् :

"साँच्चि नै म त किलकिलेसम्म डुबेको छु, मोजा सुँघाउने खेलमा । विश्वासिलो साथीले मोजा सुँघाएन कि, आफन्तले मोजा सुँघाएन कि, हाकिमले मोजा सुँघाएन कि, बढुवाको

अन्तर्वार्ता लिनेले मोजा सुँघाएन कि, छिमेकीले मोजा सुँघाएन कि, उत्पादक र विज्ञापन एजेन्सीले मोजा सुँघाएन कि, चोकको पसलेले मोजा सुँघाएन कि, फलानी र फलानीले मोजा सुँघाएनन् कि, भन्नोस् त कति धेरै मोजा सुँघें मैले जिन्दगीमा ? म भन्न सक्दिनँ अगाडि अझ कति सुँघ्नु छ ।" (खरेल, २०६१ : ६७) ।

आजकल हाम्रो देशको राष्ट्रिय खेलझैं बनेको मोजा सुँघाउने खेल दिनानुदिन बढिरहेको छ । अर्कातिर मोजा सुँघाउने खेललाई प्रतीकात्मक रूपमा सत्ता हातमा पार्न गरिने दाउपेजसँग पनि निबन्धकारले तुलना गरेका छन् । इतिहासमा मल्ल, शाह, थापा कालमा कैयौँ व्यक्तिले फोहोरी खेल खेलेर सत्ता हातमा लिएको, यसै गरी अङ्ग्रेजहरूले पनि नेपालीहरूलाई दास बनाएको, यो क्रम अझैं पनि समाजमा व्याप्त रहेको कुरा पनि निबन्धमा उल्लेख गरिएको छ ।

## ४.२.६ सांस्कृतिक विषयवस्तु

**तेस्रो आँखा** निबन्धमा रुद्र खरेलले  सांस्कृतिक पक्षलाई पनि केलाएका छन् । 'ग्लास्लोको माटो लेलेको ढुङ्गो' निबन्धमा  निबन्धकारले अधिक अर्च गरी विदेशी मोह देखाएर पौराणिक मिथकलाई साकार पारेको कुरालाई बताएका छन् । नेपाली समाजमा चमत्कारपूर्ण आविष्कारले राष्ट्रिय समस्याहरूको समाधानमा समेत नयाँ ढोका खोलेको भन्दै यही जुक्ति नपुऱ्याएकाले देश लथालिङ्ग हुन पुगेको, हाम्रो ढाँचाको संविधानको ऐतिहासिक थलो पनि विदेश नै भएको, सिंह दरबारको छाना, भुइँ र विशेष गरी मन्त्री र दलका नेताका कुर्सी, अलिसान महलहरू र बैंक खाताहरूमा विदेशको म माटो छर्कन पाएको भए राजनीतिक व्यवस्था पनि ठिक हुने व्यङ्ग्यात्मक विचार प्रस्तुत गरिएको छ ।

भ्रष्ट नेताहरूलाई विदेशी शैलीको अस्पतालमा भर्ना गरेर उनीहरूका मगजमा विदेशको माटो अलिकता राखिदिन पाए ती नेताहरूले नेपाली पारालाई त्यागेर विदेशी पाराले हाच्छिउँ गर्ने थिए होलान् भन्ने विषयलाई पनि निबन्धकारले प्रस्तुत गरेका छन् । नेपाली नेताहरूले अनि मात्र विदेशीको उत्तर आधुनिक पाराले काम गर्ने थिए । चमत्कारपूर्ण सांस्कृतिक परिवर्तन सम्भव हुनेछ । अहिलेका युवाहरूको मन विदेश पुगेको छ । नेपाली नेपालीहरू काशीवासी होइन, बेलायत, अमेरिकावासी हुन मन पराउँदैछौं । अमेरिका, बेलायतको मात्र

नक्कल गर्ने होइन, भारतको पनि नक्कल गरेमा झन् राम्रो हुन्छ भन्ने विषयवस्तुलाई पनि यी निबन्धहरूमा निबन्धकारले प्रस्तुत गरेका छन् ।

जसरी भए पनि चुनाव जित्नका लागि युरोपका मुलुकको होइन, छिमेकी राष्ट्र भारतको बिहार प्रान्तको माटो रोज्नु ठीक हुन्छ । दलबदल र समीकरण गर्नुछ भने यु.पी.को बाटो रोज्नुपर्छ भन्दै विदेशीहरूप्रति अन्धभक्त हुँदै गएका नेपाल, नेपालका नेता र डाक्टरहरूप्रति व्यङ्ग्यात्मक विषयवस्तुलाई सामाजिक विषयवस्तुमा आधारित निबन्धमा प्रस्तुत गरिएको छ ।

उदाहरणका लागि : "आखिर, नक्कल गर्नु वा अन्धभक्त बन्नुछ भने बेलायत, अमेरिकाको मात्र किन ? भारतको पनि गर्न सक्छौं । जसरी पनि पनि चुनाउ जित्नुछ भने हामीलाई ग्लास्लोको सट्टा बिहारको माटो ठिक हुन्छ । दलबदल र समीकरण गर्नु छ भने यु.पी.को बाटो ठिक हुन्छ । यस्ता माटा र माटाहरू थुप्रै छन् हामीसँग ।" (खरेल, २०६१ : २४) ।

विदेशी माटो र ढुङ्गो राखेर स्नायुरोगसम्बन्धी अस्पतालको शिलान्यास गरेको विषयलाई केन्द्रबिन्दु बनाएर निबन्धकारले नेपालीहरूमा झ्याङ्गिँदै गएको विदेशमोह र स्वार्थी प्रवृत्तिको विरोध गरेका छन् । विदेशी मोहमा संलग्न हुँदा नेताहरूबाट भएका छलकपट, धुर्त्याइँ, बेइमानी र स्वार्थीपनका दुष्ट गिर्खाहरू नफालीकन उनीहरूमा राष्ट्रियता र देशभक्तिको चेतना आउन नसक्ने भएकाले उपचारको खाँचो भएको कुरालाई निबन्धहरूमा प्रस्तुत गरिएको छ । नेपालीहरू विदेशी संस्कृति, रहनसहनतिर झुक्दै गएकाले आफ्नो संस्कृति बिर्सिन थालेका छन् भन्दै हरेक नेपालीहरूले आफ्नो संस्कृति र रहनसहनलाई जोगाउन लाग्नुपर्ने कुरा पनि उनले बताएका छन् । नेपालीहरू रातदिन विदेशभूमितिर जान चाहिरहेको यथार्थलाई बताउँदै राजनीतिक क्षेत्रमा पनि विदेशीको मुख ताक्ने, संविधान लेखनमा पनि विदेशीहरूको हस्तक्षेप बढ्दै गएकामा निबन्धकार आक्रोश व्यक्त गर्दछन् । विदेशी शैलीको अनुकरण गरेर नेपालमा एकअर्काप्रति रिस, राग, क्रोध बढ्दै गएकामा यस्ता प्रवृत्तिलाई त्यागेर नेपालीपनलाई अँगाल्न पनि निबन्धकारले निबन्धहरूमा प्रस्तुत गरेका छन् ।

## ४.३ मूलभाव

सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएका निबन्धहरूमा सहरभित्र बढ्दै गएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । सहरका मान्छेमा दया, माया र मानवीयता

हराउँदै गएको र क्रूर सहरका मान्छेहरूमा क्रूर स्वभाव बढ्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । यसरी नै ग्रामीण जनताहरू भोक, रोग र शोकले आक्रान्त बनेको अवस्थामा सहरका मान्छेहरू भने मोजमस्तीतिर रमाइरहेको कुरालाई पनि निबन्धहरूमा प्रस्तुत गरिएको छ । सरकारका मानिसहरू जनताको पसिनामा रमाउँदै गरेको अवस्थालाई प्रस्तुत गर्दै सहरका मान्छेहरूको प्रवृत्ति बदलिनु पर्ने सन्देश निबन्धकारले व्यक्त गरेका छन् । पश्चिमी शैलीमा रमाएर आफ्नो संस्कृति बिर्सँदै गएका सहरका मान्छेहरूले आफ्नो संस्कृतिप्रति माया ममता व्यक्त गर्नुपर्ने कुरा पनि उठाइएको छ । त्यसै गरी नेपाली खानालाई बिर्संदै पश्चिमी शैलीको खानामा रमाइरहेका सहरियाँ जनताप्रति सचेत गराउने काम निबन्धकारले प्रस्तुत गरेका छन् । सहरिया समाजका विकृति र विसङ्गतिहरूलाई केलाउँदै ती विकृतिहरूलाई निरुत्साहित गर्दै सहरिया समाजको परिवर्तन गर्नुपर्ने चाहना पनि निबन्धकारले व्यक्त गरेका छन् । त्यसैगरी राष्ट्रिय अन्तर्राष्ट्रिय चलचित्रका नायक-नायिका चुम्बन चर्चामा निमग्न हुने सहरिया अपसंस्कृतिप्रति कठोर व्यङ्ग्य प्रहार गर्दै उपभोक्तावादी क्षणजीवी चिन्तनमाथि घृणासमेत व्यक्त गरिएको छ ।

'सगरमाथाको फेँदीबाट रुस्लानलाई यो सम्बोधन' निबन्धमार्फत निबन्धकारले रुसी सेनाले चेचेन्यामाथि आक्रमण गरेर जनधनको व्यापक क्षति भए जस्तै नेपालमा पनि सरकार र माओवादीबीच भएको युद्धबाट धेरै निर्दोष नेपाली नागरिकले ज्यान गुमाएको, कति परिवारको अवस्था विचलित भएको र जनधनको अत्यधिक क्षति भएको विषयवस्तुलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । सरकारले युद्धका लागि अनेकौं हतियारका लागि पैसा खर्च गरेको तर रुकुम, रोल्पाजस्ता नेपालका धेरै जिल्लामा भोकभोकै मर्न लागेका गरिब र निमुखामाथि वेवास्ता गरेको प्रतिगमनकालीन दुष्कृत अवस्थामाथि व्यङ्ग्य प्रहार गरेका छन् । साथै निबन्धमा युद्ध सन्त्रासजस्तै तथाकथित विकसित समाजमा छाएको यौन सन्त्रासको चित्रण गरिएको छ ।

यसरी नै निबन्धकारले 'पासपोर्ट साइज' निबन्धमार्फत आजको मान्छेमा नैतिकता, आदर्श र फराकिलो विचारको घनत्व हराउँदै गएको र त्यसले पासपोर्ट साइजको आकृति प्राप्त गरेको विषयवस्तुलाई प्रस्तुत गर्दै नेपाली समाजका राजनीतिक, प्रशासनिक, शैक्षिक, साहित्यिक आदि क्षेत्रमा कहलिएका व्यक्तिहरूमा रहेको सङ्कीर्णता, अशिष्टता, अनुत्तरदायीपना,

अराजकताजस्ता दुष्प्रवृत्तिले उनीहरू पासपोर्ट साइजभन्दा ज्यादा विस्तार हुन नसकेको तितो सत्यको उद्घाटन गरिएको छ । आज हरेक क्षेत्रमा व्यक्तिको सोचाइ, गराइ साँधुरिँदै गएको र सरकारी लगायत अन्य क्षेत्रका कार्यहरू सङ्कुचित बन्दै गएको अवस्थाप्रति निबन्धकार आक्रोश व्यक्त गर्दछन् । सरकार र लोकतन्त्रका परिधिहरू पनि साँधुरिँदै गएकाले जनताहरूले दुःख पाइरहेको कुरा पनि निबन्धमा प्रस्तुत गरिएको छ ।

'ओथेलो र कम्ब्याट ड्रेस' निबन्धमार्फत विश्वको परिवेशलाई केलाउँदै निबन्धकारले विश्वका विभिन्न राष्ट्रहरूसँग नेपालको तुलना गरेका छन् । नाम र परिवेश भिन्न भए पनि सबै देशका जनताले उस्तैखाले पीडा खप्नु परेको यथार्थलाई प्रस्तुत गरिएको छ । त्यसमा पनि नेपालमा प्रतिगमनकालीन अवस्थामा निरङ्कुश शासन-सत्ताले प्रजातन्त्रका नाममा जनहत्या र दमन गरेर निर्दोष जनताले बाँचेर बस्न पाउने मानव अधिकार गुमाउनु परेको वास्तविक यथार्थलाई निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धमा सेक्स्पियरको 'ओथेलो' नाटकको पात्रको अभिनय गर्ने क्रममा कम्ब्याट ड्रेसमा सजिएको नेपाली पात्र नुर्बु लामाको जीवनप्रति संवेदनशील भएर नेपाली समाजमा व्याप्त युद्धजन्य विषादपूर्ण स्थितिको चित्रण गरिएको छ । ग्वेटमाला, कङ्गो, भुटान, नेपाल लगायतका द्वन्द्वग्रस्त मुलुकका जनताले भोगेका समान अनुभूतिप्रतिको तीव्र मानवीय संवेदनाको अभिव्यञ्जना यस निबन्धमा व्यक्त गरिएको छ ।

छाउपडी प्रथाको विरोध गरिएको 'छाउपडी र मुक्ति' निबन्धमार्फत निबन्धकारले मौलिक संस्कृतिको संरक्षण गर्नुपर्छ तर संस्कृति जोगाउने नाममा विकृतिहरूलाई बढाउने कार्य गर्नु नहुने विचार पनि व्यक्त गरेका छन् । मानवीय तवरले अरूलाई दमन गर्नु हुँदैन । मौलिक संस्कृति र गौरवमय परम्पराको नाममा खराब आचरणको विकास भएको प्रति समेत सचेत हुनुपर्छ भन्ने धारणा निबन्धमा व्यक्त गरिएको छ । समग्रमा निबन्धमा नेपालको सुदूर पश्चिम क्षेत्रमा व्याप्त छाउपडी प्रथाको विरोध गरिएको छ र त्यस्ता नारी विरोधी र मानवीय कलङ्कका रूपमा रहेको अपसंस्कृतिको अन्त्य हुनुपर्ने आग्रह समेत निबन्धमा व्यक्त गरिएको छ ।

यसरी नै यस निबन्धमार्फत लैङ्गिक विभेदलाई समेत प्रस्तुत गरेका छन् । नारीहरू प्राकृतिक रुपमा रजस्वला हुँदा नेपालको सुदूर पश्चिममा गोठमा राख्ने प्रथाको विरोध गर्दै

पुरुषले नारीहरूप्रति गरेको शोषण, लिङ्गगत आधारमा उनीहरू त्यसबेला घरमा बस्न लायक हुँदैनन् भन्ने नकारात्मक सोचले विभेद गर्दै आएको कुरा उठाएर यस प्रथाको विरोधसमेत गरेका छन् । यसरी सामाजिक विषयवस्तु अन्तर्गतका निबन्धहरूमा निबन्धकारले समाजका विकृति र विसङ्गति, सांस्कृतिक पक्षमा देखिएको कमीकमजोरी, मानवीय समस्या, सामाजिक पीडा, लैङ्गिक विभेद आदि कुराहरूलाई दर्साउने काम गरिएको छ ।

राजनीतिलाई विषयवस्तु बनाएर लेखिएका निबन्धहरुमा प्रतिगमनकालीन राजनीति सन्दर्भमा स्वच्छ छवि भएको दावीसहित प्रधानमन्त्री र मन्त्रीका लागि राजकीय निगाहको अपेक्षा गर्ने नेताहरूलाई 'डुहुरे मुसाको कुर्सीमोह' निबन्धमार्फत डुहुरे मुसाका रूपमा प्रस्तुत गरेर तिनका पतित चरित्रमाथि निबन्धकारले धारिलो व्यङ्ग्य प्रहार गरेका छन् । मुसाको चर्चा प्रसङ्गलाई अन्तर्वस्तु बनाएर राष्ट्रको ढुकुटी रित्याउने कुर्सीप्रेमी, सत्ताप्रेमी नेताहरूको स्वभावलाई निबन्धमा छर्लङ्ग बनाइएको छ । तल्लो वर्गका जनताहरूले खान नपाएर आत्महत्या गरिरहेका छन् तर समस्या समाधानमा भन्दा वैयक्तिक स्वार्थमा लागेर कुर्सीप्रतिमोह देखाउने नेताहरूले गलत प्रवृत्ति विकास गरेको कुराप्रति निबन्धकारको तीव्र रोष छ । प्रतिगमनकालीन समयमा आफूलाई प्रजातन्त्रवादी भनेर चिनाउनेहरूले समेत डुहुरे मुसाको चरित्र देखाइएको कुरालाई निबन्धमा प्रस्तुत गरिएको छ । प्रतिगमनकालीन नेताहरूको चरित्रलाई छर्लङ्ग पार्दै त्यस्ता नेताहरूको चरित्रबाट बच्नुपर्ने सन्देश समेत निबन्धकारले निबन्धमा प्रस्तुत गरेका छन् । जनताहरूको दुःख र मर्मलाई नबुझी केवल आफ्ना स्वार्थमा मात्र डुबेर मीठो भोजन, कुर्सीमोहमा रमाएका नेताहरूमा सच्चरित्र पलाए मात्र जनताले खुस पाउने कुराको सङ्केत पनि निबन्धमा गरिएको छ ।

'कुरा काट्नेहरुको समर्थनमा' निबन्ध मार्फत राजनैतिक, प्रशासनिक, बौद्धिक लगायत हरेक क्षेत्रका कुरा काट्ने प्रवृत्तिलाई बढावा दिएर अर्काको प्रगतिमा बाधा पुऱ्याउने गरेको गलत कार्यलाई निबन्धमा प्रस्तुत गरिएको छ । आफ्नो मस्तिष्क एक प्रतिशत पनि उपयोगी कार्यमा नलगाई अरूको कार्यमा बाधा पुऱ्याउन तम्सिने प्रवृत्तिप्रति निबन्धकारले भत्सनापूर्ण व्यक्त गरेका छन् । नेपालीहरूको पहिचान बनेको कुरा काट्ने प्रवृत्तिको आधारमा गुट-उपगुट बनाएर शत्रुता र मित्रताको रेखा कोर्ने निकृष्ट कार्यप्रति तीव्र व्यङ्ग्य प्रहार गर्ने कार्य निबन्धमा भएको

देखिन्छ । अर्काको कुरा नकाटी भात नपच्ने नेपाली जनता र नेताहरुको स्वभावप्रति व्यङ्ग्य गर्दै यस्ता स्वभावहरुलाई बदल्नुपर्ने विचार निबन्धकारको रहेको ।

'विग्रेको मति, खुस्केको धोती' निबन्धमार्फत निबन्धकारले कानुनी राज्यका लागि उपयुक्त व्यवस्थाको कमी, नेपालका भ्रष्ट, अनैतिक र अमर्यादित कानुनविद्हरूले गर्दा नै देश लथालिङ्ग र भताभुङ्ग भएर भत्केको, देशमा हत्या, बलात्कार, शोषण, हिंसा, थिचोमिचो आदि बढेको अवस्थालाई प्रस्तुत गर्दै कानुन पक्ष बलियो भएमा मात्र देशको विकास हुने विचार व्यक्त गरेका छन् । नेपालको कानुनी क्षेत्रमा व्याप्त भ्रष्टाचार, अनियमितता र पक्षपातपूर्ण क्रियाकलापप्रति स्वास्थानी शैलीमा कुमार र अगस्त्यमुनि जस्ता पौराणिक मिथकीय चरित्रका माध्यमबाट तीक्ष्ण व्यङ्ग्य गरिएको छ । त्यसै गरी नेताहरूको द्वैध चरित्र, स्वभाव र प्रवृत्तिहरूलाई निबन्धमार्फत प्रस्तुत गर्दै यस्ता द्वैध स्वभावलाई त्यागेर नेताहरुले असल चरित्र निर्माण गर्नुपर्ने धारणा निबन्धकारको रहेको छ । नेताहरुको द्वैध चरित्रले गर्दा नेपाली जनताहरु राजनीतिबाट वाक्क भएका छन् । नेपाली जनतामा राजनीतिप्रति वितृष्णा उत्पन्न हुन थालेको छ । नेपालीहरुलाई नेता भन्ने बित्तिकै वाक्क आउन थालेको छ । त्यसैले नेताहरुले आफ्नो स्वभावलाई बदलेर जनताहरुलाई उपयुक्त विश्वास दिलाउन नसके नेपालमा राजनीतिमा ठूलो विकृति फैलिने कुराको सङ्केत गर्दै सच्चा राजनीति गर्न सबैभन्दा पहिला नेताहरुको स्वभावमा परिवर्तन हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

'बोलपत्र' निबन्धमार्फत निबन्धकारले नेपालको राजनीतिभित्र दरबारिया चलखेल र षड्यन्त्रको सिलसिलाप्रति खिल्ली उडाउँदै गम्भीर व्यङ्ग्य गरेका छन् । मुलुकको राजनीतिक अस्थिरता र यसले निम्त्याएको विकृत पूर्ण अवस्थाको सजीव चित्रलाई निबन्धकारले यस निबन्धमार्फत व्यक्त गरेका छन् । खास गरी २०६१ सालमा राजा ज्ञानेन्द्रद्वारा गरिएको स्वच्छ छविको दाबी सहित प्रधानमन्त्रीको दरखास्त आह्वानलाई ठेकेदारी प्रथाको बोलपत्रको रूपमा प्रस्तुत गर्दै दरबारिया कुकृत्य र षड्यन्त्रको पर्दाफास गरिएको छ । साथै प्रधानमन्त्रीहरूको स्वच्छ छविको खिल्ली उडाउँदै निबन्धकारले नेपालका प्रधानमन्त्री, मन्त्री र सहायक मन्त्रीको चरित्रलाई पनि व्यङ्ग्य गरिएको छ । नेपालमा बढ्दै गएको, भ्रष्टाचार, तस्करी, फडानी, घोटाला, बेरुजु, बैङ्क डुबाउने प्रवृत्तिप्रति यिनै नेताहरू वा सरकारका प्रमुख

व्यक्तिहरू जिम्मेवार भएकाले यस्ता कुकृत्यप्रति व्यङ्ग्य गर्दै यस्ता कार्यहरू निरुत्साहित गर्नुपर्ने विचार पनि निबन्धकारको रहेको छ ।

'एउटा दत्यकथा' निबन्धमार्फत निबन्धकारले १० बर्से जनयुद्धको सजीव चित्रलाई निबन्धकारले व्यक्त गरेका छन् । नेपालमा दस वर्षसम्मको राजनीतिको लडाइमा कैयौँ नेपालीहरुले ज्यान गुमाउनु परेको अवस्था, कैयौँ नारीहरुले विधवा हुनुपरेको अवस्था, सरकार र माओवादीबिचको लडाइँमा अनाहक जनताहरुको मृत्यु भएको, दस वर्ष देशमा भएको लडाइँले देशको राजनीति अस्तव्यस्त भएको कुराको चित्रण गर्दै सहमतिमा काम गरे मात्र देश बन्ने कुरा निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छ ।

प्रशासनिक विषयवस्तुमा आधारित 'मानव अधिकार' निबन्धमार्फत सैनिक वृत्तभित्रको एउटा दृश्यमार्फत माथिल्लो स्तरको सैनिकले तल्लो स्तरको सैनिकलाई मानव-अधिकारको अर्थ बताएको छ । माथिल्लो स्तरका सैनिकहरूले तल्लो स्तरका सैनिकहरूलाई परेको बेलामा बाबुलाई पनि गोली ठोकी मार्नु नै मानव अधिकार हो भन्दै अमानवीय प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । शाही सत्ताकालीन समयमा माथिल्लो आदेशलाई पूर्ण रूपमा पालना गर्नुपर्ने कुरालाई प्रस्तुत गर्दै द्वन्द्व कालमा राजाले सैनिकहरूलाई दिएको आदेशलाई सैनिक हाकिमहरूले तल्लो स्तरका सैनिक हाकिमलाई दिएको आदेशबाट तत्कालीन सैनिक चरित्रलाई उदाङ्गो पार्दै त्यतिखेर सैनिकहरूमा मानव अधिकार शून्य रहेको कुरालाई निबन्धकारले प्रस्तुत गरेका छन् ।

निबन्धकार रुद्र खरलेले व्यक्तिलाई विषयवस्तु बनाएर लेखिएको 'कुलमान दाइको तेस्रो आँखा' निबन्धमा कुलमान भण्डारीको कलापूर्ण सिर्जनात्मक क्षमताको समीक्षात्मक र भावनात्मक वर्णन गर्ने कार्य गरेका छन् । खरेलका निबन्धहरूमध्ये आयामका हिसाबले सर्वाधिक लामो र सिर्जनाहरूमाथिको कलात्मक चर्चा गरिएको यसै निबन्ध शीर्षकबाट नै यस निबन्धसङ्ग्रहको नामकरण गरिएको छ । यसमा कलारूपी तेस्रो आँखाका माध्यमबाट कुलमानसिंहले क्यानभासमा उतारेका विचारपूर्ण चित्रकलाको सारपूर्ण समीक्षा गरिएको र कुलमान सिंह भण्डारीलाई जनताका अमर कलासाधक व्यक्तित्वका रूपमा मूल्याङ्कन गर्ने काम निबन्धकारले गरेका छन् । विविध विषयवस्तुले भण्डारीले आफ्ना चित्रकलाका माध्यमबाट प्रस्तुत गरेको र जनतालाई चेतना फैलाएको कुरा यस निबन्धमा प्रस्तुत गरिएको छ ।

कलाकारसँग रहेको प्रतिभालाई सबैले सम्मान गर्नुपर्ने र उनीहरूप्रति श्रद्धा, विश्वास र सम्मान गर्नुपर्ने कुरा पनि निबन्धमा बताइएको छ ।

विदेशी माटो र ढुङ्गो राखेर स्नायुरोगसम्बन्धी अस्पतालको शिलान्यास गरेको विषयलाई केन्द्रबिन्दु बनाएर लेखिएको 'ग्लास्लोको माटो, लेलेको ढुङ्गो' निबन्धमार्फत निबन्धकारले नेपालीहरूमा झ्याङ्गिँदै गएको विदेशमोह र स्वार्थी प्रवृत्तिको विरोध गर्दै विदेशी संस्कृतिमा नेपालीहरुको मोह बढ्दै गएको कुरालाई प्रस्तुत गरेका छन् । विदेशी मोहमा संलग्न हुँदा नेताहरूबाट भएका छलकपट, धुर्त्याइँ, बेइमानी र स्वार्थीपनका दुष्ट गिर्खाहरू नफालीकन उनीहरूमा राष्ट्रियता र देशभक्तिको चेतना आउन नसक्ने भएकाले उपचारको खाँचो भएको कुरालाई निबन्धहरूमा प्रस्तुत गरिएको छ । नेपालीहरू विदेशी संस्कृति, रहनसहनतिर झुक्दै गएकाले आफ्नो संस्कृति बिर्सिन थालेका छन् भन्दै हरेक नेपालीहरूले आफ्नो संस्कृति र रहनसहनलाई जोगाउन लाग्नुपर्ने कुरा पनि उनले बताएका छन् । नेपालीहरू रातदिन विदेशभूमितिर जान चाहिरहेको यथार्थलाई बताउँदै राजनीतिक क्षेत्रमा पनि विदेशीको मुख ताक्ने, संविधान लेखनमा पनि विदेशीहरूको हस्तक्षेप बढ्दै गएकामा निबन्धकार आक्रोश व्यक्त गर्दछन् । विदेशी शैलीको अनुकरण गरेर नेपालमा एकअर्काप्रति रिस, राग, क्रोध बढ्दै गएकामा यस्ता प्रवृत्तिलाई त्यागेर नेपालीपनलाई अँगाल्न पनि निबन्धकारले प्रस्तुत गरेका छन् ।

इतिहासलाई विषयवस्तु बनाएर लेखिएको 'अज पनि मोजा सुघ्ने' निबन्धमा निबन्धकारले मोजाबाट आउने दुर्गन्ध र सत्ताको चलखेल समान रहेको कुरा गर्दै मोजा सुघाँइने प्रसङ्ग झिकेर नेपालको इतिहासमा धेरैपटक षड्यन्त्र, छलकपट भएको तथा जनताको बाँच्न पाउने अधिकारले सँधै दबिनु परेको र अब त्यसो हुनबाट रोक्न जनता सचेत हुनुपर्ने धारणा व्यक्त गरिएको छ । निबन्धमा मोजा गनाएको कारण प्रेमी-प्रेमिकाको प्रेमसम्बन्ध चुँडिएको प्रसङ्ग झिकेर नेपाली समाजमा इतिहासदेखि देखिँदै आएको मोजा सुँघ्ने र सुँघाउने कार्यबाट धोका र विश्वासघातपूर्ण कालो प्रथाप्रति घृणा व्यक्त गरिएको छ र त्यसकोसदाका लागि अन्त्य हुनुपर्ने आग्रहसमेत निबन्धमा अभिव्यक्त गरिएको छ ।

## ४.४ भाषाशैली

भाषा अभिव्यक्ति कला हो भने शैली भनेको भाषिक कार्य हो । निबन्धकारले आफ्नो विचार वा कुनै विषयलाई पाठक समक्ष राख्न तयार पारेका शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ । भावलाई परिमार्जन गर्न परिमार्जित शैलीको आवश्यकता पर्दछ । यो

प्रस्तुतिको ढाँचा पनि हो । निबन्धको शैली व्यक्तिपरक, एककालिक तथा कालक्रमिक पनि हुन्छ । यसलाई बनोट र बुनोटका आधारमा सरल, जटिलका आधारमा सङ्क्षिप्तता, विस्तृतताका आधारमा सहज र तार्किक रूपमा, आगमनात्मक, समासात्मक, व्यास र सरलताका आधारमा पनि व्याख्या गर्न सकिन्छ । निबन्धका सन्दर्भमा विषयवस्तुका दृष्टिले गहन र चिन्तनका दृष्टिले गम्भीर स्थितिको उद्घाटन गर्दा हल्का व्यङ्ग्यात्मकता, पदपदांशको प्रयोगमा आनुप्रासिकता, कथनपद्धतिमा वाग्वैदग्ध्य जस्ता सरल र रुचिकर शैलीगत विशेषताहरू अनुकूल मानिन्छन् । शैलीका पनि समास शैली, व्यास शैली तथा चेतन प्रवाह शैली, भावात्मक तथा एकोहोरो शैली, चित्र शैली, आलङ्कारिक शैली, सूक्ति शैली र व्यङ्ग्य शैली जस्ता भेदहरु रहेका छन् :

**(क) समास शैली**

यस शैलीमा विचारहरुको गठन सघन र कसिलो रुपमा हुन्छ । त्यसै गरी समस्त पदहरु, सुगठित वाक्यहरु र कसिलो अभिव्यक्ति प्रदान गर्नु पनि यस शैलीको विशेषता हो । विषयको माग र निबन्धकारको व्यक्तिगत रुचि तथा प्रकृति यस शैलीका निर्धारक तत्त्वहरु हुन् । प्रायः विचारप्रधान, अनुसन्धानात्मक एवम् गम्भीर विषयहरुका लागि यो शैली उपयोगी र सार्थक हुन्छ ।

**(ख) व्यास शैली**

व्यास शैली समास शैलीको विपरीत लेखनपद्धति हो । यसमा प्रत्येक तथ्यलाई खोलेर त्यसलाई उदाहरण र उद्धरणहरुबाट पुष्टि गरिन्छ । भावना र विचारलाई विस्तारित र स्पष्ट शब्दविन्यास र वाक्यरचनाद्वारा व्यक्त गरिन्छ । यसमा सूत्रात्मक भन्दा व्याख्यात्मक शैलीको प्रयोग हुन्छ । सूचनात्मक, समीक्षात्मक र तुलनात्मक निबन्धहरुका लागि यो शैली उपयोग सिद्धहस्त निबन्धकारहरुले गर्दछन् ।

**(ग) धारा प्रवाह शैली**

विषय प्रतिपादनका लागि भन्दा लेखकको भावदशाको अभिव्यक्तिका लागि यो शैली अनुकूल मानिन्छ । यसमा प्रयोग हुन वर्ण र अर्थालङ्कारयुक्त अभिव्यक्तिले भावहरुलाई

प्रवाहमय बनाउँछन् । उक्त प्रवाहमा पाठक पुकलित हुँदै बारम्बार डुबुल्की मार्छ । व्यक्तिगत संस्मरणात्मक, रसात्मक एवम् सङ्गीतात्मक विषयहरुका लागि यो शैली अनुकूल मानिन्छ ।

**(घ) भावात्मक तथा एकोहोरो शैली**

विषय र भाव दुवैबाट निरपेक्ष भएर निबन्धकारले मनका आनन्दमय भावहरुलाई प्रकट गर्नुपर्दा यस शैलीको प्रयोग हुन्छ । निबन्धकारका मनमस्तिष्कमा भावहरुको उच्छलन एक समुद्रमा उठ्ने तरङ्गहरु जस्तै हुन्छ । त्यसैमा लेखकको अभिव्यञ्जना वैयक्तिक भईकन पनि लालित्यपूर्ण हुन्छ । विशेष गरेर रहस्यात्मक, अत्यन्त भावात्मक तथा व्यङ्ग्यात्मक निबन्धहरुमा यस शैलीको प्रयोग हुन्छ ।

**(ङ) चित्र शैली**

यस शैलीमा विषयको रुपरेखा, आकृति आदिको अङ्कन उपयुक्त वर्णन तथा विवरणका माध्यमले गरिन्छ । यस शैलीमा लेखिएका निबन्धहरुले बिम्ब विधान, रुप विधान र भाव विधानका माध्यमले पाठकका मानसपटलमा विषयको चित्रात्मक प्रस्तुति गर्दछन् ।

**(च) आलङ्कारिक शैली**

कवित्व भएको लेखकले आफ्ना भावना र विचारलाई आन्तरिक र बाह्य अलङ्कारबाट, अर्थालङ्कारबाट तथा शब्द अलङ्कारबाट सिँगार्न मन पराउँछन् । यस प्रकारको लेखनमा गद्य पनि काव्यका समान अलङ्कृत र काव्यमय हुन्छ । विषयभन्दा भावनाको प्रस्तुति गर्ने उद्देश्यले रचित निबन्धमा यस शैलीको पूर्ण वा आंशिक रुपमा प्रयोग भएको पाइन्छ ।

**(छ) सूक्ति शैली**

जीवनको सत्यलाई व्यावहारिक तथ्यहरु तथा अनुभूतिका सघनताका माध्यमले विस्तृत गर्ने क्रममा निबन्धकारले सूक्ति अर्थात् विशिष्ट उक्तिका रुपमा अभिव्यक्ति गर्नुलाई सूक्ति शैली भनिन्छ । पूर्णतः सूक्ति शैलीमा आधारित सम्पूर्ण निबन्धको रचना गर्नु अत्यन्त गाह्रो छ, तर चिन्तनशील तथा विचारशील निबन्धकारहरुको लेखनमा यस शैलीको प्रयोग व्यापक रुपमा गरिएको छ ।

**(ज) व्यङ्ग्य शैली**

अनुभूत सत्यलाई कटाक्ष व्यङ्ग्य, विनोदप्रियता तथा हास्यपूर्ण विधिबाट व्यक्त गर्नका लागि यस शैलीको प्रयोग हुन्छ । व्यक्ति तथा समाजका विकृति, कुरीति आदिमा आवश्यकताअनुसार प्रहार गर्नका लागि यस शैलीको व्यापक रुपमा प्रयोग हुन्छ । वर्तमान युगमा देखिने अस्थिरता, असुरक्षा, विरोध, विद्रोह तथा मोहभङ्गको मानसिकताको अभिव्यक्तिका लागि व्यङ्ग्य शैली धेरै उपयोग साधनका रुपमा प्रयोग भएको पाइन्छ ।

राजेन्द्र सुवेदीको **स्नातकोत्तर नेपाली निबन्ध** (२०५१) कृतिमा प्रस्तुत सिद्धान्त अनुसार सामाजिक विषयवस्तु भएका निबन्धहरू सबै वस्तुपरक ढङ्गमा लेखिएका छन् । परात्मक शैलीलाई अँगालेर लेखिएका निबन्धहरूमा खरेलले सरलता र सरसतालाई बाधा नपारीकन नयाँ-नयाँ शब्दको निर्माण गरी आफ्नो प्रयोगात्मक शिल्पको परिचय समेत दिएका छन् । प्रस्तुत निबन्ध सङ्ग्रहको भाषाशैलीमा प्रवाहमयता पाइन्छ । त्यसैले कवितात्मकताको आभास यस सङ्ग्रहका निबन्धमा पाइन्छ भने अनुप्रास-अन्त्यानुप्रासीय श्रुतिमधुर शैलीले यसलाई झनै प्रस्ट्याउँछ । 'म एउटा भाङ् धतुरोको भारी ब्रह्मचारी दारी, चारी-चारी हिड्छु ज्ञानको छारी तर हे अगस्ते मुने, त्यस नारीका सुइरा जस्ता वचनबाणले मेरो हृदयलाई छियाछिया पार्‍यो', 'मैले नारी शरीरलाई कहिल्यै ठानिन अंशमा पाएको बाबुको टारी बारी' जस्ता अनुप्रास युक्त काव्यात्मक भाषाशैलीका कारण निबन्धहरू झन् आकर्षक, प्रभावकारी, श्रुतिमाधुर्य बन्न पुगेका छन् । सरल,संयुक्त र मिश्र तीनै प्रकारका वाक्य संयोजन भए पनि प्रायः मिश्र वाक्यको प्राधान्य र तत्सम, तद्भव र आगन्तुक तीन प्रकारकै शब्दचयन यस सङ्ग्रहका निबन्धहरूमा पाइन्छ ।

राजनीति सम्बन्धी विषयवस्तु भएका निबन्धहरू वस्तुपरक ढङ्ग, परात्मक शैली तथा व्यङ्ग्य शैलीमा लेखिएका लेखिएका छन् । यी निबन्धहरूमा निबन्धकारले विभिन्नखाले उखान-टुक्काको प्रयोगले निबन्धहरू स्वदिला बन्न पुगेका छन् । 'ममको यो गति भञ्जाको झन् कमिलाको धोती' सिलटिम्बुर खानु', 'जिब्रो टोक्नु' 'आन्द्रा निस्कनु', 'चोरलाई चौतारो','मर्दका दसवटी', 'मामाको घोडी मेरो हि हि' । जस्ता उखान तथा टुक्काहरूको प्रयोगले निबन्धहरू बडो रसिला बन्न पुगेका छन् । उपमामूलक र दृष्टान्तमूलक

कथनहरूले निबन्धरूमा आलङ्कारिक भाषिक प्रयोगमा व्यञ्जनार्थ अभिव्यक्तिमा सशक्तता प्रदान गरेका छन् । राजनीतिप्रति व्यङ्ग्य गरेर लेखिएका यी निबन्धहरूमा केही मात्रामा हास्य समेत मिसाइएको छ ।

संवादात्मक शैलीमा लेखिएको 'मानव अधिकार' निबन्धमा मिश्रित ढाँचाको प्रयोग गरिएको छ । नाटकीय ढङ्गमा सैनिक क्षेत्रमा हुने गरेका विकृतिलाई निबन्धमा निबन्धकारले दर्साएका छन् । सैनिकहरूको चरित्र, कर्तव्य र सैनिकहरूमा मानवता भन्ने कुरा शून्य हुँदै गएको अवस्थाको चित्रण निबन्धकारले यस निबन्धमा गरेका छन् । प्रशासनिक तथा कानुनी क्षेत्रका शब्दहरूको पनि प्रयोगले भाषाको प्रयोगमा विशिष्टता ल्याएको छ । यस निबन्धमा प्रत्यक्ष कथनका उद्धरणले चिन्हभित्रका वाक्यहरूको निर्देशन तर समर्पणको भाषा र नाटकीय संवादात्मक शैलीमा भिन्न नवीन प्रयोगात्मक शिल्पशैलीको परिचय दिएका छन् ।

'कुलमान दाइको तेस्रो आँखा' शीर्षक नै पदावली रूपमा राखिएको छ । यस निबन्धमा रामकृष्ण भण्डारीको कलाकृति र उनको कलात्मक प्रतिभाको चित्रण गरिएको छ । खरेलले भण्डारीप्रतिको आस्था र भावलाई प्रस्तुत गर्दै उनको प्रशंसा गरेका छन् । सरल र सहज भाषामा लेखिएको यस निबन्धमा निबन्धकारले आत्मपरक र वस्तुपरक गरी मिश्रित ढाँचाको प्रयोग भएको छ । भण्डारीका कलाहरूलाई छोटाकरीमा वर्णन गरिएको यस निबन्धमा आत्मपरक शैलीको प्रयोग भएको छ ।

वस्तुपरक ढाँचामा लेखिएको 'अझ पनि मोजा सुघ्ने' निबन्धमा प्रतीकात्मक रूपमा नेपाली इतिहासका षड्यन्त्रहरूलाई प्रस्तुत गरिएको छ । व्यङ्ग्य शैलीमा लेखिएको यस निबन्धमा नेपाली इतिहासमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य गर्दै विश्वासघातपूर्ण गरिने व्यवहार, प्रथाप्रति निबन्धकारले घृणा व्यक्त गरेका छन् ।

## ४.३ निष्कर्ष

रुद्र खरेलको 'तेस्रो आँखा' निबन्धसङ्ग्रह मन्द हास्यमा तीव्र व्यङ्ग्य गरिएको निबन्धहरूको सँगालो हो । प्रस्तुत सङ्ग्रहका माध्यमबाट उनले विशेषतः व्यक्ति, समाज, राजनीति, शिक्षा, सङ्कटकालीन अवस्था आदि विविध क्षेत्रका बाह्य तथा आन्तरिक विकृति र विसङ्गतिमाथि प्रहार गरी आमूल परिवर्तनको अपेक्षा राखेका छन् । ६८ पृष्ठमा जम्मा चौध

वटा निबन्धहरू सङ्ग्रहित प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरू एकै बसाइमा पढेर सिध्याउने खालका छन् भने उनको निबन्ध लेखनले अझ उत्कर्षता प्राप्त गरेको कुरा विषयवस्तु र भाषाशैलीको प्रयोगमा देखिएको यथार्थता र परिष्कृतताले पुष्टि गर्दछ । सरल, सहज, रोचक र प्रभावकारी भाषाशैलीको प्रयोग भएको पाइए पनि कतिपय निबन्धहरूले नवीन प्रयोग शील्पको खोजी समेत गरेको देखिन्छ । तीक्ष्ण व्यङ्ग्यात्मक शैलीको प्रयोगको प्राधान्य पाइने प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरू तीक्ष्ण व्यङ्ग्यात्मक शैलीबाट क्रमशः श्लेषात्मक शैलीमा रूपान्तरित हुँदै सामान्य शब्दमा विशिष्ट अर्थ भरेर समसामयिकताप्रति प्रहार गर्न सक्षम भएका पाइन्छन् ।

वर्णनात्मक, विवरणात्मक, पत्रात्मक, प्रतीकात्मक, तीव्र हास्यव्यङ्ग्यात्मक समालोचनात्मक, संवादात्मक, सूचनात्मक आदि विभिन्न शैलीको प्रयोग निबन्धहरूमा पइन्छ । 'ग्लास्गोको माटो लेलेको ढुङ्गो ' सरल भाषा र पत्रात्मक शैलीमा निर्मित निबन्ध हो । 'चरालाई जस्तो खुत्रुक्कै', 'ढुकुर जस्तै हप्याक-हप्याक हुनु' जस्ता उपमामूलक कथनले निबन्धहरूमा आलङ्कारिकताको प्रादुर्भाव भएको देखिन्छ । हिन्दीका कतिपय गीतका अंशहरूको प्रयोग तथा अन्य कविका कवितात्मक पंक्तिहरूको प्रयोगले निबन्धहरूलाई अझ नयाँ बान्की प्रदान गरेका छन् । 'च्याँउ च्याउ','छ्याक्-छ्याक', जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले निबन्धहरूको भाषाशैलीमा प्राकृतिकता पाउन सकिन्छ । 'कालो गोमन', 'मोजा सुँघाउनु' 'घिउलाटा' 'कृष्णभीरको पहाड' जस्ता प्रतीकात्मक पदावलीहरू व्यङ्ग्यात्मक अर्थमा प्रयोग गरिएका छन् । यसरी खरेलले नयाँ नयाँ प्रयोग गरेर लेखेका निबन्धहरूको सँगालो **तेस्रो आँखा**का निबन्धहरू सरल, व्यङ्ग्यात्मक र वर्तमान समाज, राजनीति, प्रशासनिक आदिका विकृति र विसङ्गतिलाई चित्रण गर्न सफल भएका छन् ।

# अध्याय : पाँच

# 'तेस्रो आँखा' निबन्ध सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

## ५.१ रुद्र खरेलका निबन्धात्मक प्रवृत्तिहरू

**तपाईंको नाम के हो ?** (२०४८), **तोरीलाहुरे चोकमा एक छिन** (२०५२), **बिर्सिस्यो कि ?** (२०५७), **आषाढस्य प्रथम दिवसे** (२०५९), **तेस्रो आँखा** (२०६१), र **शब्दको भ्वाङ** (२०६४) जस्ता निबन्ध सङ्ग्रहका माध्यमबाट खरेल चोटिलो व्यङ्ग्य निबन्धकारका रूपमा स्थापित भएका छन् । रुद्र खरेलका निबन्धहरूमा समाजमा व्याप्त विकृति एवम् विसङ्गतिविरुद्ध कडा प्रहार गरेको पाइन्छ । उनले आफ्ना निबन्धहरूमा सामाजिक विकृति, विसङ्गति, बेथिति र अन्धविश्वास, राजनीतिक कुकर्म लगायतका विषयमा तीक्ष्ण व्यङ्ग्य गरेका छन् । समाजमा उभिएका भ्रमका पर्खालहरू भत्काउँदै उनी आफ्नै सांस्कृतिक चेतनाले युक्त आदर्श र सुसंस्कृत समाजको स्थापनामा उनका निबन्धमार्फत जोड दिन्छन् । उनले आफ्ना निबन्धमा समसामयिक अवस्थाप्रति तीव्र व्यङ्ग्य गर्दै समाज र मुलुकलाई उचित बाटोमा हिँड्नका लागि निर्देश गरेको देखिन्छ । व्यक्तिभन्दा प्रवृत्तिलाई व्यङ्ग्य गर्ने उनको शिष्ट निबन्ध शैली अनुपम रहेको छ । व्यङ्ग्य र आक्रोश व्यक्त गर्न कडा भाषाको आवश्यकता पर्दैन, शिष्ट र सरल शब्दहरूको प्रयोगबाट नै गर्न सकिन्छ भन्ने उदाहरण रुद्र खरेलले दिएका छन् । समाजमा व्याप्त विकृति, विसङ्गतिहरूलाई निबन्धमार्फत कडा व्यङ्ग्य गर्ने क्षमता रुद्र खरेलमा देखिन्छ । खरेलका निबन्धहरूमा प्रवृत्तिको चिरफार गर्दै जतातत्तै बढिरहेको विकृतिलाई प्रहार गरिएको पाइन्छ । खरेलका निबन्धहरू आगोका झिल्काजस्ता खरा र प्रखर छन् । आफ्ना निबन्ध सङ्ग्रहमा उनले राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा विद्यमान रहेका विकृति, विसङ्गति, विषमतालाई चोटिलो प्रहार गरेर सुधारका लागि सन्देश दिएका छन् । उनको **तेस्रो आँखा** निबन्ध सङ्ग्रहका आधारमा खरेलका निबन्धात्मक प्रवृत्तिहरू यस प्रकार रहेका छन् :

### ५.१.१ व्यङ्ग्यात्मकता

निबन्धकार रुद्र खरेलको महत्त्वपूर्ण प्रवृत्ति व्यङ्ग्यकारिता हो । **तेस्रो आँखा** निबन्ध सङ्ग्रहका निबन्धहरूमा व्यङ्ग्यात्मकता प्रबल रूपमा रहेको पाइन्छ । समाजका आर्थिक,

सामाजिक, धार्मिक, नैतिक, शैक्षिक आदिको संवाहक मान्छे हो । समाजका खास मानवीय मूल्य विशेषका सीमाभित्र नै समाजको मूल्य निर्धारण हुन्छ । ती मान्छेका मूल्य र मान्यताहरु परिवर्तनशील हुन्छ । त्यस परिवर्तनका र मूल्य परिवर्तनका बेला विसङ्गति र विकृति देखा पर्दछ । जसले समाजलाई र मान्छेलाई निकृष्ट बनाउँछ । समाजका यस्तै विसङ्गति र विकृतिप्रति टीकाटिप्पणी वा व्यङ्ग्य गर्ने प्रवृत्ति खरेलमा रहेको छ । समाजमा रहेका विकृति र विसङ्गति, प्रशासनिक कमजोरी, मानवीय कमजोरीका साथै विभिन्न क्षेत्रमा देखिएका नकारात्मक पक्षहरुप्रति खरेलले निबन्धमार्फत व्यङ्ग्य प्रहार गरेका छन् । आफूले बाँचेको युग र परिवेशको सामाजिक मूल्य र विकृतिप्रति व्यङ्ग्य प्रहार गर्दै सामाजिक चेतना दिने काम गरेका छन् ।

उनले निबन्धमार्फत आफूले भोगेका मध्यम वर्गीय समाजलाई मूल आधार बनाएका छन् । निम्न वर्गीय परिवारका सामाजिक विकृति र विसङ्गतिलाई उनले उदाङ्गो बनाएका छन् । काठमाडौँ उपत्यकामा केन्द्रित मध्यम वर्ग वा सहरिया मध्यम वर्गमा देखिने विसङ्गति र विकृतिप्रति उनले तीव्र व्यङ्ग्य प्रहार गरेका छन् ।

यसै गरी सङ्क्रमण कालीन समाज, प्रजातन्त्रबाट सङ्क्रमित समाज र उनी बाँचिरहेको समाजका विकृतिलाई उनले टड्कारो रुपमा अभिव्यक्त गरेका छन् । उनको सृजनाकालको नेपाली समाज सङ्क्रमण कालीन अवस्थामा गुज्रेकाले यस समयमा देखिएका कमीकमजोरीप्रति उनले निबन्धमार्फत व्यङ्ग्य गर्दै चेतना दिने काम गरेका छन् । तत्कालीन समयमा परिवर्तन आइरहने प्रक्रिया भोगिरहेको नेपालले राजनैतिक स्थिरताको बाटो खोजिरहेको थियो । फलस्वरुप बदलिँदो युगमा नेपाल आफ्ना मूल्य र मान्यताहरु पनि बदल्दै थियो । यही बदलिँदो युगका पद्धतिका विसङ्ति र विकृतिहरुलाई केलाउँदै ती विसङ्गति र विकृतिहरुमाथि खरले व्यङ्ग्य प्रहार गरेका छन् । हिजोका परम्परा मूल्य र मान्यताहरु थोत्रिई सकेका थिए र नवीनताका नाउँमा  अनैकौं उच्छृङ्खल प्रवृत्ति र विकृतिहरु आउँदै थिए । बदलिँदो समाजमा यिनै विकृतिहरुलाई उनले आफ्ना निबन्धका सामग्री बनाएर निबन्ध रचना गरेका छन् । खरेलका निबन्धहरु सङ्क्रमणकालीने नेपालका ऐना बनेका छन् । आफूले भोगेको समाजलाई आफ्नो शिल्पका माध्यमबाट विशिष्ट वर्णन गरेर असङ्गत पक्षलाई त्याग्दै सुन्दर नेपाल निर्माण गुर्नुपर्ने सन्देश समेत उनका निबन्धमा व्यक्त भएको पाइन्छ ।

### ५.१.२ सामाजिकता

निबन्धकार रुद्र खरेलले **'तेस्रो आँखा'** निबन्धात्मक कृतिमा समाज र समाजका मानवहरूको आन्तरिक एवम् बाह्य कुरालाई प्रस्तुत गरेका छन् । आफू बाँचको समाजको झल्को दिँदै उनले तत्कालीन नेपाली समाजको यथार्थतालाई प्रस्तुत छन् । समाजका विविध पक्षलाई उतार्ने प्रयास उनले निबन्धमार्फत गरेका छन् । उनले अतीतसँग वर्तमानको तुलना गर्दै अगाडि बन्ने समतामूलक समाजको परिकल्पनासमेत गरेका छन् । निबन्धकारले मानव समाजको विकास यात्रालाई सर्वेक्षण गर्दै विचारधारागत अन्तर्द्वन्द्वका परिणामलाई केलाएर आफ्ना मौलिक विचारहरूलाई प्रस्तुत गरेका छन् । समाजका विविध पक्षलाई चित्रण गर्दै समाजको वास्तविक वर्णन निबन्धमा निबन्धकारले गरेका छन् ।

### ५.१.३ राष्ट्रवादी चेत

रुद्र खरेलले निबन्धहरुमा राष्ट्र, राष्ट्रियता, राष्ट्रिय संस्कृतिप्रतिको श्रद्धालाई व्यक्त गरेका छन् । राष्ट्रियता, जातीयता, संस्कृति तथा वीरताका कुराहरुलाई प्रतिध्वनित गर्दै राष्ट्रिय मर्यादालाई सर्वोपरि स्थान दिनुपर्ने कुरामा जोड दिएका छन् । नेपाल देश र नेपाली जातिको गौरवलाई उनले निबन्धमा दर्साएका छन् । नेपाल र नेपालीको राष्ट्रिय वीरता, मानवीय धर्म, वीरताको इतिहास, अतीत र वर्तमान, राष्ट्रिय जीवन संस्कृतिलगायत राष्ट्रप्रतिको अगाध स्नेह र ममतालाई प्रकट गरेका छन् । नेपालको गौरवलाई उच्च राख्न सके मात्र हाम्रो गौरव उच्च हुने भावलाई प्रस्तुत गर्दै खरेलले नेपाली संस्कृति, प्रकृति, इतिहास, वीरता, महानता र सरलता अत्यन्त प्यारो छ, त्यसैले विश्वका सामु नेपाली भनेर चिनिने यी कुराहरू जोगाएर अगाडि बढ्नुपर्ने भावना उनको रहेको छ । त्यसै गरी निबन्धकारले नेपालको भौलोगिक रूप हिमाल, पहाड र तराई रहेको र ती स्थानमा बस्ने मानिसहरू बाहिरी आवरणमा भिन्न देखिए पनि भित्री रूपमा चाहिँ सबै हामी नेपाली एक हौँ भन्ने भावना प्रस्तुत गरेका छन् । सबै नेपालीहरु समान छन् । जातीय, वर्गीय, लैङ्गिक आदि आधारमा हुने भेदभावलाई त्यागेर सबैमा सद्भाव छर्दै आफ्नो पहिचानलाई यथावत् राख्नु पर्दछ । हामी सन्ततिबिचका वैरभावहरु त्यागी एकसमान भएर बस्नु पर्छ भन्दै खरेलले निबन्धमार्फत राष्ट्रवादी चिन्तनलाई प्रस्तुत गरेका छन् ।

### ५.१.४ ऐतिहासिक चित्रण

रुद्र खरेलले निबन्धहरुमा विगतको इतिहासको चित्रण गर्दै अगाडिको मार्ग रेखाङ्कन गरेका छन् । नेपालको ऐतिहासिक सन्दर्भ कोट्याउँदै नेताहरु, कर्मचारीहरु छुद्र स्वार्थमै आनन्द मनाइरहेका अवस्थालाई चित्रण गर्दै निबन्धकारले सबै नेपाली जनताहरू सबै सचेत हुनुपर्ने कुरालाई जोड दिएका छन् । वर्तमान समयमा पनि शासकहरु आफ्नो स्वार्थमा डुबेर राज्यलाई टुक्र्याउने खेल खेल्दै छन् । नेपाली जनताहरु दाजुभाइबिच झगडा गरिरहेका छन् । यस्तो अवस्थाबाट देशलाई बचाउनु पर्ने कुरा नेपाली जनताले विगतबाट सिक्नुपर्छ भन्दै इतिहास चित्रणका माध्यमबाट पाठ सिक्नुपर्ने विचार निबन्धहरुमा निबन्धकारले व्यक्त गरेका छ् ।

### ५.१.५ परिवर्तनको चाहना

रुद्र खरेलले पुराना मान्यता, अन्धविश्वास, रुढिवादी परम्पराजस्ता कुराको विरोध गरेका गर्दै परिवर्तनमुखी चाहना व्यक्त गरेका छन् । धार्मिक अन्धविश्वासको विरोध गर्दै केही व्यक्तिहरूले केवल भ्रमको खेती गरेर समाजलाई अधोगतितिर धकेलिरहेका छन् । समाजमा नराम्रा कुरालाई प्रश्रय दिइरहेका छन् । समाजमा भ्रष्टाचार दिनानुदिन फैलिँदै छ । मान्छेमा मानवता हराउँदै गएको छ । मानिसहरू हत्या, हिंसा र धनको पछि अन्धो भएर लाग्न थालेका छन् । धूर्तहरूको गौरव बढैकै सन्दर्भमा केही जनताहरूले युद्ध गरेर यस्ता कुराहरुलाई समाजबाट हटाएर नयाँ नेपालको निर्माण गरी समाजलाई परिवर्तन गर्नुपर्ने चाहना निबन्धकारको रहेको छ ।

देशमा युद्ध भए पनि नेतृत्व पक्षले सधैँ जनताको शोषण गरेर सत्ता आफ्नै पक्षमा राखेका कारणले जनताहरूले सधैँ हार्नु परेको छ । समाजमा मानवता, नैतिकता र आस्थाको अन्य भइसकेको छ । नेता र मालिकहरूको सामन्तहरूकै पछि लागिरहेका छन् । निमुखा र गरिब जनताहरूको बोली कसैले नसुनेको अवस्थामा पनि नेपालीहरूले युद्ध आह्वान गरिरहेको सन्दर्भलाई समेत निबन्धकारले सङ्केत गरेका छन् । हाम्रो देशले अर्ध उपनिवेशवादको पीडा भोग्नुपरेको कटु यथार्थलाई उद्घाटन गर्दै यस्तो अवस्थाबाट नेपाललाई मुक्त बनाउनु पर्ने क्रान्तिकारी भावना व्यक्त गरेका छन् । वर्तमान समयमा विश्व आधुनिक वैज्ञानिक युगमा प्रवेश गरिसकेको अवस्थामा नेपाली समाजले पनि वैज्ञानिक युगलाई आह्वान गरिसकेकाले पुराना

विचारहरूका स्थानमा नयाँ विचारहरूलाई स्थापना गर्नुपर्ने बेला भएको छ । युगीन परिवर्तन अनुकूल परिवर्तन हुन नसक्ने पुरानो युगलाई अब ध्वंश गरेर पुरानो युगका सकारात्मक पक्षलाई स्वीकार गर्दै नयाँ विचार र चेतनाले युक्त नेपालको निर्माण गर्ने बेला आएको छ । युग वर्तमान समयमा वैज्ञानिक उपकरणहरूले अन्तरिक्षमा बस्ती बसाल्न लागिरहेको अवस्थामा हामी नेपालीका विचार भने मध्ययुगका जस्ता भएकाले यस्ता विचारहरूको विनाश अपरिहार्य भइसकेको छ भन्दै निबन्धकारले नयाँ विचारहरूको निर्माणमा सबै नेपालीहरू एक जुट भएर लाग्नुपर्दछ भनेर आह्वान समेत गरेका छन् ।

## ५.१.६ विषयगत विविधता

रुद्र खरेलले **तेस्रो आँखा** निबन्धात्मक कृतिमा विविध विषयलाई अटाएका छन् । ऐतिहासिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, प्राकृतिक जस्ता विषयहरूलाई एउटै कृतिमा अटाएर सिर्जना गर्न उनी सफल भएका छन् । जुन विषयलाई पनि परिवर्तनमुखी दृष्टिकोणका आँखाले हेरेर सुन्दर शैलीको प्रयोग गरी उनले यस कृतिमा प्रस्तुत गरेका छन् । ससाना विषयवस्तुलाई उठाएर ती विषयवस्तुलाई आफ्नो प्रतिभाले रङ्ग्याएर पाठकहरूको मनलाई प्रफुल्लित र लालायित पार्ने कार्य निबन्धकारबाट भएको छ ।

## ५.१.७ सरल भाषाशैली प्रयोग

रुद्र खरेलका निबन्धहरु सरल भाषाशैलीमा लेखिएका छन् । नेपाली समाजमा प्रचलित र अर्थयुक्त शब्दको चयन गरेर उनले निबन्धहरुको रचना गरेका छन् । रसिला, सुन्दर, श्रुतिरम्य, समध्वनि, अर्थपूर्ण शब्दमय भाषाको प्रयोगले निबन्धकार सरल भाषाशैली प्रयोग कर्ताका रूपमा देखिन्छन् । त्यसै गरी उनले कतिपय ठाउँमा नेपाली झर्रा शब्दको प्रयोग पनि गरेका छन् । तत्सम, तद्भव, आगन्तुक  र नेपाली झर्रा शब्दको सम्मिश्रण प्राप्त रूप नै उनका निबन्धहरुको भाषामा देखिएकाले उनी सरल, सरस  भाषाशैलीको प्रयोग गर्ने निबन्धकारका रुपमा उभिएका छन् ।

खरेलद्वारा रचित निबन्धहरूले शैलीगत प्रस्तुतिमा नवीनता थपेको पाइन्छ । निबन्धभित्र कोष्ठक चिन्ह, उद्धरण चिन्ह, योजक चिन्ह र प्रश्नवाचक चिन्हको प्रयोगले थप तार्किक, प्रामाणिक र वस्तुगत बनाउने कार्य गरेको छ । आफ्नो जीवन भोगाइका अनुभव, अनुभूति र

घटना परिघटनाहरूलाई वस्तुपरक रागमा रङ्ग्याएर पनि सामाजिक र सार्वाभौमिक बनाउन खोज्नु खरेलको निबन्ध रचनाको मौलिक पहिचान हो ।

## ५.२ आधुनिक नेपाली निबन्धमा रुद्र खरेलको योगदान

रुद्र खरेल निबन्धको विकास क्रममा आधुनिक कालको तेस्रो चरणदेखि देखापरेका हुन् । निबन्धमा उनी २०२५ सालदेखि झापाबाट प्रकाशित हुन थालेको मार्क्सवादी विचारलाई ग्राह्यता दिने **पञ्चामृत** पत्रिकामा प्रकाशित 'नमस्ते' शीर्षकको निबन्धबाट उनको औपचारिक निबन्धयात्राको थालनी भएको हो । खरेल चालिसको दशकपछि यही विधालाई लेखनको मूल विधा बनाई निबन्ध लेखन गरेर निबन्ध साहित्यमा स्थापित भएका स्रष्टा समेत हुन् ।

नेपाली समाजका विभिन्न पक्षहरूका विकृति तथा विसङ्गतिलाई हास्यव्यङ्ग्यात्मक पारामा निबन्ध लखेन गर्ने खरेल निबन्ध साहित्यका एक उल्लेखनीय निबन्धकारका रूपमा उभिएका छन् । सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, भौगोलिक आदि क्षेत्रभित्र अन्तर्निहित विकृतिका पक्षहरूलाई खोतलेर यथार्थ रूपमा हास्यमिश्रित रङमा प्रस्तुत गरेर उनले यस चरणलाई सशक्त बनाएका छन् ।

नेपाली हास्यव्यङ्ग्य निबन्धलेखनको आधुनिक कालका पछिल्लो चरणका उल्लेखनीय स्रष्टाका रूपमा रुद्र खरेल परिचित छन् । २०१७ सालपछि नेपाली हास्यव्यङ्ग्य निबन्धलेखनलाई केशवराज पिँडाली, भैरव अर्यालजस्ता व्यक्ति प्रतिभाहरूले सशक्त रूपमा अघि बढाएका थिए भने यस अवधिमा रामकुमार पाँडे, कृष्णचन्द्रसिंह प्रधान, श्याम गोतामे, नेरेन्द्रराज पौडेल, चोलेश्वर शर्मा, खगेन्द्र सङ्ग्रौला आदि हास्यव्यङ्ग्य निबन्धकारहरूले देशभित्र र बाहिरका अनेक खराब पक्षमाथि तीव्र प्रहार गर्दै आफूलाई स्थापित तुल्याएका छन् । त्यसैगरी २०४६ सालपछि हास्यव्यङ्ग्य निबन्ध क्षेत्र अझै गतिशील बनेर देखापरेको छ । यस समयमा राजेन्द्र सुवेदी, विष्णु प्रभात, लक्ष्मण गाम्नागे, नरेन्द्रराज पौडेल आदि निबन्धकारहरूकै समकालीन निबन्धकारका रूपमा रुद्र खरेलको आगमन भएको पाइन्छ । २०४० को दशकदेखि व्यङ्ग्यलेखनमा सक्रिय रहेका खरेल सशक्त हास्यव्यङ्ग्य निबन्धकारका रूपमा आफूलाई स्थापित तुल्याउने स्रष्टा हुन् ।

वि.सं. २०२५ मा झापाबाट प्रकाशित हुने प्रगतिवादी विचारधारालाई विशेष मान्यता दिने **पञ्चामृत** पत्रिकामा **नमस्ते** शीर्षकको निबन्ध प्रकाशन गरेर खरेले निबन्ध लेखनकार्य

आरम्भ गरेका हुन् । यसपछि केही समय निबन्ध लेखनमा शिथिलता आएको देखिन्छ । २०४० को दशकसँगै हास्यव्यङ्ग्य निबन्ध लेखनलाई प्रमुख थलो बनाँउदै उनले जीवनपर्यन्त निबन्ध लेखनलाई सशक्तताका साथ अघि बढाएको देखिन्छ । उनले आफ्नो जीवन-अवधिमा जति निबन्ध लेखे ती निबन्धहरू मार्फत सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा रहेका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै सुधारको अपेक्षा समेत गरेका छन् । उनले आफ्ना निबन्धमा प्रगतिवादी विचारधारालाई ग्रहण गर्दै बढो कलात्मकताका साथ प्रस्तुत गरेका छन् । निबन्धकार रुद्र खरेलका प्रारम्भिक निबन्धहरू विशेष गरी पञ्चायती व्यवस्थामा देखिएको शाहीशासनको चरम निरङ्कुशता तथा २०४६ सालको जनआन्दोलन पश्चात् नेपाली राजनीतिका कारण नेपालमा देखापरेका सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक क्षेत्रमा पसेका खराब प्रवृत्तिप्रति तीव्र रोष प्रकट भएको पाइन्छ । यी निबन्धमा पञ्चायती र शिशु प्रजातन्त्रकालीनि कुरूप राजनैतिक सामाजिक यथार्थमाथि प्रहार गरिएको छ । वि. सं. २०५० पछिका निबन्धमा नेपाली समाजको यथार्थलाई अझ गहिरो ढङ्गले हेर्ने कार्य गरेका छन् । सामन्तीवादी पुँजीवादी शासन व्यवस्थाद्वारा उत्पन्न गरिएको खराब प्रवृत्तिप्रति तीव्र रोष प्रकट गरेका छन् । बहुदलीय प्रजातन्त्रकालीन सरकार, पार्टीहरू र तिनका नेताहरूका माध्यमबाट राजनीतिक मूल्यमान्यतामा आएको ह्रासप्रति बज्रमुक्का प्रहार गरिएको छ । २०५८ पछिका निबन्धमा नेपालको राजनीतिमा माओवादी जनयुद्धले चरमरूप ग्रहण गरेको र त्यसलाई दमन गर्ने नाममा सरकारले सङ्कटकाल घोषणा गरी निर्मम व्यवहार गरेको, शाही सरकारको आगमन र त्यसको चरमरूप तथा लोकतान्त्रिक गणतन्त्रसँग सम्वन्धित विभिन्न विषयवस्तुलाई अन्तर्वस्तु बनाएर निबन्ध रचना गर्ने कार्य गरेका छन् ।

विविध विषयवस्तुको गहण गर्दै विभिन्न क्षेत्रका विकृति र विसङ्गतिप्रति धारिलो व्यङ्ग्यबाण हान्ने खरेलले राजनैतिक व्यङ्ग्य, देशभक्ति र राष्ट्रिय चिन्तनलाई समेत निबन्धमार्फत व्यक्त गरेका छन् । मानवीय विसङ्गति, शैक्षिक, बौद्धिक विसङ्गति जस्ता विषयवस्तु समेत ग्रहण गरेर निबन्ध लेखन गरेका खरेलले आर्थिक क्षेत्रभित्र प्रवेश गरेको जनविरोधी पक्षप्रति उच्च रोष प्रकट गरेक छन् ।

प्रगतिशील वैचारिक चिन्तनलाई अँगालेर निबन्ध लेखन गर्ने खरेलले सम्पूर्ण क्षेत्रका तमाम विकृतिहरूलाई हटाउँदै स्वच्छ, सबल, र जनहितकारी लोकतान्त्रिक समाजको स्थापना गर्न समग्र क्षेत्रका नागरिकहरूले आफ्ना दुष्प्रवृत्ति, स्वार्थ, लोभ, गलत विचार र खराब बानी

व्यहोरा त्यागेर आजैदेखि लागि पर्नु पर्ने यथार्थ चित्रहरू निबन्धमा व्यक्त गरेका छन् । काम नलाग्ने नेता, अबोध जनता, जाली फटाहा, शिक्षा क्षेत्रमा देखिएका नराम्रा पक्षहरू, मुलुकको बिग्रदाँ अवस्था, नेताको स्वार्थीपना, आर्थिक दूरावस्था, छलकपट, र धोका, सामन्तीराज्य सत्ता र यसका पृष्ठपोषकले गरेका अत्यचार, पञ्चायती व्यवस्थाको दमन र हत्या नीति, सामाजिक सांस्कृतिक क्षेत्रका विकृतिमाथि तीक्ष्ण प्रहार गरिएको पाइन्छ ।

खरेलका निबन्ध सङ्ग्रहले बहुदलीय प्रजातन्त्रकालीन सरकार, पार्टीहरू र तिनका नेताहरूका माध्यमबाट भित्रिएको गलत प्रवृत्ति राजनैतिक मूल्य र मान्यतामा आएको ह्रास, खसी बोकाझैं सांसद र मन्त्रीहरू किनबेच हुने परिपाटी आदि विकृत पक्षहरूको उद्घाटन र तिनमाथिको कठोर व्यङ्ग्य प्रहार गरेका छन् । सामन्ती पुँजीवादी शासन व्यवस्थाद्वारा सिर्जित उत्पीडनमय अवस्थाको अङ्कन, भ्रष्ट हुँदै गएका अवसरवादी चरित्र, अर्थहीन र बकम्फुसे कुरा गरेर देश र जनतालाई ठग्ने प्रवृत्ति, यथास्थितिवादी, शोषणधर्मी र सामन्तीवादी व्यवस्थालाई टिकाइराख्न मरिहत्ते गर्नेहरू, देश र जनताप्रति कर्तव्य बिर्सेका अवसरवादी साहित्यकार, चिन्तकहरू, देशलाई निखार्ने राष्ट्रघाती जनघातहरूप्रति तीखो बज्रमुक्का प्रहार गर्ने जोसिलो कार्यसमेत उनले निबन्धमार्फत गरेका छन् । सदाचार, नैतिकता, नियम, कानुन र आदर्श सबै नैतिक मूल्यमान्यतालाई लत्याँउदै आफ्नो घ्याम्पे भुँडी मात्र फैलाउने र जनतालाई दमन गर्ने, मिच्ने र थिच्ने आदि गलत प्रवृत्तिहरूको उद्घाटनसमेत उनका निबन्धमा भएको छ ।

विषयवस्तु प्रयोगमा विविधता, राजनैतिक, सामाजिक, मानवीय व्यक्ति विसङ्गति, सामन्ती र शोषक वर्गले निम्त्याएको अवस्थाभित्र अन्तर्निहित विकृति विसङ्गतिको चिरफार, असक्षम प्रशासनले ल्याएको राष्ट्रियतामाथिको खतराप्रति व्यङ्ग्य, कानुनका क्षेत्रमा विद्यमान खराब पक्ष, साहित्यका क्षेत्रमा रहेका विकृत पक्षलाई सशक्तताका साथ औंल्याउने कार्य उनले निबन्धहरूमा गरेका छन् । लैङ्गिक असमानता र स्त्रीपीडक समाजमाथि उनले तीब्रताका साथ प्रहार गरेका छन् । सांस्कृतिक विषयवस्तुको प्रयोग गरिएका निबन्धले नेपालमा भित्रिँदै गएको खराब संस्कारको विरोध गरेका छन् । शैक्षिक जगत्मा समेत अनेकानेक विकृत पक्षको प्रवेश भएको र त्यसको निराकरण हुन नसकेको कुरा उनले नैबन्धिक विषयवस्तुको रूपमा प्रयोग गरेका छन् । समाजका विसङ्गति मुलुकका पीडा, मानवीय क्षुद्रता, राजनीतिक विद्रूपता, असमानता र व्यक्ति मनसायको अन्त्य गर्दै सुसङ्गत, स्वच्छ र सुसंस्कृत समाज तथा आदर्श व्यक्तिको विकास, लोकतान्त्रिक राज्यव्यवस्थाको स्थापना, लैङ्गिक समानता, शोषण सामन्ती

संस्कारबाट मुक्ति, प्रगतिशील साहित्य सिर्जनाको कामनाजस्ता महत्त्वपूर्ण वैचारिक चिन्तन उनका निबन्धमा मुखरित भएको पाइन्छ । प्रगतिवादमा विश्वास राख्ने हुँदा विसङ्गत यथार्थको विरोधमा सुसङ्गत यथार्थको निर्माण गर्ने लक्ष्य उनको रहेको देखिन्छ । विसङ्गतिजन्य क्षेत्रका सबै चिन्तन नष्ट नगरी मुलुकमा सङ्गतिपूर्ण सामाजिक परिपाटीको स्थापना नहुने वैचारिक चिन्तन प्रकटीकरण भएको देखिन्छ ।

२०५८ सालपछि नेपालको राजनीतिमा माओवादी जनयुद्धले चरमरूप ग्रहण गरेको र त्यसलाई दमन गर्ने नाममा सरकारले सङ्टकाल घोषणा गरी देशव्यापी आतङ्क सिर्जना गरेको एवं दोहोरो मारमा परेर सर्वसाधारण जनताले भोग्नुपरेको असह्य पीडा अनि प्रारम्भिक अभ्यास र २०६१ को शाहीप्रतिगमन पूर्ण अभ्यास र शाहीप्रतिगमन विरुद्ध संसदीय पार्टीहरू र जनयुद्धरत माओवादी बीचको १२ बुँदे सहमति अनि त्यसैका बलमा थालिएको २०६२/०६३को लोकतान्त्रिक गणतन्त्रात्मक आन्दोलन आदिलाई समेत उनले निबन्धमार्फत व्यक्त गरेका छन् । युद्धको विरोध, दरबारिया शाहीप्रतिगमनप्रति आक्रोष र जनविद्रोह वा जन आन्दोलनमा जोड दिने खालका निबन्धहरूको रचना समेत उनले गरेको देखिन्छ । २०५८ सालपछि नेपालको अवस्था जटिल बन्दै गएका कारण रुद्र खरेलका निबन्धमा अझ हास्य कम र व्यङ्ग्यको प्रभाव बढी देखापर्दछ । यसले राष्ट्रिय समस्याका रूपमा प्रकट भएका नवीन सवाल एवं सन्दर्भलाई बौद्धिक ढङ्गले गम्भीर तवरमा व्यङ्ग्यात्मक प्रहार गरेका छन् । निबन्धहरूले न्यायालयको गिर्दो अवस्था, धार्मिक, आडम्बरी चरित्र, खस्कँदो मानव अधिकार आदि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् ।

निबन्धकार खरेलले शैक्षिक, राजनैतिक, मानवीय विसङ्गति, सामाजिक न्यायिक, प्रशासनिक क्षेत्रमा विद्यमान विकृति विसङ्गतिमाथि चोटिलो प्रहार गर्दै कानुनको अकर्मण्यता, घुसतन्त्रमा अडिएको राजनीति तथा प्रशासनिक राज्यव्यवस्थाका कुरूपता, मातृभूमिप्रति गद्धार लठैत बुद्धिजीवी, राष्ट्रिय ढुकुटी रित्याउने नेता, देशमा द्वन्द्व चर्काउने र हिंसा बढाउने हत्यारा मनोवृत्तिको मानव जत्था, मानव अधिकारमाथि धावा बोल्ने अनैतिक व्यक्ति, जनदमनकारी निरङ्कुश राज्यसत्ता र सामाजिक शैक्षिक तथा समग्र क्षेत्रका गलत प्रवृत्तिप्रति हास्यसँगै व्यापक प्रहार गरेका छन् । मुलुकमा गम्भीर र जल्दाबल्दा समस्यामाथि राजनीतिक तथा प्रशासनिक विकृति, विद्रूपता र छाडापनमाथि उपहास गर्दै श्रमजीवीको थाप्लामा रजाईं गर्नेहरू, जन्मभूमिप्रति उदासीनहरू, अरूको कुरा काटी दिन बिताउनेहरू, अर्धमानवीय मूल्य भएका

लघुमानवहरू, कलासाहित्यका धमिराहरू तथा जनदमनकारी निरङ्कुश सत्ताधारीहरूमाथि खरो व्यङ्ग्य गरेका छन् । मुलुकमा समग्र विकृति हटाई सुन्दर र प्रगतिशील समाजको निर्माण, दरबार हत्याकाण्ड, क्रान्ति दबाउन खोज्ने शासकीय कृत्य, वाक्स्वतन्त्रताको हनन, लैङ्गिक, विविधता, बोली र व्यवहारको असमानता, व्यक्तिमा देखिने हतारो प्रवृत्ति, आयोगको प्रतिवेदनको वेवास्ता, भ्रमपूर्ण विधान तथा सामन्ती संस्कारका छोटे राजाहरूको कार्यशैलीलाई विषयवस्तु बनाएर उनले निबन्ध रचना गरेका छन् ।

व्यक्ति, समाज, शाहीशासनका गलत कृत्य, राजनीति, शिक्षा आदि जस्ता विविध क्षेत्रका बाह्य र आन्तरिक विकृति र विसङ्गतिमाथि प्रहार गरी आमूल परिवर्तनको अपेक्षा राख्दै हास्यलाई उपकरणका रूपमा मात्र प्रयोग गरेका छन् । हास्यको उद्देश्य मनोरञ्जन सिर्जना गर्नु हो र व्यङ्ग्यको उद्देश्य सबै प्रकारका विसङ्गत पक्षको उत्खनन गरी शक्तिशाली शब्दबाणद्वारा तिनमाथि निर्ममतापूर्वक प्रहार गर्नु हो र समाजलाई सही मार्गमा हिड्न समेत प्रेरित गर्नु उनको निबन्ध लेखनको मूल कला हो ।

पत्रात्मक, वर्णनात्मक, संवादात्मक विवरणात्मक, प्रतीकात्मक, तीब्र हास्यव्यङ्ग्यात्मक, समालोचनात्मक आदि शैलीको प्रयोग गरेर खरेलले विषयवस्तुभित्र भाव र कलाको संयोजन गरेर निबन्ध रचना गरेका छन् । आत्मपरक, संवोधनात्मक र लोककथात्मक शैली अँगाल्दै उखान-टुक्काको समुचित प्रयोग गरेर लेखिएका खरेलका निबन्धहरू बढी वजनदार बन्न पुगेका छन् । उपमामूलक र दृष्टान्तमूलक अलङ्कारको प्रयोगबाट उनका निबन्धले उच्चता प्राप्त गरेका छन् ।

शिल्पशैलीका दृष्टिले मात्र होइन वैचारिक कोणबाट समेत निबन्धहरू उच्च छन् । सामाजिक यथास्थितिको आलोचना गर्न, समुन्नत, समतामूलक, समृद्ध र वैज्ञानिक सामाजिक संरचनाको अपेक्षा गर्नु अनि त्यसको निर्माणका लागि गरिने क्रान्तिकारी यन्त्रको औजारका रूपमा आफ्ना रचनाहरूलाई प्रस्तुत गर्न उनी सफल छन् । समाजको आमूल रूपान्तरण आवश्यक छ भन्ने विचार व्यक्त गरेका छन् । हाम्रो मुलुकमा राज्यसत्ता र मानवसमाज पछौटे हुनुमाा कर्तव्यनिष्ठ र आदर्श व्यक्तिको अभावले गर्दा नै हो भन्ने वैचारिक चिन्तन उनका निबन्धहरूले प्रस्तुत गरेका छन् ।

## ५.३ निष्कर्ष

रुद्र खरेलको **तेस्रो आँखा** निबन्ध सङ्ग्रहको अध्ययन गर्दा उनका प्रमुख निबन्धात्मक प्रवृत्तिहरूमा व्यङ्ग्यात्मकता, सामाजिकता, राष्ट्रवादी चेत, ऐतिहासिक चित्रण, परिवर्तनको चाहना, विषयगत विविधता र सरल भाषाशैलीको प्रयोग रहेका छन् । आधुनिक नेपाली निबन्धको तेस्रो चरणदेखि निबन्ध क्षेत्रमा कलम चलाउने खरेलले समाजका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, भौगोलिक आदि क्षेत्रका विकृतिहरूमाथि व्यङ्ग्य प्रहार गरेका छन् । विविध विषयवस्तुको ग्रहण गरेर निबन्ध रचना गर्ने खरेल खास गरी यस सङ्ग्रहका निबन्धमार्फत २०५८ सालपछिको नेपाली समाजका साथै राजनीति क्षेत्रमा देखिएका विसङ्गतिलाई पनि उदाङ्गो पार्ने काम गरेका छन् । पत्रात्मक, वर्णनात्मक, संवादात्मक, विवरणात्मक, प्रतीकात्मक, तीव्र हास्यव्यङ्ग्यात्मक जस्ता शैलीको प्रयोग गरेर निबन्ध रचना गर्ने खरेलले विषयवस्तुभित्र भाव र कलाको संयोजन गरेर निबन्धहरूलाई थप प्रभावकारी, रोचक र घोचक बनाएका छन् । वैचारिक कोणबाट समेत उनका निबन्धहरू उच्च मूल्य बोकेका छन् । समाजको आमूल परिवर्तनको चाहना राख्ने खरेल आधुनिक नेपाली निबन्धका क्षेत्रमा एक विशिष्ट निबन्धकारका रूपमा स्थापित निबन्धकार हुन् ।

# अध्याय : छ

# उपसंहार

नेपालाको सुदूरपूर्वी जिल्ला पाँचथरको फलैंचा भन्ने गाँउमा स्व. देवीचरण खरेल र माता भक्तिमायाका कान्छा सन्तानका रूपमा रुद्र खरेलको जन्म २००४ साल भदौ १८ गते भएको थियो । सामान्य किसान परिवारमा जन्मिएका खरेलका पिता कमजोर आर्थिक अवस्थाका कारण समग्र परिवार लिएर दार्जिलिङ बसाइँ सरे । उक्त बसाइँसमेत सहज हुन नसकेका कारण एक डेढ वर्ष जति त्यहाँ बसेर उनी पुनः परिवार लिएर नेपाल फर्किई इलाम आई बसोबास गर्न थाले । इलाम बसाइँकै सन्दर्भमा २००८ सालमा उनका पिताको देहावसान भयो । बाल्याकालमै पिता गुमाउन पुगेका खरेलले निकै दुःख सहनु परेको देखिन्छ । पिताको देहावसान पश्चात् परिवारिक दायित्व आमाको काँधमा आइपऱ्यो । इलाममै बसेर पारिवारिक दायित्व धान्न कठिन पर्ने भएकाले उक्त परिवारले इलामबाट झरेर झापाका विभिन्न स्थानमा पटक-पटक बसाइँ सर्दै २०११ सालतिर झापाको शनिश्चरेको कालीथानमा आएर स्थिरता प्राप्त गर्दछ । रुद्र खरेल ११ वर्षको हुँदा २०१५ सालमा उनकी आमाको समेत मृत्यु हन्छ । बाल्य अवस्थामै आमाबाबु गुमाउन पुगेका खरेलको बाल्य जीवनी अत्यन्त कारुणिक र जटिल रहेको पाइन्छ ।

इलामको बर्फल्याङ गाउँबाट अक्षरारम्भ गरेका खरेलले १२ वर्षको उमेरतिर धुलावारी बजारको प्राथमिक विद्यालयको १ कक्षामा भर्ना भए तर आमाको मृत्युका कारण उनको अध्ययन केही वर्षसम्म थन्किन पुग्यो र पछि एकै चोटि २०१७ सालमा ४ कक्षामा भर्ना हुने अवसर प्राप्त गरे । विभिन्न कारुणिक अवस्थाहरूसँग सङ्घर्ष गर्दै भए पनि उनले २०२४ सालमा शनिश्चरे हाइस्कुलबाट एस.एल.सी पास गरे । २०२६ सालमा मेची क्याम्पसबाट आइ.ए. पास गरे । अध्ययनका सन्दर्भमा समाचार सुन्ने, पत्रपत्रिका पढ्ने र वामपन्थी विचारको गहिरो अध्ययन गर्ने कार्यमा संलग्न रहेका खरेलले २०२८ मा मेची क्याम्पसबाटै बी.ए. पास गरे । तत्कालीन पञ्चायती व्यवस्थाको खरो विरोध गरेका कारण जेल जीवन बिताउन बाध्य भए पनि उनले काठमाडौँको नख्खु जेलमा बन्दी भएका समयमा

२०३४ सालमा नेपाली विषयमा एम्.ए. पास गरे । यसरी खरेलको औपचारिक शिक्षा स्नातकोत्तर उत्तीर्ण गरेपछि टुङ्गिन्छ ।

हिन्दु धर्मको मान्यता अनुसार २००५ साल माघ २९ गते गजप्रसाद थपलिया र माता दीप कुमारी थपलियाकी जेठी सुपुत्रीका रूपमा जन्मिएकी नीरा थपलियाका साथ उनको विवाह २०२९ सालमा सम्पन्न भयो । २०३१ सलादेखि २०४२ सालसम्मको अवधिमा उनका ४ छोराहरू र २ छोरीहरूको जन्म भएको देखिन्छ । तर उनका केही छोराहरूको जन्मँदै र कसैको केही वर्ष बाँचेर मृत्यु भएको पाइन्छ । हाल उनका २ छोरीहरू मात्र रहेका छन् ।

कार्यक्षेत्रका सन्दर्भमा उनको प्रमुख क्षेत्र शिक्षण पेसा भएको देखिन्छ । उनले २०२८ सालदेखि २०३० सालसम्म झापाको गौरादहमा रहेको जनता मा.वि. मा अध्यापन गराएको देखिन्छ भने २०३५ साल श्रावणदेखि २०६२ सालसम्म नेपाल ल क्याम्पस र २०६२ जेठदेखि पाटन बहुमुखी क्याम्पसमा प्राध्यापन गरेको देखिन्छ । त्यसैगरी काठमाडौ स्कुल अफ ल क्याम्पसमा पनि प्राध्यापन गराएका थिए । उनले मुना साहित्य सेवा समिति शनिश्चरे झापाद्वारा प्रकाशित सामूहिक सङ्कलन **पञ्चामृत** (२०२५), **उत्साह**, **वेदना** जस्ता पत्रिकाको सम्पादन समेत गरेको पाइन्छ । त्यसैगरी **कानुन परिचर्चा** र **आन्दोलन कविता** सङ्ग्रहको सम्पादन गरेका खरलले ४० को दशकका **केही प्रगतिशील कविताहरू** तथा **आन्दोलन कविता सङ्ग्रह**को सम्पादन समेत गरेका छन् । सामाजिक उन्नति र उत्थानका निमित्त विभिन्न संघ संस्थाहरूमा संलग्न रही खरेलले सामाजिक कार्यमा समेत आफूलाई उभ्याएको पाइन्छ ।

राजनैतिक क्षेत्रमा उनको संलग्नतालाई हेर्दा बामपन्थी राजनैतिक चेतनाबाट प्रभावित खरेलले २०२५ सालदेखि राजनीतिक क्षेत्रमा प्रवेश गरेको देखिन्छ । २०२७ साल पछि नक्सालवादी अराजक चिन्तनबाट प्रभावित एउटा छुट्टै समूह तयार भए पनि खरेलले संस्थापन पक्ष ने.क.पा. पूर्व कोशीको क्षेत्रीय समितिको संयोजक बनेर साङ्गठनिक तथा वैचारिक नेतृत्व समेत समालेका थिए । तत्कालीन पञ्चायती व्यवस्थाको विरोध गरेको आरोपमा उनले २०३० देखि २०३४ सालसम्म जेल जीवनसमेत भोग्नु परेको पाइन्छ । यसै गरी २०४६ सालको जनआन्दोलमा समेत उल्लेखनीय भूमिका निभाएका खरेलले २०६२/६३ को जन

आन्दोलनमा सशक्तताका साथ सहभागी भएका कारण उनले एक महिना जेलजीवन समेत भोग्नु परेको देखिन्छ । प्राध्यापन पेसामा संलग्न रहे पनि उनले राजनीतिक क्षेत्रमा समेत आफ्नो उपस्थितिलाई सशक्त बनाएका थिए । जीवनको अन्तिम समयमा ने.क.पा. एकीकृत एकता केन्द्र मसाल र ने.क.पा. माले विभाजित भई बनेको ने.क.पा. (एकीकृत) का केन्द्रीय सदस्य भएको पाइन्छ । राजनीतिक क्षेत्रमा आफ्नो उल्लेखनीय भूमिका भए पनि उनी विशेषेतः साहित्य सिर्जनामा सुपरिचित हुन पुगेका छन् । साहित्य सिर्जनाका क्षेत्रमा विद्यार्थीकालदेखि नै सक्रिय रहेका खरेलले २०२२ सालदेखि कविता विधाबाट साहित्य यात्रा आरम्भ गरेका भए पनि निबन्ध विधामा उनले विशेष सफलता प्राप्त गरेका छन् । साहित्य-सृजनामा सशक्तताका साथ योगदान पुऱ्याएका कारण विभिन्न पुरस्कारद्वारा सम्मानित बनेका खरेल चिन्तन र चरित्रमा सङ्गति भएका स्रष्टा हुन् ।

रुद्र खरेलका व्यक्तित्वका अनेक पाटाहरू रहेको देखिन्छ । स्वाभावजन्य व्यक्तित्वका हिसाबले नम्र, मिलनसार, गम्भीर, सहयोगी र स्पष्ट वक्ता खरेल लेखकीय व्यक्तित्वमा कवि, निबन्धकार, भूमिकामूलक, जीवनीलेखक, समालोचक व्यक्तित्वका रूपमा परिचित हुनपुगेका छन् । त्यसैगरी सामाजिक, शिक्षक, प्रकाशक, सम्पादक व्यक्तित्वका रूपमा समेत आफूलाई चिनाएका छन् । विभिन्न व्यक्तित्वका पाटाहरू विकास गराउन समर्थ तथा प्रगतिवादी साहित्यका एक सशक्त प्रतिभा खरेलको २०६४ सालमा मृत्यु भएको हो ।

साहित्य-सिर्जनालाई मुख्य लेखनक्षेत्र बनाउने उनको **छोरीलाई** (२०४७) नामक कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ । प्रस्तुत कविता सङ्ग्रहमार्फत उनले विशेषतः पञ्चायती क्रूरतापूर्ण व्यवहारको प्रतीकात्मक प्रस्तुति गरेका छन् । उनले कविता विधाबाट साहित्ययात्रा आरम्भ गरेका भए पनि उनी निबन्ध विधामा विशेषतः सुपरिचत हुनपुगेका छन् । उनका निबन्धात्मक कृतिहरूमा **तपाईंको नाम के हो** ?(२०४९) ,**तोरीलाहुरे चोकमा एकछिन**(२०५२), **बिर्सिस्यो कि** ?(२०५७), **आषाढस्य प्रथमदिवसे** (२०५९), **तेस्रो आँखा** (२०६१), **शब्दको भ्वाङ** (२०६४) गरी जम्मा ६ वटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । प्रस्तुत निबन्धात्मक कृतिहरूमा उनले सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा व्याप्त

विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् । हास्यपूर्ण शैलीमा आमूल परिवर्तनकामी चाहना उनले निबन्धहरूमार्फत व्यक्त गरेका छन् ।

हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेलले **तेस्रो आँखा** निबन्ध सङ्ग्रहमासर्फत खास गरी सामाजिक संरचनाका रहनसहन, मानमर्यादा, आस्था र सद्भाव जस्ता पक्षभित्र विद्यमान अनेकन विकृत अवस्थाहरूमाथि तीव्र व्यङ्ग्यात्मक झटारो हानेका छन् । परम्परागत उचित संस्कारको जगेर्ना गर्नुको सट्टा भौतिकवादी बन्ने चाहनाले गलत प्रवृत्तिको विकार गरेको पक्षप्रति खरेल रुष्ट बनेर देखापरेका छन् । सहरिया परिवेशमा गलत आचरणमाथि उनले आक्रोश पोखेका छन् । सामाजिक अन्धविश्वास र समाजभित्रको वर्गीय असमानताका कारण समाजमा शोषण दमनपूर्ण परिस्थिति रहेको र त्यसको विरोध नै उनका निबन्धले गरेका छन् । महिला-महिलाबीचको असहिष्णु व्यवहारले महिला नै महिलाको प्रगतिको बाधक बनेको अस्तव्यस्तपूर्ण सामाजिक जीवन प्रणालीलाई उनले निबन्धमार्फत चित्रण गरेका छन् । आफ्नो नामको खाम लगाएर बिना योगदान आफू परिचित हुन चाहने मान्यताले समाजमा व्यापकता छाएको विकृत अवस्थाको चित्रण गर्नका साथै पितृसत्तात्मक सामाजिक संरचनाको समेत घोर विरोध गरिएको पाइन्छ ।

राजनैतिक क्षेत्रमा देखिएका विसङ्गतिपूर्ण अवस्थाको चित्रणमा उनले व्यङ्ग्यात्मक अभिव्यक्ति प्रणाली अपनाएको देखिन्छ । पञ्चायती शासनव्यवस्थामा सर्वसाधारण जनताले भोग्नुपरेका पीडा र त्यस विरुद्ध भएको जन-आन्दोलको उत्कर्षताको चित्रण समेत निबन्धहरूले गरेका छन् । प्रजातन्त्रको आगमनपछि नेताहरू प्रजातन्त्रको आगमनपछि नेताहरू प्रजातान्त्रिक मूल्यको संरक्षण गर्न पट्टी नलागी नेताहरूमा सत्ताव्यभिचार हाबी भएको पक्षको उद्घाटन गरिएको देखिन्छ । सरकार सञ्चालक नेताहरूमा सत्ता-व्यभिचार हाबी भएको पक्षको उद्घाटन गरिएको देखिन्छ । सरकार सञ्चालक नेताहरूमा वैयक्तिक स्वार्थमा चल्ने प्रवृत्तिको विकासको तीव्र विरोध गरिएको छ । राजनैतिक परिवेशमा देखिएको अनियमितता माओवादी जनयुद्ध आरम्भ भएको र सरकार र माओवादीबीचको भीडन्तले सर्वसाधारण जनतामा आएको पीडाको मर्मबोध उनका निबन्धले अभिव्यञ्जित गरेका छन् । समतामूलक राज्यसञ्चलनको अपेक्षासहित आफ्ना निबन्धहरूमा व्यङ्ग्य प्रहार गरेको देखिन्छ । त्यसैगरी उनका निबन्धमा मानवीय व्यक्ति

विसङ्गतिमाथि तीव्र व्यङ्ग्य प्रहारसमेत गरेको पाइन्छ । समाजमा आफ्नो मैमत्ता देखाउने प्रवृत्तिले गर्दा एउटा व्यक्तिले अन्यलाई होच्याउने आचरणको विकास भएको खराब पक्षको विरोध उनले यस निबन्ध सङ्ग्रहका निबन्धमार्फत उद्घोष गरेका छन् ।

सामाजिक, राजनैतिक तथा मानवीय विसङ्गतिपूर्ण उतारचढाबका अतिरिक्त प्रशासनिक वेथितिको चित्रण गर्नुका साथै नेपालको प्रशासनिक संयन्त्र सुधार हुनु पर्ने वैचारिकता समेत प्रकटीकृत भएको पाइन्छ । आर्थिक क्षेत्रभित्रको बेरुजु, सञ्चार क्षेत्रभित्रको गुणस्तरहीन उत्पादन, गैरसरकारी संस्थाका पैसामुखी आयोजनाहरू र मानव अधिकारको ह्रासोन्मुख अवस्था साथै साहित्य क्षेत्रभित्र देखिएको वैचारिक अडानमा विचलनशीलता जस्ता विषयप्रति निबन्धकारले चासो राखेका छन् भने सुधारको अपेक्षा सहित उच्च व्यङ्ग्यात्मक अभिव्यक्ति समेत दिएका छन् । सामाजिक दुर्गन्ध, सांस्कृतिक कुरूपता, धार्मिक रुग्णताका साथै राष्ट्रिय र अन्तर्राट्रिय परिवेशमा फैलिएको दूराचारलाई समेत निबन्धहरूले विषयवस्तुको रूपमा प्रयोग गरेको देखिन्छ ।

निबन्धकार रुद्र खरेलले निबन्धहरूमा सहज, सरल, स्पष्ट, बोधगम्य भाषाशैलीको प्रयोग गरेका छन् । वर्णनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, विवरणात्मक, कथात्मक, आत्मपरक, वस्तुपरक, स्वैरकल्पनात्मक,, सम्बोधनात्मक शैलीको अयोजनाबाट उनले विषयवस्तुको प्रभावकारी ढङ्गले प्रस्तुतीकरण गरिएको पाइन्छ । अनुप्रासीय शब्दसंयोजनको कुशलता निबन्धमा पाइन्छ । विषयवस्तुको प्रस्तुत गर्दा कतै आँफैले निर्माण गरेका तथा कतिपय ठाँउमा अन्य कविद्वरा निर्मित कवितात्मक अंशहरूको प्रयोगले निबन्धहरूलाई अझ रोचक बनाएको छ । विभिन्न सन्दर्भका संस्कृत, नेपाली, हिन्दी र अङ्ग्रजी गीत, कविता अनि तुकबन्दीयुक्त उद्धरणहरूको प्रस्तुतिले उनका निबन्धहरू अझ रोचक, घोचक र प्रभावपूर्ण बनेको देखिन्छ । उपमामूलक, दृष्टान्तमूलक र बक्रोक्तिमूलक कथन ढाँचाबाट मूल कथ्यलाई निष्कर्षमा पुऱ्याउन खरेल सफल भएको देखिन्छ । उनका यस सङ्ग्रहका निबन्धहरूमा हास्यपूर्णशैलीमा विभिन्न क्षेत्रका विकृति र विसङ्गतिमाथि तीक्ष्ण व्यङ्ग्य प्रहार गरिएको छ । विभिन्न स्रोतका शब्दहरूको प्रयोग गर्नुका साथै उचित स्थानमा उखान र टुक्काको प्रयोगले निबन्धहरू अझ प्रभावपूर्ण बनेको देखिन्छ । सामाजिक, धार्मिक, राजनैतिक अनि राष्ट्रिय र अन्तराष्ट्रिय र

मिथकीय बिम्बहरूको आयोजनाबाट सम्बन्धित क्षेत्रभित्रका अड्मिल्दा पक्षमाथि व्यङ्ग्य गर्नसमेत उनी सफल भएको पाइन्छ । सरलता र सरसतामा बाधा नपारीकन नयाँ-नयाँ शब्दको निर्माण गरी आफ्नो प्रयोगात्मक शिल्पको परिचय समेत दिएका छन् ।

हास्यव्यङ्ग्य निबन्धकार निबन्धकार रुद्र खरेल प्रयोजनबद्ध व्यञ्जनात्मक प्रस्तुतिको वैशिष्ट्य अँगालेर यथार्थलाई प्रतीकात्मक भाषामा पुर्नरचना गरेर निबन्ध लेखन गरी त्यसमार्फत सुधारको सन्देश दिने लेखक हुन् । उपर्युक्त विभिन्न विशेषताका आधारमा उनी आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्ध लेखन परम्परामा विशिष्ट स्थान ओगट्न सफल निबन्धकारका रूपमा स्थापित भएका देखिन्छन् ।

# सन्दर्भग्रन्थ सूची


अर्याल, भैरव (सम्पा.), (२०४९), **साझा निबन्ध,** सातौं संस्करण, ललितपुरः साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद, (२०४९), **साहित्यप्रकाश,** पाँचौं: सं., ललितपुरः साझा प्रकाशन ।

खरेल, पुण्यप्रसाद, त्यागी रुद्र खरेल, (२०६५), **शब्दसंयोजन** (वर्ष ५, अङ्क ७, कात्तिक) पृ. ९९-१०२ ।

खरेल, रुद्र, (२०४७), **तपाईंको नाम के हो ?**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

..............., (२०६१), **तेस्रो आँखा, काठमाडौँ** : सहस्राब्दी प्रकाशन प्रा.लि. ।

गौतम, देवीप्रसाद र खगेन्द्रप्रसाद लुइटेल, (२०५४), **नेपाली निबन्ध,** काठमाडौँः नवीन प्रकाशन ।

चापागाईं, नरेन्द्र, (२०५४), रुद्र खरेलको तपाईंको नाम के हो ? को निबन्धकारिता', **वेदना** , (२०५४ असार) पृ. ७८-८० ।

चापागाईं, निनु, (२०६५), 'रुद्र खरेललाई फर्केर हेर्दा' **शब्दसंयोजन** ( वर्ष ५, अङ्क ७, कात्तिक, २०६५) पृ. ३३-४४ ।

थापा, मोहनहिमांशु, (२०४२), **साहित्य परिचय,** दो.सं., ललितपुरः साझा प्रकाशन ।

दाहाल, योगेन्द्रमणि, (२०६५), **नेपाली हास्यव्यङ्ग्य निबन्ध** (२०४६ पछि), प्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि., कीर्तिपुर ।

प्रधान, कृष्णचन्द्रसिंह र अन्य (सम्पा.), (२०५४), **नेवारी, नेपाली, अङ्ग्रेजी शब्दकोष,** काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), (२०४०), **नेपाली बृहत् शब्दकोष,** काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्सिंह, (२०५४), 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य प्राप्ति र पर्यवेक्षण', **मधुपर्क** , (वर्ष ३०, अङ्क ४, भदौ), पृ. ३४-३९ ।

प्रेक्षित, जगत्, (२०६५), 'रुद्र खरेलको निबन्धकारिताको अध्ययन र विश्लेषण', **शब्दसंयोजन** (वर्ष ५ अङ्क ७, कात्तिक २०६५), पृ. ८३-९४ ।

फुयाँल, रामचन्द्र, (२०६२), 'रुद्र खरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि., कीर्तिपुर ।

भट्टराई, घटराज, (२०५६), **नेपाली लेखक कोश,** काठमाडौँः लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

भट्टराई, जयदेव, (२०५४), **साहित्यकार परिचय र अभिव्यक्ति,** काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज **र** खगेन्द्रप्रसाद लुइटेल, (२०५५), **शोधविधि**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

शर्मा, गोपीकृष्ण, (२०५७), **नेपाली निबन्ध परिचय,** एघारौं सं., काठमाडौँः रत्न पुस्तक भण्डार ।

शर्मा, तारानाथ, (२०२७), **नेपाली साहित्यको इतिहास,** काठमाडौँः अक्षर प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, (२०५९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** छैटौँ सं., ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, (२०५६),,**स्नातकोत्तर नेपाली निबन्ध**, ते.सं., काठमाडौँः पाठ्य सामग्री पसल ।

................, (२०५८), **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ते.स., ललितपुर : साझा प्रकाशन ।

................, (२०५८), **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण,** काठमाडौँः पाठ्यसामग्री पसल ।